


पृष्ठ ११ मा

• वर्ष १३ • अंक २८ • काठमाडौं, शुक्रबार, मंसिर १४, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, Nov. 30, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-







# पोखरामा पर्यटकै पर्यटक

**शिव शर्मा**

पोखरा- जता हेऱ्यो उतै पर्यटक । आजभोलि पर्यटन व्यवसायीहरू बेफुर्सदी छन्, कामको चापाचाप छ । पाँच वर्षयता पोखरामा पर्यटक आगमनमा दोब्बरले वृद्धि भएको यसपालि नै हो । त्यही भएर त पर्यटन व्यवसायीहरूले अहिले सास फेर्ने फुर्सद पाएका छैनन् । पर्यटकहरूको वृद्धिले व्यवसायीहरू उत्साहित मात्र छैनन्, अहोरात्र व्यस्त पनि देखिन्छन् ।

व्यवसायबाट नै पलायन हुनुपर्ने सोच बनाएका पर्यटन व्यवसायीहरूमा अहिले आशाको किरण पलाएको छ । लगानी बढाउने मात्र होइन, व्यवसायीहरू होटलको कोठा थप्नुपर्ने अवस्थामा पुगेका छन् । पहिले कर्मचारी कटौती गर्नुपर्थ्यो, अहिले कर्मचारी भर्ना गर्दागर्दै हैरान छन् ।

शान्ति-प्रक्रियासँगै सुरु भएको अनुकूल वातावरणले विदेशी पर्यटकहरूको पोखरा आगमन दिनानुदिन बढिरहेको छ । त्यत्तिकै मात्रामा भारतीय पर्यटकहरू पनि भित्रिएका छन्, जसले गर्दा होटलहरूमा कोठाको अभावसमेत खड्किन थालिसकेको छ । द्वन्द्वका कारण धराशायी बनेको पर्यटन व्यवसाय उकालो लाग्ने अवस्था सिर्जना हुन थालेपछि होटल व्यवसायीहरू लगानी बढाउन समेत तम्तयार देखिएका छन् । पोखरा राजधानीपछिको दोस्रो पर्यटकीय स्थल हो जहाँ पर्यटन व्यवसायमा मात्र २२ अर्बभन्दा बढीको लगानी छ ।

त्यसमध्ये वित्तीय लगानी चार अर्बको आसपासमा छ । एक वर्षयता पर्यटनक्षेत्रमा आएको सुधारले बिदेसिएका व्यवसायी पनि फर्केर पर्यटन क्षेत्रमै लगानी गर्न तम्सिएका छन । 'शान्ति स्थापना भयो भने विगतमा पलायन भएका सबै यही क्षेत्रमा लगानी गर्न आउँछन्,' -पर्यटन व्यवसायी श्रीलाल सुवेदीले आशा व्यक्त गर्दै बताए ।

सन् २००० मा पोखरामा पर्याप्त पर्यटक भित्रिएका थिए । त्यसपछि व्यवसायीहरूले हौसिएर आफ्नो लगानी बढाए । त्यसको लगत्तै सुरु भएको हिंसाले पर्यटन व्यवसाय क्रमशः धराशायी बन्दै गयो । आर्थिक भार थेग्न नसकेपछि यहाँका उच्चस्तरीय होटलहरू क्रमशः बन्द भए । कति त ऋणमा चुर्लुम्म भए । व्यवसायी तथा कामदारहरू पनि विदेश पलायन हुन पुगे ।

अहिले स्थिति अनुकूल भएपछि बन्द भएका होटलहरू धमाधम खुलेका छन् । त्यसो त अहिले पर्यटकीय मौसम पनि हो । मौसमसँगै बढेको पर्यटकको चापले व्यवसायीहरूलाई फुर्सद पनि कमै छ । अघिल्लो वर्ष यो मौसममा पनि पर्यटकहरू यसरी छ्यापछ्याप्ती देखिएका थिएनन् । सुनसान र पर्यटकविहीन पर्यटकीय क्षेत्रमा अहिले भीडभाड देखिन्छ । सात-आठ वर्षयताको तुलनात्मक स्थिति हेर्दा अहिले पर्यटकीय आगमन उच्च छ, पोखरा पर्यटन परिषद्का अध्यक्ष तथा कान्तिपुर होटलका सञ्चालक सुन्दरकुमार श्रेष्ठ भन्छन्- 'अहिले होटलमा पर्यटकहरूलाई कोठा उपलब्ध गराउन पनि गाह्रो छ ।'

यो सुधारसँगै पोखरा आउने पर्यटकहरूको बसाइ लम्ब्याउन सरकारले पहल गर्नुपर्ने व्यवसायीहरूको माग छ । पोखरामा पर्यटकहरूको औसत बसाइ दुई दिन छ । पोखरा घुम्न आउने पर्यटकको संख्या हेर्ने हो भने त ३० प्रतिशत मात्र छ । यहाँ आउने पर्यटकमध्ये ७० प्रतिशत अन्नपूर्ण क्षेत्रको पैदलयात्रा गर्ने उद्देश्य बोकेर आउँछन् । पर्यटकहरू पदयात्रामा जाने क्रममा एक दिन र पैदलयात्राबाट फर्केर एक दिन पोखरा बस्छन् ।

बाँकी पृष्ठ ६ मा

## बढे आकाशमा उड्नेहरू

पोखरा- ठूला पखेटा भएका वस्तु आकाशमा कावा खाँदै उडेको पहिलोपटक देख्नेहरू एकटकले हेर्छन् । के रहेछ भनेर कतिपय त अकमक्क पर्छन् । नजिकैबाट नियालेपछि भने सबै भन्छन्- क्या मज्जा पोखराको प्याराग्लाइडिङ । हो त अक्कलझुक्कल देखिने प्याराग्लाइडिङ यो वर्ष यहाँको आकाशमा हूलका हूल उड्न थालेका छन् । वास्तवमा उडेको हेर्नेहरूलाई त यो रमिताजस्तै लाग्छ । दसैंको सुरुवातसँगै प्याराग्लाइडिङको मौसम सुरु भैसकेको हुन्छ । यतिबेला लेकसाइड र सराङकोटको नीलो आकाशमा रंगारंग प्याराग्लाइडिङको ताँती देख्न पाइन्छ । यो भीडभाडले प्याराग्लाइडिङ उड्नका लागि पनि पालो पर्खनुपर्ने अवस्था छ ।

बाँकी पृष्ठ ६ मा



## तालमा रोमान्स



पोखरा- पोखरा आएपछि रोमान्सका लागि कुन ठाउँ रोज्ने ? यसको जवाफ दिइरहनुपर्दैन, सबैले सजिलै भनिहाल्छन्- फेवाताल । मन बहलाउनेदेखि युगल जोडीहरू सुस्ताउने एउटा गन्तव्य नै बनेको छ फेवाताल । स्वदेशी हुन् वा विदेशी, फेवातालको कञ्चन पानीमा जलविहार नगरी कोही फर्कंदैनन् । प्रेम जोडीका लागि त वरदान नै भएको छ फेवातालको रमझममा प्रेमालाप गर्नु । युगलजोडीहरू डुङ्गामा सयर गर्दै घन्टौंसम्म रंगीन ... तालमा ... जमात ... ाँधिएर ... लै देख्न पाइन्छ । डुङ्गाबाट तालको फन्को लगाउन पाउँदा प्रेमी-प्रेमिकाको मन चंगा हुन्छ ।

डेटिङका लागि राजधानीबाट आएका एक युगल जोडी फेवातालमा जलविहार गर्दै प्रेम साटासाट गरिरहेका थिए । पंक्तिकारले क्यामेरा अन गर्न लाग्दा उनीहरूले आपत्ति जनाए । 'यो हाम्रो पर्सनल लाइफ हो, प्लिज डन्ट टेक पिक्चर,' उनीहरू भन्दै थिए । हो त, अहिले स्थानीय मात्र होइनन् बाहिरबाट आउनेसमेत रोमान्सका लागि डुङ्गामा फेवातालको सयर गरेर घन्टौं प्रेमको सागरमा निर्लिप्त हुने गरेका छन् ।

बाँकी पृष्ठ ६ मा



मध्यपृष्ठमा
**अञ्जु थापा**



धूम



पृष्ठ ४ मा

छोप्यो लगनको मौसमले



कपाल पाल्ने इच्छा

साप्ताहिक इन्फो

## क्यासेट

### इमर्ज




गायक इलेभेन थर्टी बसन्सको पहिलो एकल गीतिसंग्रह 'इमर्ज' दर्शक- श्रोतामाभm आएको छ। द रिवेल क्रियसनले बजारमा ल्याएको यो गीतिसंग्रहमा १० वटा गीत समावेश छन्। संग्रहको एउटा गीतमा तृष्णा गुरुङले गायक बसनलाई साथ दिएकी छिन्। संग्रहमा शब्द, संगीत तथा स्वर सबै गायक बसन्स स्वयंको छ।

### बेस




गायक दीपेन केसीको एकल गीतिसंग्रह 'बेस' श्रोतामाभm आएको छ। स्काई म्युजिकले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत समावेश छन्। संग्रहमा शब्द चन्द्रा कार्की, दीपेन केसी, शंकर अधिकारीको छ भने संगीत सुरेश अधिकारी, दीपेन केसी, दीपेश सुब्बा तथा भानुभक्त ढकालको छ।

### साई करुण पुकार




श्री सत्य-साई पुस्तक तथा प्रकाशन समिति नेपाल-बाट प्रशान्ति गायन श्रेणीको स्वीकृति प्राप्त भजनसंग्रह 'साई करुणा पुकार' श्रोतामाभm आएको छ। संग्रहमा लक्ष्मी श्रेष्ठ, लक्ष्मी पिया तथा मथुरा श्रेष्ठको आवाज सुन्न सकिन्छ। ज्ञानदीपको शब्द तथा संगीत रहेको यो संग्रहमा १३ वटा भजन छन्। संग्रहमा ओम, गायत्री मन्त्र, सर्वधर्म प्रार्थना, राम राम राम, भजनारायण, विभूति मन्त्रजस्ता भजन समावेश छन्।

## रंगमञ्च

**समय-समयमा** टुक्रँदै गएको नाट्य संस्था सर्वनाम नाट्य समूहबाट करिब दुई दर्जन कलाकार पुन: अलग्गिएका छन्। सर्वनाममा लामो समयदेखि कार्यरत हरिश्चन्द्र केसी, अनुप खड्का, मुरारी लामिछाने, शिरोमणि दवाडी आदि कलाकारले उक्त संस्थाबाट अलग्गिएको बताएका छन्। संस्थाबाट असन्तुष्ट भएका सर्वनामका कलाकारहरूले अन्य नयाँ कलाकारहरूलाई समेत लिएर नाट्य संस्था विम्ब गठन गरेका छन्। कलाकार हरिश्चन्द्र केसीको अध्यक्षतामा ११ सदस्यीय समिति गठन भएको विम्बले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

**सर्वनाम** नाट्य समूहले पाल्पाको तानसेन टुँडिखेल तथा बर्तुङचोकमा सडक नाटक 'नयाँ अध्याय' प्रस्तुत गरेको छ। अनमिन तथा राष्ट्रसंघीय जनसंख्या कोषको सहयोगमा सर्वनाम नाट्य समूहले तानसेन टुँडिखेलमा नाटक प्रस्तुत गरेका हुन्। सुनौली पोखरा सडकको बर्तुङचोकमा समेत यो नाटक प्रस्तुत भयो। महिला हिंसा एवं द्वन्द्व चित्रण गरिएको यो नाटक सुदूर पश्चिम, मध्यपश्चिमका विभिन्न स्थानपछि पाल्पामा प्रस्तुत गरिएको हो। द्वन्द्वको बेला महिलाले भोग्नुपरेको समस्या चित्रण गरिएको यो नाटक अशेष मल्लले लेखेका हुन्। नाटकमा सुषमा कोइरालाको सशक्त भूमिका छ भने मीना खड्का, राजेश खड्का, सुलोचना गोपाली, रमा श्रेष्ठ, ओममणि शर्मा आदि १२ जना कलाकारले अभिनय गरेका छन्। नवलपरासीको कावासोती, गैंडाकोट, रूपन्देहीको वुटवल, कपिलवस्तुको तौलिहवा आदि स्थानमा समेत यो नाटक प्रस्तुत गरिएको थियो।

-१८ औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसर पारेर तनहुँको दमौलीमा बालबालिकाले आफ्नै कथा लेखेर नाटक मञ्चन गरेका छन्। किशोरहरूले आफ्नै उमेरका केटीहरूलाई जिस्काउने घटनालाई नाटकको मुख्य कथा बनाइएको थियो। नाटकमा १२ देखि १५ वर्षसम्मका किशोर-किशोरीहरूले अभिनय गरेका थिए।

-नाट्यसंस्था सर्वनामले गत बुधबारदेखि धनगढीबाट नयाँ नाटक 'नयाँ अध्याय' को मञ्चन प्रारम्भ गरेको छ। नारी हक एवं अधिकारको कथामा आधारित यो नाटकले नारीलाई दयाको पात्र नबनाई अवसर प्रदान गर्नुपर्ने सन्देश बोकेको छ। संयुक्त राष्ट्रसंघीय राजनैतिक मिसन अनमिन तथा विश्व जनसंख्या कोषको सहयोगमा तयार गरिएको यो नाटक कैलालीदेखि भmापासम्म १५ जिल्लाका ३० स्थानमा मञ्चन गरिनेछ। नाट्यकर्मी अशेष मल्लले निर्देशन गरेको यो नाटकमा सुष्मा कोइराला, मीना खड्का, रमेश खड्का, ओममणि शर्मा, न्हुच्छे श्रेष्ठ, रामहरि खड्का, सुलोचना गोपाली, राजेश खड्का, राम श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन्।

## ग्यालरी

-सिर्जना कलेज अफ फाइन आर्ट्सले चित्रकला प्रदर्शनी आयोजना गरेर आफ्नो छैटौं वार्षिकोत्सव मनाएको छ। नाफा आर्ट ग्यालरी बालमन्दिर नक्सालमा सम्पन्न उक्त चित्रकला प्रदर्शनी चार दिन चलेको थियो। कलेजमा अध्ययनरत विद्यार्थीहरूले वर्कसपका क्रममा तयार पारेका चित्रहरू प्रदर्शनीमा राखिएका थिए।

-गत शुक्रबार वसन्तपुर डबलीमा १ सयभन्दा बढी बालबालिकाले बालश्रम तथा बालअधिकारसँग सम्बद्ध विषयमा विभिन्न चित्र कोरे। १८ औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसर पारेर बालबालिका तथा वातावरण सरोकार नेपालले आयोजना गरेको उक्त चित्रकला कार्यशालामा तयार भएका चित्र त्यहीं प्रदर्शनसमेत गरिएको थियो। श्रमिक बालबालिकाले भोगेका समस्याप्रति सर्वसाधारणसमेत सचेत रहुन् भनेर उक्त चित्रकला कार्यशालाको आयोजना गरिएको थियो।

## पुस्तक

### शान्तिको विहानी

कवि हरिकला थापामगरले आफ्ना २७ वटा फुटकर कविताको संग्रह 'शान्तिको बिहानी' पाठकहरूमाभm प्रस्तुत गरेकी छन्। २० रुपैयाँ मूल्यको यो पुस्तक ३२ पृष्ठको छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

समष्टिमा साता राम्रो छ। घरेलु काममा सफलता मिल्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। बोलीको प्रभाव एवं सोच्ने शक्ति बढ्नेछ। यात्रा हुन सक्छ। अध्ययनमा अवरोध उत्पन्न हुनसक्छ। बौद्धिक कार्यमा लाभ पाउन मुस्किल पर्नेछ। शत्रुसित प्रतिस्पर्धा गर्नुपरे पनि अन्तत: जित तपाईंकै हुनेछ। सफलताका लागि सजग रहनुहोला।

### सिंह

खर्च एवं विवादका साथै कुरा काट्नेहरू बढ्नेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। धनमाल हराउन सक्छ। घरेलु समस्या पनि बढ्ला। शनिबार, आइतबार, बुधबार तथा बिहीबार पराक्रम बढ्ने, अधुरा काम बन्ने, नयाँ काम पाइने एवं धनमाल हात पर्ने योग छ। अध्ययनमा सफलता मिल्नेछ। अरूको मन सजिलै जित्न सकिनेछ।

### धनु

स्वास्थ्य गडबड रहनेछ। मनमा चिन्ता तथा शरीरमा आलस्यता बढ्नेछ। गलत विचारले सताउने, खर्च बढ्ने तथा भmूटा आरोप लाग्ने सम्भावना छ। अरूले गरेको गलत कार्यको दोष आफूमाथि आउन सक्छ। सोमबारदेखि मानसम्मान पाइने, काममा सुधार आउने तथा धन आर्जन हुने योग छ। आफन्तहरूको सहयोग जुट्नेछ।

### वृष

समय त्यति राम्रो छैन। सफलता पाउन प्रतिस्पर्धा गर्नु पर्नेछ। मन कमजोर हुनेछ। खर्च एवं विवाद बढ्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। घरेलु समस्याले सताउनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। स्वास्थ्य गडबड रहनेछ। शुक्रबार र शनिबार पराक्रम एवं प्रसन्नता बढ्ने तथा काममा सफलता मिल्ने योग छ।

### कन्या

धन आर्जन गर्ने अवसर जुट्नेछ। भोजभतेरमा सामेल हुन पाइनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। यात्रा गर्ने अवसर मिले पनि शनिबार र आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा अध्ययनमा अवरोध आउने देखिन्छ।

### मकर

यात्रा हुने योग छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। मानसम्मान पनि पाइनेछ। धन आर्जन हुन सक्छ। शत्रु पराजित हुनेछन्। मन पनि प्रसन्न रहला। शनिबारदेखि मंगलबारसम्म स्वास्थ्य गडबड रहने, आलस्यता एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### मिथुन

जोस एवं जाँगरका साथै बोलीको प्रभाव बढ्नेछ। काममा सफलता मिल्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम आरम्भ हुनसक्छ। अध्ययनमा सफलता पाइनेछ। धन आर्जन गर्ने अवसर मिले पनि सोमबारदेखि घरेलु समस्याले सताउने तथा चिन्ता बढ्ने योग छ। गलत विचार एवं शत्रु बढ्ने छ।

### तुला

सुरुमा मानसम्मान मिल्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता पाइनेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। व्यवसायमा सफल हुन सकिन्छ। मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने देखिन्छ।

### कुम्भ

शत्रु बढ्नेछन्। काममा अवरोध आउन सक्छ। स्वास्थ्य गडबड रहनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। सानातिना समस्याले पनि सताउनेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। प्रसन्नता बढ्ने, काममा सुधार आउने एवं यात्रा हुने योग छ। अरूको मन सजिलै जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### कर्कट

सुरुमा मानसम्मान मिल्नेछ। भोजभतेरमा समेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता हासिल होला। यात्रा हुन सक्छ। धन आर्जन गर्न सकिने भए पनि गलत विचार एवं शत्रु बढ्ने तथा स्वास्थ्य गडबड रहने हुँदा खाँदा एवं बोल्दा विचार पुऱ्याउनुहोला। गोपनियतामा सफलता पाइनेछ।

### वृश्चिक

भाग्य बलियो छ। काममा सफलता एवं मानसम्मान मिल्नेछ। बोलीको प्रभाव बढ्नेछ। अध्ययनमा सफलता हासिल हुनेछ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। खर्च तथा विवाद बढ्ने अनि स्वास्थ्य गडबड रहन सक्ने हुँदा खाँदा एवं बोल्दा विचार पुऱ्याउनुहोला।

### मीन

सोच्ने शक्ति बढ्नेछ। अध्ययन एवं काममा सफलता हासिल हुनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। यात्रा हुन सक्छ। भेटघाटमा रमाउने अवसर पाइनेछ। मित्र तथा परिवारबाट सहयोग मिल्नेछैन। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुहोला। गोपनियतामा जोड दिनु उचित हुन्छ।

### यो साताको पञ्चाङ्ग

मंसिर १५ गते : विश्व एड्स दिवस, १९ गते : एकादशी

## साता संक्षेप

**मंसिर ७ गते शुक्रबार**

- अमेरिकाका पूर्वराष्ट्रपति जिमी कार्टरको भ्रमणपछि माओवादीद्वारा अमेरिकासँग सम्बन्ध सुधार गर्न प्रयास, कार्टरद्वारा माओवादीको चुनावी प्रतिबद्धताप्रति शंका ।
- विषाक्त खाने तेलबाट बनेको परिकार खाएर सप्तरीमा १ को मृत्यु, २० प्रहरीसहित १ सय बिरामी ।
- माओवादीद्वारा मोरङमा जनअदालत गठन, जनअदालत विस्तार गर्दै जाने माओवादी योजना ।
- काठमाडौं-ल्हासा बससेवा पुनः सञ्चालनमा ।

**मंसिर ८ गते शनिबार**

- बढ्दो नोक्सानीका कारण बजारमा पेट्रोलियम पदार्थको कमी हुन थालेपछि अर्थसमितिद्वारा आयल निगमलाई खर्च घटाउन निर्देशन ।
- नेपाल मिडिया सोसाइटीको अध्यक्षमा कान्तिपुर पब्लिकेसन्सका निर्देशक कैलाश सिरोहिया निर्वाचित ।

**मंसिर ९ गते आइतबार**

- माओवादीले आफ्ना सेनाको सातौंस्थापना दिवस मनायो, आठौं स्थापना दिवस मनाउनुअघि नै नेपाली सेनासँग समायोजन गर्न सरकारलाई दबाब ।
- पूर्वअमेरिकी राष्ट्रपति जिमी कार्टरको चारदिने औपचारिक भ्रमण सकियो, नेपालका सबैजसो पार्टी नेता तथा शक्तिसँग औपचारिक-अनौपचारिक भेटघाट ।
- भारतको कारगिलमा भएको बम विस्फोटमा रोजगारीका लागि भारत पुगेका चार नेपालीको मृत्यु ।
- रोजगारीका लागि अफगानिस्तान पुगेका ३ सय नेपाली काबुल विमानस्थलमा अलपत्र, राहदानी नभएका ४८ व्यक्ति जेल चलान ।

**मंसिर १० गते सोमबार**

- काठमाडौंको मुटुमा रहेको बैंक अफ काठमाडौंमा डकैती, करिब दुई करोड रुपैयाँ लुटिएको बैंकको अनुमान, तत्कालै ४ लुटेरा पक्राउ ।
- महिला हिंसाविरुद्ध विभिन्न संघ-संस्थाद्वारा १६ दिने अभियान प्रारम्भ ।
- नोवेल मेडिकल कलेजका अध्यक्षसहित सञ्चालकलाई अपहरण गर्नु आफ्नो गल्ती भएको स्वीकार, माओवादी अध्यक्ष प्रचण्डद्वारा वाईसीएल सुध्रिने दावी ।

**मंसिर ११ गते मंगलबार**

- माओवादी शिविरबाट सेना भाग्न थाले, १ हजारभन्दा बढी भागिसक्केको पुष्टि ।
- बैंक लुटमा दुई गिरोह मिलेको प्रहरीको दावी, ७ लुटेरा पक्राउ, २७ लाख रुपैयाँ मात्र फेला पर्‍यो ।

**मंसिर १२ गते बुधबार**

- एघार कक्षाको परीक्षाफल प्रकाशित, ४२ प्रतिशत उत्तीर्ण, गत वर्ष ४३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।
- भारतबाट शैलजा आचार्यलाई राजदूत नियुक्त गर्न एग्रीमो स्वीकृत, नेपालको राजदूतमा भारतले राकेश सूदलाई पठाउने ।
- न्यायपरिषद्द्वारा २२ जना न्यायाधीशसँग मुद्दाको सुनुवाइ तथा फैसलाका क्रममा अनियमितता गरेको भन्दै सोधपुछ प्रारम्भ, दोषी ठहर भए कारबाही गरिने ।

# नेपालको शान्ति-प्रक्रियामा कार्टरको सुझाव



जिमी कार्टर

नेपाली जनताले उल्लेखनीय तथा ऐतिहासिक सङ्क्रमणकाल आरम्भ गरेका छन् । पूर्वद्वन्द्वरत पक्षहरूले शान्तिपूर्ण माध्यमद्वारा आफ्ना मतमतान्तर समाधान गर्ने दिशामा प्रदर्शन गरेका प्रतिबद्धता अनुभूति गर्न पाउँदा म गौरवान्वित र कृतज्ञ छु।

नयाँ संविधान निर्माणका लागि आफ्ना प्रतिनिधिहरूको चयन गर्न आयोजना गरिने भनिएको संविधानसभा निर्वाचन अवलोकन गर्न यसै साता नेपाल आउने मेरो इच्छा थियो । शान्त, न्यायपूर्ण तथा प्रजातान्त्रिक नेपाल सुनिश्चित गर्नका लागि यो नयाँ संविधान एक अवसर हुनेछ, किनभने यसले पहिलो पटक मुलुकको इतिहासमा मधेसी, जनजाति, महिला, दलित तथा अन्यलगायत नेपालका विविध जनसङ्ख्याको आवश्यकता एवं आकाङ्क्षाको यथोचित प्रतिनिधित्व गर्छ, तर निर्वाचनमा सहभागी हुन पाउने प्रजातान्त्रिक अधिकारको अभ्यास गर्ने जनताको तीव्र इच्छा हुँदाहुँदै पनि नेपाली नेताहरूबीच विद्यमान राजनैतिक असहमतिका कारण निर्वाचन दुई पटक स्थगित भएकोमा म निरुत्साहित भएको छु ।

मैले सम्माननीय प्रधानमन्त्री कोइराला र ठूला राजनैतिक दलका अन्य नेताहरू, सांसदहरू, निर्वाचन आयोगका सदस्यहरू, मधेसी प्रतिनिधिहरू, नागरिक समाजका प्रतिष्ठित सदस्यहरू, जनजाति आदिवासीका नेताहरू, सेनाप्रमुख, जनमुक्ति सेनाका डेपुटी कमान्डरहरू, नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसनप्रमुख इयान मार्टिन तथा विभिन्न महामहिम राजदूतहरूसँग कुराकानी गरिसकेको छु । मलाई के प्रस्ट भएको छ भने नेपालको वर्तमान राजनैतिक गतिरोध निर्वाचन प्रणाली तथा राजतन्त्रको भविष्यसम्बन्धी मुद्दाहरूमा मात्र केन्द्रित नभै ठूला राजनैतिक दलहरूबीच उत्पन्न गहिरो अविश्वासमा समेत केन्द्रित छ ।

यो अविश्वास विश्वसनीय प्रजातान्त्रिक निर्वाचनमा सही ढङ्गले सहभागी हुन माओवादीहरू इच्छुक छैनन् भन्ने सरकारको अनुभूति र सरकार यथास्थितिवादलाई संरक्षण गर्न र सत्तामा टिकिरहन पूर्णरूपेण इच्छुक रहेको माओवादीहरूको दृष्टिकोणबाट उत्पन्न भएको भान हुन्छ ।

यसका अतिरिक्त यो अविश्वासलाई बृहत् शान्ति सम्झौताका मूल प्रावधानहरू र उक्त सम्झौतापछि सीमान्तीकृत समूहहरूसँग हस्ताक्षर गरिएका सम्झौताहरू कार्यान्वयन गर्न दुवै पक्षबाट देखिएको असफलताले झनै चर्काएको छ । यी वाचाहरूलाई निर्वाचन प्रक्रियाबाट अलग्याउन सकिँदैन र राजनैतिक दलहरूबीच विश्वासको वातावरण पुनः सिर्जना गर्न ती वाचा पूरा गरिनुपर्छ ।

## दस्तावेज

देहायका सवालहरूको पुनरालोकन एवं कार्यान्वयन वाञ्छनीय देखिन्छ :

- विगत एक वर्षदेखि शिविरहरूमा रहेका पूर्वलडाकुहरूलाई भुक्तान गर्न, उचित आवासीय अवस्था प्रदान गर्न, सामान्य जीवन बाँच्न डिस्चार्ज भएकाहरूलाई सहयोगको व्यवस्था गर्न सरकारले वचन दिएको छ । यो प्रतिबद्धता यथोचित रूपमा पूरा गरिएको छैन ।
- शिविरहरूका लागि प्राप्त कोषप्रति जवाफदेही हुन र सबै नाबालिगलाई तुरुन्तै डिस्चार्ज गर्न माओवादीहरू सहमत भएका छन् तर यो पनि पूरा गरिएको छैन ।
- यसका अतिरिक्त द्वन्द्वको स्थितिमा कब्जा गरिएको जग्गाजमिन फर्काउन पनि माओवादी सहमत भएका छन् । यो प्रतिबद्धतालाई एकातिर सम्मान गरिएको छैन भने अर्कातिर हालसालै नयाँ जग्गाजमिन कब्जा भैरहेका प्रतिवेदनहरू आइरहेका छन्, तसर्थ सम्पत्ति फिर्ता गर्न र उचित क्षतिपूर्ति दिलाउन तुरुन्तै एक भूमि आयोग गठन गर्न म सात पार्टी गठबन्धनलाई प्रोत्साहित गर्छु ।
- देशभर नै हिंसा रोक्न तथा शान्ति कायम गर्न पनि माओवादीहरूले प्रतिबद्धता जनाएका थिए तर कार्टर सेन्टरका पर्यवेक्षकहरूले माओवादी कार्यकता तथा योङ्ग कम्युनिस्ट लिगका सदस्यहरूद्वारा गरिएका हिंसात्मक गतिविधि, दुर्व्यवहार र जबर्जस्ती चन्दा असुलीसम्बन्धी प्रतिवेदनहरू पाएका छन् । यस्ता गतिविधिहरू अस्वीकार्य छन् र यिनले माओवादीहरूको छवि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै तहमा बिगारिरहेका छन् । यस्ता गतिविधिहरू तुरुन्तै रोकिनुपर्छ । अन्य कुनै पनि कार्यले यति शीघ्र नेपाली जनता र अन्तर्राष्ट्रिय समुदायबीच माओवादीहरूको प्रजातान्त्रिक प्रक्रियामा सही सहभागिताप्रतिको प्रतिबद्धता दर्साउनेछैन ।
- युद्धका बखत बेपत्ता भएका नागरिकहरूको अवस्था अझै अज्ञात छ र युद्धपिडीत परिवारकालागि क्षतिपूर्ति लामो समयदेखि थाँती छ ।
- मधेसी, जनजाति तथा सीमान्तीकृत समूहहरूसँगका महत्त्वपूर्ण सम्झौताहरूको अझै कार्यान्वयन गर्न बाँकी छ ।
- नेपाली सेनाभित्र वचन-बद्धताअनुरूपको सुधार हुन सकेको छैन र माओवादी सेनाका छापामारहरूको एकीकरण तथा पुनर्स्थापन समिति निष्क्रिय भएको छ ।

यसका अतिरिक्त निर्वाचनका लागि उचित वातावरण सिर्जना गर्न देशभित्रको सुरक्षालाई सुदृढ गरिनुपर्छ । नेपाली जनताको ठूलो हिस्सा, खासगरी तराईमा सशस्त्र समूहहरूको हिंसा तथा सरकारी सुरक्षाको अनुपस्थितिका कारण असुरक्षित छन् । यस्तो हिंसालाई नियन्त्रण गर्न सरकार तथा सात दलका गठबन्धनले समुदायका नेताहरूसँगको समन्वयमा विशेष खालको प्रभावकारी कार्य गर्नेछ भन्ने कुरामा म आशावादी छु ।

वर्तमान अवस्थामा प्रायः सबै नेतृत्वको समय र ऊर्जा पूर्ण रूपमा निर्वाचन पद्धति र गणतन्त्र घोषणाको समयको प्रश्नमा व्यतीत भएको छ । म राजनैतिक नेताहरूलाई यी दुईवटा प्रश्नमा सम्झौता गर्ने एक अनौपचारिक प्रस्ताव प्रस्तुत गर्न गैरहेको छु जसले भावी छलफलका लागि आधारका रूपमा काम गर्नेछ, तर सफल संविधानसभा निर्वाचन र यसअघिका सम्झौताहरूको कार्यान्वयन घनिष्ठ रूपमा सम्बन्धित छन् । सरकारले यी शान्तिपूर्ण राजनैतिक प्रक्रियामा जनताको विश्वास पुनर्प्राप्त गर्न तथा राजनैतिक नेताहरूबीच विश्वास पुनर्निर्माण गर्न यी सम्झौताहरूको कार्यान्वयनका लागि कदम चालिएका छन् भन्ने स्पष्ट प्रमाण प्रस्तुत गर्नुपर्छ ।

आगामी दिनहरूमा वर्तमान राजनैतिक गतिरोधको समाधान खोज्न राजनैतिक दलहरू लचक हुनु आवश्यक छ । मलाई के आश्वस्त पारिएको छ भने डिसेम्बर १५ भित्रमा थाँती रहेका मतभेदहरूमा राजनैनिक दलहरू सहमतिमा पुग्नेछन् र अपेक्षित रूपमा २००८ अप्रिलको मध्यसम्ममा सम्पन्न हुने निर्वाचनतर्फ अघि बढ्नेछन् । म सम्पूर्ण राजनैतिक दलका नेतृत्वलाई शान्ति-प्रक्रियालाई तार्किक रूपमा अर्को चरणमा बढाउने यो ऐतिहासिक अवसरलाई आत्मसात् गर्न प्रत्यक्ष आह्वान गर्छु । अर्को चरण भनेको उक्त समयावधिभित्र संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचन हो ।

विद्यमान नैराश्यका बाबजुद आफ्ना मतभेदहरूलाई शान्तिपूर्ण तथा उनीहरूले युद्धबाट शान्तितर्फ फड्को मारेको गतिमा समाधान गर्नेतर्फको नेपाली जनताको उत्साह तथा समर्पणबाट म ज्यादै प्रभावित भएको छु । द कार्टर सेन्टरले यो प्रक्रियालाई निरन्तर रूपमा पुनरावलोकन गर्नेछ र म आशावादी छु कि वर्तमान गतिरोध मित्रवत् रूपमा समाधान हुनेछ र यसले समयभित्र सफल रूपमा निर्वाचन सम्पन्न गर्ने प्रक्रियातर्फ डोर्‍याउनेछ ।



## जन्मथलोमा गुरुकुल

विराटनगर- स्थापनाको २५ वर्षपछि विराटनगरमा गुरुकुलले व्यावसायिक रूपमा नाटक मञ्चन गर्न कलाकार छानेको छ । विराटनगरमा स्थापना भए पनि लामो समयदेखि गुरुकुल राजधानीमा केन्द्रित रहँदै आएको छ । राजधानीवासीमाझ लोकप्रिय गुरुकुलका प्रस्तुतिहरू अब विराटनगरवासीले पनि हेर्न पाउनेछन् । आफ्नो जन्मथलोमा गुरुकुलले नाटक घर पनि निर्माण गर्ने भएको छ । विराटनगर उपमहा-नगरपालिकाले हाटखोलामा निःशुल्क प्रदान गरिएको आठ कट्ठा जग्गामा निर्माण हुन लागेको नाटकघरको शिलान्यास गत साता भाषाशास्त्री बालकृष्ण पोखरेलले गरे । राजधानीबाहिर पहिलो पटक विराटनगरमा निर्माण हुने आरोहण गुरुकुलको परियोजनामा झन्डै ४ करोड रुपैयाँ खर्च हुने निर्देशक सुनील पोखरेलले बताए ।

यसका लागि भारतीय राजदूतावासले सहयोग गर्ने जनाइएको छ ।पहिलो चरणमा ४० लाखको लागतमा २ सय दर्शक क्षमताको हल बनेपछि नाट्य विधाको काम सुरु हुनेछ । 'हामी चैत मसान्तसम्ममा एउटा हल र केही टहरा बनाएर तुरुन्त काम सुरु गर्छौं र त्यसपछि विस्तृत परियोजनालाई एक वर्षभित्र पूरा गर्छौं' पोखरेलले बताए । उनका अनुसार सानो र ठूलो गरी दुईवटा हल बन्नेछन् । ठूलो हल झन्डै चार सय दर्शक क्षमताको हुनेछ । आवासीय सुविधासहितको नाट्य प्रशिक्षण दिइने नाटक घरका लागि १२ जना प्रशिक्षार्थीको छनौट गरिकिएको छ । दुई वर्षपछि प्रशिक्षित कलाकारलाई पूर्ण व्यावसायिक रूपमा परिचालित गर्ने योजना गुरुकुलको छ ।

**-कमल रिमाल**

## झापामा लिटिल क्विन एन्ड मास्टर किङ

झापा- बिर्तामोड अग्रसेन भवनमा गत शनिबार विभिन्न विद्यालयमा अध्ययनरत ६ देखि १२ वर्ष उमेर समूहका ३२ जना बालिका तथा १६ जना बालकबीच एउटा प्रतिस्पर्धा सम्पन्न भयो । लिटिल क्विन एन्ड मास्टर किङ, झापा शीर्षकमा सञ्चालित उक्त प्रतियोगिता सहभागीहरूको परिचयात्मक चरणबाट प्रारम्भ भएको थियो । त्यसपछि बेस्ट ड्रेस राउन्ड हुँदै टप टेन र टप फाइभ चरणबाट अघि बढेको उक्त प्रतिस्पर्धाको कोरियोग्राफी सिद्धान्त घिमिरेले गरेका थिए ।

सहभागी बालबालिकाको आत्मविश्वास, प्रतिभा एवं प्रस्तुतीकरणको मूल्यांकनमा करिब ४ घन्टा लागेको उक्त प्रतियोगितामा अन्ततः भार्गव पौडेल र आयुशी सिटौला क्रमशः झापाका मास्टर किङ तथा लिटिल क्विन छानिए । बालिकातर्फको भ्युअर च्वाइस एवार्डमा पनि आयुशी सिटौलाले नै कब्जा जमाइन् । बालकतर्फको भ्युअर च्वाइस उपाधि भने वरदान बस्नेतले



हात पारे । वरदान मास्टर टयालेन्ट पनि भए । बालिकातर्फको टयालेन्ट एवार्ड भने बर्षा गौतमले पाइन् । कार्यक्रमलाई गायकद्वय सपन श्रेष्ठ र राजु थापाका गीतले संगीतमय बनाएको थियो भने महादेव त्रिपाठीको जादु एवं हास्यप्रस्तुतिबाट कार्यक्रम थप मनोरञ्जनक बनेको थियो ।




## जसरी भए पनि सेनापति बन्ने

जर्नेल कुलबहादुर खड्का यतिबेला नेपाली सेनाको प्रमुख बन्ने अभियानमा जुटनुभएको समाचार घटना र विचार साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईका कुनै बेला सहपाठीसमेत रहेका जर्नेल खड्का प्रधानसेनापति रुक्मांगत कटुवाललाई हटाएर सेनाको सर्वेसर्वा बन्ने धुनमा लाग्नुभएको छ– अचेल विभिन्न दलका नेताहरूको ढोका-ढोका चहार्नु उहाँको मुख्य ड्युटी नै भएको छ। माओवादी नेता प्रचण्ड र डा. भट्टराईसँग अहिले जर्नेल खड्काको निकटता अनपेक्षित रूपमा बढेको उल्लेख गर्दै समाचारमा भनिएको छ- जर्नेल खड्काले आफू सेनापति भएपछि माओवादी सेनालाई जसरी भए पनि राष्ट्रिय सेनामा समायोजन गर्ने वचन प्रचण्ड र डा. भट्टराईलाई दिनुभएकाले प्रचण्ड र डा. भट्टराई जर्नेल खड्काप्रति अत्यन्त सकारात्मक बन्नुभएको छ। जर्नेल खड्काको खड्को भनेकै उहाँ प्रधानसेनापति कटुवालभन्दा तीन महिनाअगावै सेवानिवृत्त हुनु हो। त्यसैले अहिले जनरल खड्का चाँडोभन्दा चाँडो प्रधानसेनापति कटुवाललाई पन्छाई सेनापति बनेरै छाड्ने खेलमा डटेर लाग्नुभएको छ।

## कांग्रेसमा मन्त्री फेर्न दबाब

मुलुकको शान्ति-सुरक्षाको स्थिति बिग्रँदै गएकोमा आपत्ति प्रकट गर्दै नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिभित्र मन्त्री फेर्ने कसरत सुरु भएको समाचार बुधबार साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार पछिल्लो समयमा बढेको वाईसीएलको ज्यादती, तराईमा विद्यमान हिंसा तथा जनताको बढ्दो असन्तुष्टिका कारण अहिलेका मन्त्रीलाई फिर्ता बोलाउनुपर्ने निष्कर्षमा अधिकांश केन्द्रीय सदस्य पुगेका छन्। अहिले गृहमन्त्री कृष्णप्रसाद सिटौलाको विरोधमा कांग्रेसका नेताहरू गोविन्दराज जोशी, खुमबहादुर खड्का, विनयध्वज चन्द, सुजाता कोइराला र सुशील कोइराला खुलेरै लागेको समाचारमा उल्लेख छ।

## राजाको निर्देशनमा राजावादीहरू

संसद्बाट गणतन्त्र घोषणाको विषयमा सात राजनैतिक दलबीच मतमतान्तर भैरहेको बेला दरबार निकट राजनैतिक दलहरू भने एकता प्रयासमा जुटेको समाचार साप्ताहिक विमर्शले प्रकाशित गरेको छ। समाचारअनुसार मंसिर ६ मा हुने भनिएको संविधानसभा निर्वाचन माओवादीकै कारण स्थगन भएपछि हौसिएको दरबारले आफ्नो शक्तिलाई मजबुत तुल्याउन अहिले आफू निकटका दलहरूलाई एकढिक्का हुन निर्देशन दिएको छ। राजाको निर्देशनपछि अहिले सूर्यबहादुर थापा त्यस्तो शक्तिको नेतृत्व आफैं लिने कसरत गरिरहेका छन्। यसका लागि थापाले मालीगाउँस्थित आफ्नो निवासमा राजावादीहरूलाई रात्रीभोज दिएर आफ्नो अभियान थालिसकेको कुरा समाचारमा उल्लेख छ।

## जनसेनामा पलायनको तीव्र

माओवादीको जनमुक्ति सेनाले आफ्नो सातौं स्थापना दिवस मनाइरहेका बेला क्यान्टोनमेन्टमा बसेका जनसेनाहरूले शिविर छाड्ने क्रम तीव्र भएको समाचार साप्ताहिक नेपालीपत्रले प्रकाशित गरेको छ। समाचारअनुसार नवलपरासीको अरुण खोलाको झ्याल्टुङ डाँडास्थित चौथो डिभिजनको प्रमाणीकरणमा झन्डै एकतिहाइ माओवादीहरू नदेखिएपछि यस्तो समाचार आएको हो। पहिलो चरणको प्रमाणीकरणमा उक्त शिविरमा ५ हजार ६७ जना सेना थिए, तर पछिल्लो प्रमाणीकरणमा त्यहाँ ४ हजार जनसेना पनि देखिएनन्।

## कर्मचारीमा बीस तह

निजामती सेवामा राजपत्रांकित र राजपत्र अनंकितको श्रेणीगत वर्गीकरण आउँदो वैशाखदेखि अन्त्य भएको र कर्मचारीलाई अबदेखि २० तहमा वर्गीकरण गरिने समाचार नयाँ पत्रिका दैनिकले प्रकाशित गरेको छ। समाचारअनुसार अन्तरिम संसद्ले संशोधन गरेको निजामती ऐनअनुसार तयार गरिएको नयाँ नियमावलीले यस्तो व्यवस्था गरेको हो। नयाँ व्यवस्थाअनुसार निजामती कर्मचारीलाई कार्य सञ्चालन समूह, व्यवस्थापन सहजकर्ता समूह, प्रशासनिक र प्राविधिक पेसाविद् समूह, कार्यकारी र विशेषज्ञ सेवा समूह तथा वरिष्ठ कार्यकारी र वरिष्ठ विशेषज्ञको वर्गमा विभाजन गरिने भएको छ।

## एमालेमा झन्डा फेर्ने प्रस्ताव

आगामी महाधिवेशनदेखि माधवकुमार नेपाललाई महासचिव पदबाट बिदा दिने गृहकार्य नेकपा एमालेको पार्टी पंक्तिमा सुरु भएको समाचार तरुण साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार प्रधानमन्त्रीको प्रलोभनमा फसेर सिंगो पार्टीलाई नै माओवादीको पुच्छर बनाएको आरोप खेप्दै आएका महासचिव नेपालका अगाडि आगामी माघमा हुने पार्टीको महाधिवेशन ठूलो तगारोका रूपमा खडा भएको छ भने महासचिव नेपाल महाधिवेशनको मिति सारेर आफ्नो पदलाई निरन्तरता दिने अभियानमा छन्। सोही महाधिवेशनमा पार्टीको नाम र झन्डा फेर्ने प्रस्ताव लैजाने गृहकार्यमा पनि केही एमाले नेताहरू जुटेका छन्। माओवादीको एजेन्डा बोकेर एमालेको १५ वर्षे साख गिराउन चाहनेहरूलाई माओवादी नै ज्वाइन गर्ने बाटो खुलाउन पार्टीको नाम र झन्डा फेर्ने प्रस्ताव अघि सारिएको कुरा पनि समाचारमा उल्लेख छ।

## अध्यक्ष प्रचण्ड फेरि एम्बुसमा

नेकपा माओवादीका अध्यक्ष प्रचण्डले टेलिफोनमार्फत गर्ने कुराकानीसमेत एम्बुसमा पर्दै आएको समाचार साप्ताहिक साँघुले प्रकाशित गरेको छ। समाचारअनुसार मंसिर ४ गते मंगलबार प्रचण्डलाई भारतीय प्रधानमन्त्रीका विशेष सल्लाहकार श्यामशरणले फोन गरेको कुरा सार्वजनिक भएपछि प्रचण्डको टेलिफोन संवाद टेप हुने गरेको प्रमाणित भएको हो। प्रचण्ड र श्यामशरणबीच भएको टेलिफोन संवादलाई एम्बुसमा पार्ने काम साउथ ब्लकका विश्वास प्राप्त अमरेशकुमार सिंहले गरेको कुरा समाचारमा उल्लेख छ।

## प्रचण्डले सेनाको भित्री रहस्य खोले

माओवादी अध्यक्ष प्रचण्डले मंसिर ९ गते जनमुक्ति सेनालाई नेपाली सेनासँग समायोजन गर्ने विषयमा नेपालीसेनासँग दुई चरण छलफल भएको र त्यसप्रति सेना सकारात्मक रहेको खुलासा गरेको समाचार दृष्टि साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार जनमुक्ति सेनाका सुप्रिम कमान्डर प्रचण्डले आफू र डेपुटी कमान्डर जनार्दन शर्माले राजधानीका दुई होटलमा नेपाली सेनासँग दुई चरणमा छलफल गरेको बताइएको छ। यद्यपि त्यस्तो छलफल सेनाका कुन स्तरका पदाधिकारीसँग कहिले र कहाँ गरिएको हो भन्ने विषयमा केही बताइएको छैन। दसैं र तिहारको बीचमा माओवादी नेतृत्व र रोलक्रममा प्रधानसेनापतिपछिका एक जर्नेलबीच उक्त छलफल भएको दाबी उक्त साप्ताहिकले गरेको छ। समाचारअनुसार ती जर्नेल कुलबहादुर खड्का हुन्।

# मेरो विचार

## के हो संविधानसभा?

संविधानसभाको निर्माण वालिग मताधिकार प्रयोग गरी जनताबाट हुन्छ र उक्त सभा संविधान निर्माणको मामिलामा स्वतन्त्र र सर्वाधिकार सम्पन्न हुन्छ। जनताले जस्तो संविधान चाहन्छन् त्यस्तै संविधान निर्माण गर्न यो सभा रत्तिभर पछि पर्दैन, किनभने यसले जनतामा निहित सार्वभौमसत्ताको प्रतिनिधित्व गरेको हुन्छ। त्यसैले आधुनिक लोकतान्त्रिक व्यवस्थामा जनताको इच्छा, आकांक्षा एवं भावनाअनुरूपको संविधान निर्माण गर्ने सर्वोत्कृष्ट संयन्त्र संविधानसभालाई नै मानिन्छ।

संविधान निर्माणका लागि संविधानसभा चाहिन्छ। संविधानसभाको निर्माण वा नयाँ संविधानको निर्माण भन्नाले विद्यमान शासन सत्ता एवं राज्य संरचनालाई अस्वीकार गर्नु भन्ने बुझिन्छ। यस आधारमा संविधानसभा त्यस्तो विशिष्ट सभा कहलिन्छ जसको निर्माण क्रान्ति र जनआन्दोलनको बलद्वारा पुरानो सत्ता र त्यसको संवैधानिक व्यवस्थालाई ध्वस्त पारेर जनप्रतिनिधिहरूद्वारा निर्माण भएको हुन्छ।

ऐतिहासिक रूपमा यो नारा राजतन्त्रविरोधी लोकतान्त्रिक गणतन्त्रका पक्षधर शक्तिहरूले उठाउँदै आएका हुन्। यसको मुख्य सार भनेको राजतन्त्रले उपभोग गर्दै आएको राजकीय अधिकार एवं सार्वभौमसत्ता जनतामा हस्तान्तरण गरी जनताको अधिकार सुनिश्चित गर्नु हो।

**–हरिस लिम्बू (पुरस्कृत विचार)**

## संविधानसभाका लागि

संविधानसभा भनेको जनताले आफूलाई शासन गर्ने विधान निर्माण गर्न आफैंले गठन गर्ने सभा हो। संविधानसभा निर्वाचन पटक-पटक गर्न सकिँदैन। विश्वका धेरै देशमा संविधानसभाको निर्वाचन भैसकेको छ। कतिपय देशका जनता संविधानसभाको निर्वाचनपछि आफ्ना हक-अधिकार सुरक्षित गर्न पाए र देशले पनि सबै क्षेत्र मा फड्को मारिसकेको छ भने कतिपय देशमा संविधानसभाको निर्वाचनपछि पनि जनता शासकको पाउमुनि परेका उदाहरण प्रशस्तै छन्। हाम्रो देशमा पनि संविधानसभाको निर्वाचनको कुरा लगभग ६० वर्षपहिले प्रजातन्त्रको आगमनसँगै आएको भए पनि विभिन्न बाधा-अड्चनले त्यसलाई नेपाली जनताले गुमाउनुपऱ्यो।

अहिलेको स्थितिमा पनि हामी विभिन्न झिना-मसिना कुरालाई लिएर आफ्नै खुट्टामा बन्चरो हान्न खोज्दैछौं। ऐतिहासिक जनआन्दोलनपछि संविधान सभाको निर्वाचन दुई वर्षपछि सबै कुराको चाँजो-पाँजो मिलाएर गर्ने भनेको भए राम्रो हुन्थ्यो, तर अहिले आएर मिति नघाउँदा जनताको विश्वास गुम्छ र निरंकुशताले खुट्टा घुमाउने मौका पाउँछ। अहिले यत्रो समयपछि संविधानसभाको सँघारमा आएर विभिन्न राजनैतिक दलले संविधानसभाको मिति सार्न खोज्नु जनताविरोधी कदम चाल्नु हो। दलहरूबीच आपसी समझदारी र सहकार्य आवश्यक छ। दलहरूको खिचातानी बन्द गरी विभिन्न ठाउँमा भएका आन्दोलन तथा अशान्तिका वाहकलाई वार्ताको माध्यमबाट सहमति र शान्तिको बाटोमा ल्याई तोकिएको समयमा संविधानसभाको निर्वाचन सफल पार्नुपर्छ।

**–तेजप्रसाद पौडेल, स्याङ्जा**

**तपाईंको विचारमा संविधानसभा के हो? यसले के गर्छ? यसका बाधा-अड्चनहरू के-के हुन्? तिनलाई हटाउन के गर्नुपर्छ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन्? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

# संविधानसभा व्यक्ति-अभिव्यक्ति

गणतन्त्रको घोषणा तथा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अहिलेका मुख्य मुद्दा होइनन्। पहिले अन्तरिम संविधान निर्माण गर्दा मिश्रित निर्वाचन प्रणालीमा जाने सहमति भैसकेको छ। त्यसैगरी संविधानसभाको पहिलो बैठकबाट गणतन्त्रको घोषणा गर्ने कुरामा पनि सहमति भएको छ। सबै राजनैतिक दलका राष्ट्रिय मञ्चहरूले गणतन्त्र घोषणा गर्ने म्यान्डेड दिइसकेका छन्। कांग्रेसले समेत गणतन्त्रमा जाने निर्णय गरेपछि गणतन्त्रको मुद्दा सकिएको छ। वास्तविक मुद्दा भनेको देशको शान्ति-प्रक्रिया हो, जसमा माओवादीहरू इमान्दार छैनन्।

**प्रदीप नेपाल, शिक्षँ तथा खेलकुद मन्त्री**

संसद्बाट गणतन्त्र घोषणा संविधानको मर्म प्रतिकूल छ। बहुमतले पारित गरेको भन्दैमा जे पायो त्यही गर्न पाइँदैन। संविधानसभाले मात्रै राजतन्त्रको टुङ्गो लगाउनुपर्छ। जनआन्दोलनको म्यान्डेट संविधानसभा नै हो। संविधानसभामार्फत जनताले जे म्यान्डेट दिन्छन्, त्यही नै नयाँ संविधानको प्रारूप हुन्छ। त्यसो भन्दैमा संसद्ले दिएको म्यान्डेट केही होइन भन्न खोजेको पनि होइन। मेरो आशय के हो भने सरकारले सात दलको एकता टुट्न नदिन सबैसँग छलफल गरेर संविधान संशोधनको प्रस्ताव ल्याउनुपर्छ। त्यसलाई संसद्ले पारित गर्नुपर्छ।

**केपी शर्मा ओली, नेता, नेकपा एमाले**

नेपाली कांग्रेसलाई माओवादीले उचाल्नसम्म उचाल्यो। अहिले आएर नराम्ररी पछार्‍यो। अब उसले नेकपा एमालेलाई उचाल्न थालेको छ। अब उसले एमालेलाई कतिसम्म उचाल्छ, त्यही रूपमा ऊ पछारिन्छ भन्ने हामीलाई थाहा भैसकेको छ। हिजो गिरिजाप्रसादलाई नोवेल शान्ति पुरस्कार दिलाउन कम्मर कस्नुपर्छ भन्ने माओवादी अहिले माधवकुमार नेपाललाई हिरो बनाउन थालेका छन्। यसबाट पनि उनीहरूको चरित्र थाहा हुन्छ। हामी एमालेलाई (उक्साहटमा नलाग्न) सुझाव मात्र दिन सक्छौं।

**डा. रामवरण यादव, नेता, नेपाली कांग्रेस**

नागरिक समाजका तर्फबाट मैले २०४७ सालको संविधानलाई टेकेरै संविधानसभामा जान सकिन्छ भनेर पहिलै कुरा राखेको थिएँ। २०४७ सालको संविधानबाट राजाको अधिकार हटाउने तथा समावेशी प्रकृतिको राज्य बनाउने कुरा थपेको भए त्यसैबाट संविधानसभा गर्न सकिन्थ्यो। अहिले कतिपय नेताहरू ०४७ सालकै संविधान फर्काएर संविधानसभाको कुरा गर्न थालेका छन्। मेरो विचारमा अब २०४७ सालको संविधान टाढाको कुरा भैसकेको छ। समय घर्किसकेपछि त्यसको कुनै अर्थ हुँदैन। अबको हाम्रो लक्ष्य संविधानसभा हुनुपर्छ। ०४७ सालको संविधान सम्झेर गोहीको आँसु चुहाउनुको अर्थ छैन। यस्ता कुराले नेपालीलाई कहिले स्थिर हुन नदिने व्यक्ति तथा संस्थालाई फाइदा पुऱ्याउँछ।

**दमननाथ ढुंगाना, पूर्वसभामुख**

नेताहरूले संविधानसभाको निर्वाचन गर्छौं भनेर जतिसुकै चर्को कुरा गरे पनि जनताले पत्याउन छाडिसके। जतिबेलासम्म उनीहरूको हातमा मतपत्र पर्दैन, जबसम्म उनीहरूले भोट हाल्दैनन्, तबसम्म संविधानसभा भयो भनेर जनताले पत्याउनेवाला छैनन्। यति हुँदा पनि देशको राजनैतिक गतिरोध अन्त्य गर्न संविधानसभा नै चाहिन्छ। अब संविधानसभा नचाहने कुनै पक्ष छन् भन्ने मलाई लाग्दैन। यो राष्ट्रिय आवश्यकता नै भैसकेको छ भने नेपालका मित्रहरूका लागि यो अन्तर्राष्ट्रिय आवश्यकता बनिसक्यो।

**डिलाराम आचार्य, महासचिव, राष्ट्रिय जनमोर्चा नेपाल**

माओवादीले धम्काएर मात्र संविधानसभाको निर्वाचन हुन दिँदैनन् भने अब ६ दलले माओवादीबिना पनि संविधानसभामा जान सक्ने हिम्मत गर्नुपर्छ। निर्वाचनमा सकेसम्म माओवादीलाई सँगै लिएर जानु राम्रो हुन्छ। किनभने उसले बनाउन नजाने पनि बिगार्न जानेको छ, तर ऊ निर्वाचनमा जाँदैन भने देशलाई अनिर्णयको बन्दी बनाएर निर्वाचन नै नगर्ने भन्ने कुरा आउँदैन। एउटा पार्टीको महत्त्वाकांक्षाका कारण जनता अनिर्णयको बन्दी बन्न सक्दैनन्।

**चित्रबहादुर केसी, अध्यक्ष, राष्ट्रिय जनमोर्चा नेपाल**

# प्रि–सेन्टअपको तयारी कसरी गर्ने ?



विश्वमणि अधिकारी

मंसिरको तेस्रो सातापछि सुरु हुने प्रि–सेन्टअप परीक्षाले दस कक्षा अध्ययनरत विद्यार्थीहरू मात्र होइन, तिनका अभिभावक, शिक्षक अनि विद्यालयको ध्यानसमेत केन्द्रित गरेको छ। त्यसो त निजी तथा आवासीय विद्यालयहरूमा प्रि–सेन्टअप परीक्षाप्रति देखाइने सकारात्मक उत्साह एवं तयारी धेरै सरकारी विद्यालयमा नदेखिनु दुखद पक्ष हो। किनभने प्रि–सेन्टअप परीक्षाले सेन्ट–अप परीक्षा तथा एसएलसी परीक्षाका लागि विद्यार्थीहरूको छनौटलाई आधार मात्र प्रदान गर्दैन, उनीहरूमा आत्मविश्वास एवं हिम्मतसमेत थप्छ। यसप्रकार प्रि–सेन्टअप महत्त्वपूर्ण छ भने यसको तयारी उचित ढंगबाट हुन सके सुनमा सुगन्ध हुन्छ।

प्रि–सेन्टअप परीक्षाका लागि तयारी गरिरहेका विद्यार्थीहरूले सर्वप्रथम यो परीक्षालाई सकारात्मक रूपमा लिन सक्नुपर्छ। किनभने वैधानिक रूपमा खासै महत्त्व नराख्ने यो परीक्षाको मूल उद्देश्य भनेकै विद्यार्थीहरूमा परीक्षा तयारीका लागि वातावरण निर्माण गर्नु हो। विद्यार्थीहरूले प्रि–सेन्टअप परीक्षालाई आफ्नो पढाइको स्तर थाहा पाउने अवसरका रूपमा लिनुपर्छ। विगतका अनुभवहरूले पनि के देखाएको छ भने प्रि–सेन्टअपभन्दा सेन्टअप र सेन्टअपभन्दा एसएलसी परीक्षाका प्रश्नहरू तुलनात्मक रूपमा सजिला त हुन्छन् नै, विद्यार्थीहरूले पनि प्रि–सेन्टअपमा भन्दा एसएलसी परीक्षामा करिब दस प्रतिशतसम्म अंक बढाउने सम्भावना रहन्छ। यद्यपि अंक बढाउन विद्यार्थीहरूको मेहनत भने अलि बढी नै चाहिन्छ। एसएलसी परीक्षाका प्रश्नहरू पूरा देशभरकै लागि सोधिने र प्रि–सेन्टअप परीक्षाका प्रश्नहरू क्षेत्र विशेषले बनाउने हुँदा पछिल्ला प्रश्नहरू केही गाह्रा हुने गरेका हुन्।

प्रि–सेन्टअप परीक्षाको तयारीको कुरा गर्दा विद्यार्थीहरूको भूमिका बढी हुने नै भयो, तर शिक्षक तथा अभिभावकको भूमिका पनि कम हुँदैन। यसर्थ अभिभावक तथा शिक्षकले विद्यार्थीहरूमा देखिने परीक्षाप्रतिको नकारात्मक भावना हटाउन परीक्षाको उद्देश्य स्पष्ट पारिदिनुपर्छ। जाँच भनेको कुनै बोझ होइन, जाँचसित डराउनुपर्दैन, यो आफ्नो खुबी देखाउने मौका हो भन्ने कुरामा विद्यार्थीहरू स्पष्ट हुनुपर्छ। विद्यार्थीहरूले निर्देशन राम्रोसँग नपढ्ने, प्रश्नमाथि राम्रो विचार नपुर्‍याई लामो जवाफमात्र लेखे उनीहरू दिइएको समय सदुपयोग गर्न सक्दैनन्। तसर्थ दिइएको निर्देशन राम्रोसँग पढ्ने र उत्तर लेख्नुअघि एकछिन विचार गर्नुपर्छ भनेर शिक्षक तथा अभिभावकले विद्यार्थीहरूलाई सिकाउनुपर्छ। जानेको कुरा चाहिनेभन्दा बढी लेख्ने अनि पूरै प्रश्न हल गर्न समय नपुग्नु धेरै विद्यार्थीको



साझा समस्या हो।

यसैगरी विद्यार्थीहरूले आफूलाई सजिलो लाग्ने विषयलाई कम समय र अप्ठेरा लाग्ने विषयलाई बढी समय छुट्याएर सोहीबमोजिम तयारी गर्नुपर्छ। आफै जागरूक भएर पढ्ने विद्यार्थीहरूका अभिभावकलाई खासै समस्या हुँदैन र उनीहरूले पढ्नका लागि अनुकूल वातावरण मिलाइदिए मात्र पुग्छ। केही विद्यार्थी भने बाबु–आमालाई देखाउनका लागि मात्र पढेको बहाना गर्ने पनि हुन्छन्। यो समूहमा पर्ने विद्यार्थीका अभिभावकले आफ्ना नानीहरूले पढेका बेलामा के पढेका छन् भन्ने पनि खोजिनीति गर्नुपर्छ। किनकि यस्ता विद्यार्थीहरू जानेको र सजिला विषयचाहिँ पढ्ने तर अप्ठेरो लाग्ने विषय पल्टाउँदै नपल्टाउने स्वभावका समेत हुन्छन्।

गणितजस्तो अलि बढी अभ्यास चाहिने विषयलाई रातिको समय छुट्याउँदा राम्रो हुन्छ। यसैगरी विज्ञानजस्ता घोक्नुसमेत पर्ने विषयका लागि बिहान सबेरैको समय उचित हुन्छ। परीक्षामा प्राप्तांक प्रतिशत बढाउन नेपाली, अंग्रेजी, सामाजिक शिक्षाजस्ता भाषा विषयहरूको पनि ठूलो भूमिका रहने कुरा बिर्सनु हुँदैन। के पनि देखिएको छ भने विद्यार्थीहरूले भाषा विषयहरूलाई चाहिने भन्दा बढी हेलचेक्र्याइँ गर्दा ती विषयमा निकै कम अंक आएकै कारण गणित, विज्ञानजस्ता विषयमा नब्बे कटाउँदा समेत विशिष्ट श्रेणी नआएका धेरै उदाहरण छन्।

*(शिक्षक, ड्याफोडिल पब्लिक स्कुल, कपन, काठमाडौं)*

# क्यारियर योजनाका लागि केही उपयोगी सुझाव



जीवनमा के गर्ने भन्ने योजना आफूलाई लामो र जटिल भएको लागेपछि केही सजिलो उपाय अवलम्बन गर्नु नै उपयुक्त हुन्छ। यसका लागि पाँच मुख्य सुझावमाथि ध्यान दिनु आवश्यक छ।

**आफ्नो रुचि वा चाहना**

यदि तपाईंलाई कुनै कार्य ज्यादै मन पर्छ, उक्त कामप्रति लगाव छ वा त्यो कार्य गर्न आनन्द आउँछ र जाँगर चल्छ भने यसबाट तपाईंको रुचि केमा छ भन्ने पत्ता लगाउन सकिन्छ। तर यो आवश्यक छैन कि हरेक मन पर्ने कार्य पनि क्यारियर बन्नुपर्छ। आफूलाई मन पर्ने कार्य पनि एउटा सीमासम्म मात्र गर्न सकिन्छ। कुनै पनि क्यारियरको प्राथमिक लक्ष्य आर्थिक आवश्यकताको पूर्ति हो भने अन्तिम लक्ष्य आत्मिक सन्तुष्टि। कुनै पनि कामलाई टाइम पास वा सौखका रूपमा लिनु क्यारियर होइन। क्यारियर निमार्णका लागि समयको आवश्यकताअनुसार रुचिमा पनि परिवर्तन ल्याउनुपर्छ। क्यारियरमा आफ्नो परिवर्तित रुचि र चाहनाले विशिष्टि महत्त्व राखेको हुन्छ। किनकि रुचिपूर्वक गरिएको काम राम्रो रूपमा सम्पन्न गर्न तथा आत्मसन्तुष्टि प्राप्त गर्न सकिन्छ।

**क्षमता र योग्यता**

निश्चित दायित्व पूरा गर्न व्यक्तिमा जिम्मेवारीअनुसारको योग्यता एवं क्षमता हुनु आवश्यक हुन्छ। योग्यताका लागि व्यक्ति शिक्षितप्रशिक्षित भएझैं कुनै ठीक र उपयुक्त निर्णय लिन, सामयिक निर्णय लिन र समयमै कदम चाल्न व्यक्तिमा क्षमता हुनु आवश्यक हुन्छ। त्यसैले व्यक्तिले आफ्नो चाहनाअनुसारको क्यारियरको योजनाको रूपरेखा तयार गर्दा आफ्नो योग्यता र क्षमतालाई पनि ध्यान दिनुपर्छ। व्यक्तिले आफूले गर्न खोजेको काम कम उमेरमै पाए अगाडि बढ्ने र उच्च पदसम्म पुग्ने सम्भावना हुन्छ। कुनै पनि काम सानो–ठूलो हुँदैन। बढ्दो जनसंख्या र प्रतिस्पर्धाको बीचमा पनि नयाँ सिर्जनात्मक सोच एवं क्षमताका साथ अगाडि बढ्दा अवश्य पनि काम पाउन सकिन्छ।

**उपयोगिता र आवश्यकताको माग**

तपाईंको कामले कति क्षेत्र ओगटेको छ, ध्यान दिनु आवश्यक छ। उक्त कामको कति माग छ ? समाजमा त्यसको उपयोगिता, स्थान, आवश्यक्ता र माग कति छ ? परिवेश के हो ? व्यवसायबाट कति आय आर्जन गर्न सकिन्छ ? आदि–आदि। ग्रामीण भेगमा क्यारियरको अलग क्षेत्र पनि हुन सक्छ, तर सहरमा आधुनिक विकासका क्षेत्रहरू नै क्यारियर निर्माणका क्षेत्र हुन्। सञ्चारमाध्यम, इन्जिनियरिङ, चिकित्सा, इलेक्ट्रिकल, होटल म्यानेजमेन्ट, पर्यटन, इन्टेरियर डेकोरेसन, डिजाइनिङ, मोडलिङ विज्ञापन, ब्युटीसियन, व्यापार–व्यवसाय, उत्पादन, उद्योगधन्दामा विशेषज्ञता आदि क्षेत्रमा काम र नाम दुवै पाउन सकिन्छ। सरकारी जागिरको क्षेत्र बृहत्तर हुँदाहुँदै पनि यस क्षेत्रमा प्रतिस्पर्धा पनि बढ्दै गएको छ। यसका साथै दिनप्रतिदिन सुविधा र आकर्षण बढ्दै गएकाले निजी व्यवसाय वा क्षेत्र पनि क्यारियरका लागि उपयुक्त, प्रगतिमूलक तथा सुखद बाटो बन्न थालेका छन्।

**मानसिक एवं शारीरिक अनुकूलता**

यदि क्यारियर व्यक्तिको मानसिक र शारीरिक स्वास्थ्यअनुकूल छैन भने सम्पूर्ण कुरा गौण हुन पुग्छ। आपांगले पनि अनौठो काम गर्न सक्ने क्षमता राख्छ। यस दृष्टिले सबलांगका लागि केही पनि असम्भव छैन, तर आफ्नो स्वास्थ्य अवस्थाअनुकूलको कार्यक्षेत्र रोज्दा कार्य सरल र सफल हुनसक्छ। त्यसैले आफ्नो स्वास्थ्यअनुकूलको कार्यक्षेत्रप्रति ध्यान केन्द्रित गर्नु आवश्यक छ।

**परिस्थिति र प्रियजन**

आफ्नो काममा परिवार, सामाजिक परिवेश र मित्रले कतिको सहयोग पुर्‍याउन सक्छ ? कतिको जानकारी उपलब्ध गराउन सक्छ ? भन्ने ध्यान पुर्‍याउनुपर्छ। पुँजी जुटाउन, जानकारी उपलब्ध गराउन, सरसल्लाह उपलब्ध गराउन जस्ता अन्य कुरामा पनि परिवार र साथिभाइको सहयोग आवश्यक हुने भएकाले यिनको भूमिकालाई महत्त्व दिनुपर्छ। अनुकूल क्यारियरको छनौट अनुकूल जीवनसाथीको छनौट जतिकै महत्त्वपूर्ण छ। ठूलो डिग्री हासिल गरेपछि एकैचोटि ठूलै पद पाइन्छ भन्ने हुँदैन। त्यसैले सबैतिरबाट परिस्थितिलाई अनुकूल बनाउन आफू सर्वप्रथम सकारात्मक सोच र दृढ अठोट लिएर अघि बढ्नुपर्छ।

**–भोला महतो**

## अवसर

• साउदी अरबको अलखोबार सहरस्थित एक वैदेशिक रोजगारदाता कम्पनीका लागि प्रमाणपत्र तह उत्तीर्ण ५० जना सेल्स स्टाफ, प्रमाणपत्र तह उत्तीर्ण २५ जना र एसएलसी उत्तीर्ण २५ जना वेयरहाउस स्टाफको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको नेपालस्थित प्रतिनिधिसँग फोन नम्बर ४४७४१८७ मा सम्पर्क गर्नुहोला।

• काठमाडौंस्थित एक ओरल तथा डेन्टल केयरका लागि एक जना डेन्टल सर्जन, एक जना डेन्टल असिस्टेन्ट, एक जना डेन्टल हाइजेनिस्ट तथा एक जना रिसेप्सनिस्टको आवश्यकता छ। योग्य व्यक्तिले फोन नम्बर ६२१६०८८ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक व्यापारिक संस्थाका लागि एसएलसी उत्तीर्ण १५ जना महिला तथा पुरुष कर्मचारीको आवश्यकता छ। इच्छुक व्यक्तिले संस्थाको फोन नम्बर ०१–६२२६५२९ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक ल्याङ्वेज इन्स्टिच्युटका लागि कम्प्युटरसम्बन्धी एक जना दक्ष महिला काउन्सिलरको आवश्यकता छ। योग्य महिलाले इन्स्टिच्युटको फोन नम्बर ४२४०५१७ मा सम्पर्क राख्नुहोला।


• पोखरास्थित एक विद्यालयको निम्नमाध्यमिक तहका लागि न्यूनतम् आईएस्सी उत्तीर्ण विज्ञान तथा गणित शिक्षकको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त व्यक्तिले फोन नम्बर ०६१–४३२०४८ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक कलेजका स्नातक तहका लागि मास कम्युनिकेसन र होटल म्यानेजमेन्ट विषयका लेक्चररको आवश्यकता छ। प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेर अनुभव प्राप्त व्यक्तिले कलेजको फोन नम्बर ४२७७२०२ मा सम्पर्क राख्नुहोला।

## नायिकापछि गायिका



नायिका निरुता सिंहले एक लोकदोहोरी संग्रहका लागि गीत गाएकी छिन् । चलचित्र निर्देशक शिव रेग्मीको सहायकका रूपमा कार्यरत मुस्कान ढकाल एवं कमल दाहालको शब्द संकलन तथा लयमा बजारमा आउन लागेको उक्त एल्बमको एउटा दोहोरी गीत नायिका सिंहको आवाजमा रेकर्ड गरिएको छ । पश्चिमी लोकलयमा आधारित उक्त गीतमा आमा र छोराको वियोगान्त कथा समेटिएको छ । 'आमा नरुनु सम्झेर, बाँसको डोली चढेर म जाँदा..' बोलको उक्त दोहोरीको म्युजिक भिडियोको निर्देशन निर्देशक रेग्मीले नै गर्ने भएका छन् भने म्युजिक भिडियोमा अभिनेत्री मिथिला शर्मालाई अभिनय गर्ने प्रस्ताव राखिएको छ । नायिका सिंहले यसअघि केही चलचित्रका साथै केही महिनाअघि एक आधुनिक एल्बमका लागि गीत गाइसकेकी छिन् ।



## गायिका गौरी

**कुनै** समयकी चर्चित नायिका गौरी मल्ल यतिखेर आफ्नो एकल गीतिसंग्रह सार्वजनिक गर्ने तयारीमा छिन् । पछिल्ला वर्षहरूमा जापानमा बस्दै आएकी नायिका मल्ल दसैं-तिहार मनाउन काठमाडौं आएको समय पारेर गीतिसंग्रहको तयारीमा जुटेकी हुन् । कविता एवं गीत लेखनमा रुचि राख्ने मल्लले उक्त गीतिसंग्रहका लागि शब्द, संगीत तथा स्वर आफैंले प्रदान गरेकी छिन् । कुल आठवटा गीत समावेश हुने उक्त संग्रहमा सञ्जय श्रेष्ठ तथा न्ह्यू बज्राचार्यले एक-एकवटा गीतमा संगीत दिएका छन् ।







## गफै त हो
## केश बढाउने प्रतिस्पर्धा

नायकद्वय राजेश हमाल र रमित ढुंगानाले केश काटे भने के होला ? यो प्रश्न कुनै चलचित्र निर्मातासँग सोध्दा उत्तर आउनेछ- 'बित्यासै पर्छ ।' अझ उनीहरूलाई नायक लिएर चलचित्र निर्माण गरिरहेका निर्देशक त झर्किन पनि सक्छन्- 'वाहियात, कन्ट्युनिटी बिग्रिँदैन ?' राजेश र रमितको केश लामो हुनु कुनै फेसन होइन, बाध्यता हो । नेपाली चलचित्र जगत्मा कुन नायक सर्वाधिक व्यस्त छन् ? भन्ने तथ्य उनीहरूको केशबाट थाहा हुन्छ । जो जसका केश लामा छन्, ती सबै व्यस्त नायक हुन् । नायक राजेश हमाल र रमितका केश त कुमसम्मै पुगिसके भनेपछि उनीहरू निकै व्यस्त छन् । अचेल निखिल उप्रेतीको केश पनि लामो देखिन थालेको छ । सुशील क्षेत्री र दिलीप रायमाझी पनि केश लामो बनाइरहेका छन् । विक्रान्त बस्नेतको 'जोन अब्राहम कट' पनि लामो हुँदैछ । सुमन सिंहले पनि नौलो गेटअप दिन केश काटेका छैनन् । विराज भट्टको केश हेर्दा लाग्छ, उनी महिनौं भैसक्यो सैलुन नछिरेको । हालै पोखरामा भेटिएका नायकद्वय निखिल र दिलीप साप्ताहिकसँग भन्दै थिए- 'केश मिलाउने फुर्सद छैन ।'

## राजेश हमाल नम्बर टु



यी नायकका बारेमा सञ्चारजगत्ले त्यति चासो लिँदैन । उनी आफैं पनि सञ्चारबाट टाढा भाग्छन् । यद्यपि उनको व्यस्तता सञ्चारमाध्यममा छाइरहने राजेश हमालको भन्दा कम छैन । अचेल उनलाई भन्न थालिएको छ- 'गरिब निर्माताका राजेश हमाल ।' यो शब्द सुनियो, हालै विश्वज्योति चलचित्र भवनमा चलचित्र 'माझी मामा'को प्रथम प्रदर्शनका बखत । कामबाहेक लप्पन-छप्पन नजान्ने यी नायक हुन्- सुशील क्षेत्री । चलचित्र 'माझी मामा'को प्रथम प्रदर्शन आरम्भ भयो । नायक सुशील भने चलचित्र भवन परिसरमा चिया पिइरहेका थिए । 'आफ्नै चलचित्र नहेर्ने ?' उनलाई सोधियो । उनले भने- 'डबिङको बेला हेरिसकें । इन्टरभलपछि मात्र मेरो दृश्य आउँछ, दर्शकको प्रतिक्रिया बुझ्न भित्र छिर्छु ।' सुशीललाई राजेश हमालसँग दाँज्ने चलचित्रकर्मीले बेलीविस्तार लगाए- 'सुशील पहिले पनि व्यस्त थिए, अहिले पनि छन् । चर्चा कम हुने भए पनि उनी महँगो पारिश्रमिक तिर्न नसक्ने निर्माताहरूका लागि राजेश हमालभन्दा के कम छन् र ?'

# चल्यो रोमान्सको लहर

गोपीकृष्ण मुभिजले घोषणा गरेका सातमध्ये दुईवटा चलचित्र प्रेमकथामा आधारित छन्। तीमध्ये "पर्खी बसें" सार्वजनिक हुने क्रममा छ भने पुरानो "कुसुमे रुमाल"को सिक्वेल नयाँ "कुसुमे रुमाल" पनि प्रेमकथामूलक नै हुनेछ। संगीत र प्रेमलाई मिश्रण गरेर दीपक श्रेष्ठको निर्देशनमा निर्माण भै आगामी महिना सार्वजनिक हुने चलचित्र "पर्खी बसें"मा नयाँ नायक राजबल्लभ एवं नयाँ नायिका यमुना उप्रेतीको रोमान्स देखाइँदैछ।





सुव्रत आचार्य

युवा जोस र जाँगरले भरिपूर्ण युवक र बैंसले भरिएकी युवतीको अनायसै भेट हुन्छ । त्यो भेट केही समयपछि प्रेमका रूपमा झांगिन्छ । 'प्रेमका शत्रुहरू' उनीहरूको प्रेम झांगिएको देख्न सक्दैनन् । उनीहरूलाई अलग पार्ने प्रयत्न हुन्छ तर अन्त्यमा जित प्रेमकै हुन्छ । यस्तै कथा हुन्छ, सबैजसो प्रेमकथात्मक चलचित्रको । त्यसमा पनि हिन्दी र नेपाली चलचित्रका प्रेमकथाको त भाषा मात्र फरक हुन्छन् । बलिउडको चलचित्र निर्माणमा अहिले कुनै 'ट्रेन्ड' हावी भएको छैन । त्यहाँ अहिले सबै प्रकारका चलचित्र बन्ने गरेका छन् । यद्यपि हास्यचलचित्र सबैभन्दा बढी बनिरहेका छन् । नेपालमा भने नायक निखिल उप्रेतीको आगमनपछि नेपाली चलचित्रको प्रेमधार अनायसै 'एक्सन' तर्फ मोडियो । प्रेमकथा होस् वा पारिवारिक कथा, सबैमा नायकहरू उड्न र उफ्रन थाले । 'एक झापडमा सात खतम' भन्ने उक्ति नायकहरूको एक्सनमा साकार हुन थाल्यो ।

'कुसुमे रुमाल' एवं 'दर्पणछायाँ'लाई सबैभन्दा सफल व्यावसायिक चलचित्र मानिएको छ । ती चलचित्र प्रेमकथात्मक थिए, तर नेपाली चलचित्रका निर्माताहरू भने प्रेमकथात्मक चलचित्र निर्माणतर्फ निकै कम लागे । निर्माताहरू बलिउडका 'शोले' र 'जंजिर'को प्रभावमा परेर एक्सन चलचित्र नै बनाइरहेका छन्, तर अब फेरि नेपाली चलचित्रमा प्रेमकथाको लहर चल्न थालेको छ । नयाँ नायक र नायिकालाई लिएर चलचित्र निर्माण गर्ने केही चलचित्र निर्माताहरूले प्रेमकथालाई आफ्ना चलचित्रको विषय बनाएका छन् ।

गोपीकृष्ण मुभिजले घोषणा गरेका सातमध्ये दुईवटा चलचित्र प्रेमकथामा आधारित छन् । तीमध्ये 'पर्खी बसें' सार्वजनिक हुने क्रममा छ भने पुरानो 'कुसुमे रुमाल'को सिक्वेल नयाँ 'कुसुमे रुमाल' पनि प्रेमकथामूलक नै हुनेछ । संगीत र प्रेमलाई मिश्रण गरेर दीपक श्रेष्ठको निर्देशनमा निर्माण भै आगामी महिना सार्वजनिक हुने चलचित्र 'पर्खी बसें'मा नयाँ नायक राजबल्लभ एवं नयाँ नायिका यमुना उप्रेतीको रोमान्स देखाइँदैछ । यो चलचित्र प्रेममा प्राप्ति र विछोडको कथा वरिपरि घुमेको छ । दुई वर्षअघि व्यवसायिक सफलताको स्वाद चाखेको चलचित्र 'धड्कन'को ग्ल्यामरयुक्त रोमान्स दर्शकले मन पराएका थिए । त्यसैको निरन्तरता निर्माणको क्रममा रहेको चलचित्र 'दीपशिखा' मा पाइनेछ । यो चलचित्रमा भुवन केसीपछि रोमान्टिक छवि बनाएका नायक दिलीप रायमाझी तथा एक्सन नायक विराज भट्टका साथ एउटी नयाँ नायिका तथा अरुणिमा लम्सालले पर्याप्त रोमान्स गर्नेछन् ।

'युगदेखि युगसम्म', 'प्रेयसी' जस्ता सफल प्रेमकथात्मक चलचित्र बनाएका निर्देशक दीपक रायमाझीले पनि नायक अर्जुन कार्की र नयाँ नायिका सञ्जिता गुरुङलाई 'प्रेमजोडी'का रूपमा चलचित्र 'हाम्रो मिलन कहिले हुन्छ' मार्फत ठूलो पर्दामा उतार्दैछन् । रायमाझीले यो चलचित्रमा अन्तर्जातीय प्रेमलाई मुख्य विषय बनाएका छन् । एक दर्जनजति एक्सन चलचित्र बनाइसकेपछि निर्देशक सोभित बस्नेतले पनि आफ्नो आगामी चलचित्र 'मिसन लभ इन सिक्किम'को विषय प्रेमकथालाई नै बनाएका छन् । चलचित्रमा केही युवकको सिक्किमका युवतीहरूसँगको प्रेम देखाइएको छ ।

नेवारी समाजमा प्रसिद्ध प्रेमकथा 'सिलु'लाई चलचित्रमा उतारेका निर्माता स्व.प्रेम बानियाँका सुपुत्र पदम बानियाँले प्रेमकथा नै हावी भएको चलचित्र 'माझीमामा' निर्माण गरेका छन् । प्रदर्शनको सँघारमा रहेको यो चलचित्रमा उनले टेलिचलचित्रहरू मार्फत नाम कमाएका विष्णु रिजाल र सौजन्य सुब्बाका अतिरिक्त नयाँ नायक/नायिका सन्तोष केसी र उमाबेबीलाई प्रस्तुत गरेका छन् । निर्माता सुनील मानन्धरले दिनेश डिसीको निर्देशनमा निर्माण गर्न लागेको चलचित्र 'मायाज बार'लाई डिसीले प्रयोगात्मक प्रेमकथा समेटिएको चलचित्र बताएका छन् । एउटी बार डान्सरको प्रेमकथालाई चलचित्रको विषय बनाइएको छ । 'प्रेम कहिल्यै मर्दैन, यो अजर-अमर हुन्छ' भनिएझैं चलचित्रमा प्रेमकथात्मक चलचित्र पनि दर्शकले सधैं मन पराइरहन्छन् । मारधाड र हिंसालाई छाडेर अब नेपाली निर्माताहरू प्रेमलाई नै आफ्नो चलचित्रको विषय बनाई रोमान्सको लहर ल्याउँदैछन् ।



## जलविनायक महोत्सव




**साप्ताहिक समाचार**

काठमाडौं- काठमाडौं उपत्यकाका बारेमा एउटा किंवदन्ती छ– जलमग्न तालजस्तो उपत्यकाको दक्षिण-पश्चिमको चोभार पहाडलाई मञ्जुश्रीले खड्गले काटेर पानी निकास गरी उनले यहाँ बस्ती बसालेका थिए। अहिले पनि चोभारको जलविनायकबाटै उपत्यकाको पानी निकास हुन्छ। उपत्यकावासीका फोहरमैला बटुलेर बाग्मती नदी त्यही निकासबाट बाहिरिन्छ। उपत्यकाका चार विनायक (गणेश) मध्ये एक जलविनायकका साथै मञ्जुश्री गुफा पनि यही क्षेत्रमा छ। यसका साथै अनेकौं ऐतिहासिक तथा प्राकृतिक दृश्यावलोकनका लागि प्रसिद्ध मानिएको जलविनायक क्षेत्रको विकासका लागि गत शुक्रबार तथा शनिबार उक्त स्थानमा एक महोत्सव सम्पन्न भयो। स्थानीय कृषिजन्य उत्पादन तथा हस्तकलाका साथै परिकारहरूको स्टलहरू राखिएको महोत्सवमा बाबु बोगटी, यशकुमार आदि गायकले संगीतमय बनाएका थिए। महोत्सवलाई आयोजना जलविनायक सामुदायिक वन उपभोक्ता समूहले गरेको थियो।

## रोट्र्याक्टरहरू जमे डान्सपार्टीमा

बुटवल- सधैं राजनैतिक गोष्ठी एवं सेमिनार हुने स्थानीय हाटबजार लाइनस्थित रूपन्देही उद्योग संघको सभाहलमा यो शनिबार साँझ बेग्लै रमझम भयो। मंसिरको जाडो, त्यसमाथि साँझपखको सिरेटोले तापक्रम चिसिँदै थियो तर युवायुवतीहरू भने गर्मीले असिनपसिन भै ज्याकेट-कोट आदि फुकाल्दै थिए। प्रसंग हो, देशभरका रोट्र्याक्टरहरूबीच यहाँ आयोजित डान्सपार्टीको, जहाँ उनीहरू छुट्टै आनन्दसाथ रमाइरहेका थिए उन्मुक्त वातावरणमा। २५ देखि ३५ वर्ष नकटेका रोट्र्याक्टरहरू टाईसुटमै ह्वीस्कीको चुस्कीसँगै संगीतको तालमा नाच्दै थिए। उनीहरूलाई बुटवलका चर्चित डीजे वसन्त श्रेष्ठले नेपाली तथा हिन्दी भाषाका एक दर्जनभन्दा बढी गीत बजाएर झन्डै चार घण्टा नचाएका थिए। रोट्र्याक्ट क्लबहरूको यो वर्षको पहिलो राष्ट्रिय भेलामा सहभागी अध्यक्ष र सचिवहरूको मनोरन्जन र रमाइलोका लागि आयोजित डान्स पार्टीमा उनीहरू यसरी सरिक भएका हुन्। महिला रोट्र्याक्टरहरू थोरै संख्यामा सहभागी पार्टीमा हास्यकलाकार चेतन ढकालले प्रकाश ओझाको 'भत्काइदिन्छु बाख्राको खोर..' र कोमल वलीको 'पोइल जान पाम.. ' गीतमा रोचक नृत्य गरेर सबैलाई हँसाएका थिए। यसै गरी स्थानीय कलाकारहरू अनु रजक, दुर्गा थापा, मुकेश गुरुङ र पूनमले हिन्दी तथा नेपाली गीतमा नृत्य गरेर सहभागीहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गरे। चुट्किला, गजल एवं मुक्तक प्रस्तुतिले अविस्मरणीय भएको पार्टी साँझ ६ देखि राति १० बजेसम्म चलेको थियो।

-टोपराज शर्मा



## फुर्सदको कुराकानी



सुस्मिता गुरुङ, हङकङमा सम्पन्न मिस ट्यालेन्ट हन्ट-२००७ की विजेतार। भैरहवा स्थायी घर भएकी सुस्मिता हङकङ र ताइवानको प्रतिनिधि भएर चितवन र पोखरामा सम्पन्न बौद्ध धार्मिक बैठकमा कार्यपत्र प्रस्तुत गर्न नेपाल आएकी थिइन्। १९ वर्षीया सुस्मिता मोडलिङसँगै समाजसेवामा पनि त्यत्तिकै रुचि राख्छिन्। सन् २००१ मा भैरहवामा भएको लिटिल लेडी प्रतियोगिताको उपाधि जितेपछि यस क्षेत्रप्रति उनको मोह बढेको हो। अंग्रेजी, चिनियाँ तथा जापानी भाषामा पनि दख्खल राख्ने सुस्मिता हालै पोखरा आएका बेला शिव शर्माले गरेको कुराकानी :

**मिस ट्यालेन्ट हन्ट हङकङको उपाधि जित्दा कस्तो महसुस भयो ?**

एकदमै हर्षित भएँ। मेहनत गरेअनुरूपको सफलता हासिल गरेजस्तो लाग्छ। बरु यो उपाधिको उपयोग कसरी गर्ने भन्ने विषयमा सोचिरहेकी छु। ममा यसले ठूलो जिम्मेवारी बढेको अनुभव भएको छ।

**उपाधि नै पाउँछु भन्ने लागेको थियो ?**

ममा आत्मविश्वास थियो। प्रतिस्पर्धी साथीहरूले पनि तिमीले नै जित्छौ भनेर हौस्याउँथे। म मञ्च अगाडि फेस टु फेस भएर बोल्न कहिल्यै डराइनँ। त्यही भएर मलाई उपाधि नै जित्छु भन्ने पूर्ण विश्वास थियो।

**सौन्दर्य प्रतियोगिता आयोजना हुनु राम्रो हो र ?**

बिल्कुलै राम्रो हो। सौन्दर्य प्रतियोगितामा केवल ब्युटी र ग्ल्यामर हुँदैन। यो आफूभित्र लुकेको प्रतिभा देखाउने प्लेटफर्म हो। प्रतियोगितामा उपाधि जित्नेले अवसर पनि पाइरहेका छन्। यस किसिमको प्रतियोगिताले सबैमाझ चिनिन पनि मद्दत गर्छ।

**सौन्दर्य प्रतियोगितामा कसरी आकर्षित हुनुभयो ?**

भैरहवामा कक्षा ६ मा पढ्दा म कक्षाकै उत्कृष्ट विद्यार्थी थिएँ। शिक्षकहरूले मेरो क्षमता देखेर बालसौन्दर्य प्रतियोगितामा भाग लिन अनुरोध गर्नुभयो। परिवारको दबाबबीच पनि मैले भाग लिएँ र उपाधि जितें। हङकङ गैसकेपछि त्यहाँको वातावरण र मिस हङकङ नेपाल हेरेपछि रुचि बढ्न थाल्यो। म अवसरको खोजीमा थिएँ र अहिले मिस ट्यालेन्ट हन्टले उपाधिले मेरो इच्छा पूर्ति गर्‍यो।

**तपाईंको सौन्दर्यको रहस्य ?**

खानपिनमा ध्यान दिन्छु। सकारात्मक सोच राख्छु। म आँखामा गाजल लगाउने बाहेक अरू मेकअप गर्दिनँ।

**नेपालबाट टाढा रहनुपर्दा नरमाइलो लाग्दैन ?**

निश्चित रूपमा आफ्नो देश र माटो प्राणभन्दा प्यारो हुन्छ। ठूल्ठूला चाडपर्व आउँदा अझै देश र घरपरिवारको बढी सम्झना आउँछ। आफ्नो मौलिक संस्कृति र प्रकृतिले पनि त्यत्तिकै तान्छ तर हाम्रो देशको अशान्त वातावरण देख्दा भने कहिल्यै नफर्कौं जस्तो लाग्छ।

**भविष्यको योजना के छ ?**

सोसियल साइन्स पढ्छु। अनाथ-असहाय बालबालिकाको क्षेत्रमा काम गर्ने सोच छ। समाजसेवामै जीवन अर्पण गर्ने योजना छ।

**राजनीतिप्रति कत्तिको चासो छ ?**

नेपालमा के भैरहेको छ भन्ने चासो त हुन्छ नै, तर हाम्रो देशको राजनिति त्यति स्वच्छ भएजस्तो लाग्दैन। नेताहरू मुलुकका लागिभन्दा पनि सत्ताका लागि लडेका जस्ता देखिन्छन्। मुलुकको संक्रमणकालीन अवस्थामा नेताहरूको क्रियाकलापले कहिलेकाहीं दिक्क पनि बनाउँछ।

**विवाह कहिले गर्दै हुनुहुन्छ ?**

समय आएपछि विवाह भैहाल्छ। अहिले कामका बारेमा सोचिरहेकी छु। अहिले केही गरेर देखाउने बेला हो जस्तो लाग्छ।

**ब्वाइफ्रेन्ड त होला नि ?**

ब्वाइफ्रेन्ड बनाएर हिंड्ने फुर्सद नै छैन। त्यतापट्टि ध्यान पनि जाँदैन। विवाह गरे पनि प्रेमविवाह गर्दिनँ। बाबाआमाले रोजेकै केटासँग विवाह गर्छु।

**तपाईंको रुचि केमा छ ?**


कला अनि नृत्यमा।

**खानामा के मन पर्छ ?**

साधारण दाल-भात। शाकाहारी हुँ, चिया-कफी पनि पिउँदिनँ।





# कलाकारको घुम्ने इच्छा

**दिवस गुरागाईं**

नाम चलेका धेरैजसो चलचित्र कलाकारले दसगजा काटेकै छन्। त्यसमा पनि गन्तीमा आएका कलाकारलाई त विदेशी भूमि पानी पँधेरो बराबर छ तर पनि उनीहरू विदेशभन्दा स्वदेशमै घुम्न बढी मन पराउँछन्। कुनै पनि कलाकार डुल्न-घुम्न भनेर बजेट छुट्याउँदैनन्। कतिपय कलाकार अमेरिका घुम्न पाए ऋण काढेरै भए पनि जाने बताउँछन्, तर भिसा पाइने हो कि होइन भन्ने भयले उनीहरूलाई सताउँछ। विगतमा धेरै कलाकारले अमेरिकामै डेरा जमाएपछि बाँकी कलाकारलाई अमेरिकी ढोका छिचोल्न कठिन भएको हो।

युरोप-अमेरिका सम्झिएर ऱ्याल काढे पनि हाम्रा कलाकर्मी स्वदेश नै मनपर्ने गरेको बताउँछन्। राम्रो लाग्ने ठाउँको कुरा गर्दा आमकलाकार पोखरा र जोमसोमको नाम लिन्छन्। पोखरा र जोमसोम नपुग्ने कलाकार निकै कम छन्। काठमाडौं निवासी नायक रमित ढुंगाना आजका मितिसम्म पचासभन्दा बढी पटक पोखरा पुगिसकेको बताउँछन्। कलाकार हुनुअघि नै दुई दर्जनपटक पोखरा पुगेका रमित त्यहाँको प्राकृतिक सुन्दरताले आफूलाई खिच्ने गरेको कुरा सुनाउँछन्। रमितलाई सबैभन्दा मनपर्ने ठाउँ पनि पर्यटननगरी पोखरा नै हो। खतरासँग खेल्ने नायक निखिल उप्रेतीको रोजाइ अलि बेग्लै छ। उनलाई हिमालय क्षेत्रले बढी आकर्षित गर्छ। त्यसैले स्वदेशमा उनलाई जोमसोम र मुक्तिनाथ क्षेत्रले आकर्षित गर्छ। विदेशमा भने उनलाई भारतका केही स्थान मन पर्छन्। भारतमा अधिकांश सहर र पर्यटकीय क्षेत्र घुमिसकेका निखिललाई बेंगलोर र उँटी विशेष मन पर्छन्।

चञ्चले नायिका रेखा थापा भने डुल्न मन पराउँदिनन्। धेरैपटक पोखरा पुगेकी रेखालाई प्राकृतिक सुन्दरताले तान्ने पनि पैदल यात्रा वा यातायातका साधनबाट गरिने कुनै पनि भ्रमणमा रुचि छैन। उनी एकपटक मुक्तिक्षेत्रसम्म पुग्ने इच्छाचाहिँ राख्छिन्। सुपरस्टार नायक राजेश हमाल दर्जनौं देश घुमेका छन्। रूस र भारतको चण्डीगढमा उच्चशिक्षा लिएका हमाललाई नेपालको जोमसोम र पोखरा मनपर्छ। छोटो छुट्टीमा पोखरा र अलि लामो छुट्टीमा जापान पुगिहाल्ने सुपरस्टार हमालको चण्डीगढसँग भावनात्मक नाता गाँसिएको छ। सबैभन्दा बढी विदेश घुम्ने कलाकारमा हमाल अगाडि छन्। गएको दसैं पोखरामा बिताएका हमाल त्यसअघिका दसैंमा जापान पुग्थे।

चलचित्रका धेरैजसो नायिका दर्जनौंपटक विदेश पुगेका छन्। खाडी मुलुक, जापान, कोरिया, हङकङ आदिसम्म पुग्ने नायिकाहरू त्यहाँ पुगेर डुल्ने हैसियतचाहिँ राख्दैनन्। अक्सर सांस्कृतिक कार्यक्रममा भाग लिन विदेश जाने नायिकाहरू छोटो समयका कारण पनि घुम्न पाउँदैनन्। यसरी विदेश गैरहने नायिकाहरूमा रेखा थापा, विपना थापा, निरुता सिंह, उषा पौडेल, झरना थापा, अरुणिमा लम्साल आदि छन्।

सांस्कृतिक कार्यक्रमका लागि विदेश गैरहने नायकहरूमा दिलीप रायमाझी अगाडि छन् तर पनि विदेशमा त्यति धेरै घुमेको अनुभव दिलीपसँग छैन। उषा र अरुणिमासँग पनि सांस्कृतिक कार्यक्रममा विदेश जाँदा घुम्न पाइँदैन भन्ने अनुभव छ। त्यसो त यी कलाकारलाई त्यति धेरै घुम्ने जाँगर पनि छैन। स्वदेशमा यी कलाकार धेरै ठाउँ पुगेका भए पनि छायाँकनका क्रममा मात्र हो। उषा, झरना, अरुणिमा र दिलीपको पनि प्रिय ठाउँ पोखरा नै हो।

संसार घुम्ने वा घुमिरहने कलाकारहरूमा महजोडी, आकाश अधिकारी, आरपी पन्त, युवराज लामा, नवीन सुब्बा आदि पर्छन्। यीमध्ये धेरैजसोलाई स्वीजरल्यान्ड मनपर्छ। आरपी पन्तलाई लन्डन, आकाश अधिकारीलाई इटाली, युवराज लामालाई म्युनिख विशेष मनपर्ने ठाउँ हुन्। स्वदेशमा चाहिँ यीमध्ये अधिकांशलाई पोखरा र मुक्तिक्षेत्र नै मनपर्छ। सबै आफ्नो जन्मस्थान विशेष मनपर्ने कुरा बताउँछन्। यीमध्ये हरिवंश आचार्य, आरपी पन्त एवं युवराज लामाको जन्म जिल्ला काभ्रे हो।

एक दिन वा दुई दिनका लागि जान रमाइलो लाग्ने ठाउँमा धेरैजसो कलाकारले धुलिखेल र नगरकोटको नाम लिए भने लामै छुट्टी पनि बिताउन सकिने ठाउँका रूपमा पोखरा नै सबैको रोजाइमा रह्यो।





## छमछम मारुनी



इलाम- ख्याली भाका गाउँदै माइपोखरी- ४ का अमृत विकले मादल ठोकेको डेढ साता बितिसकेको छ। औंलाका जोर्नीहरू सुन्निएर निकै पीडा भए पनि उनको समलाको तालमा माधुर्यता घटेको थिएन। छिमेकी दिल राईको पनि पैतालामा ठेला उठिसकेको छ, तर भेष बदलेर नाच्न उनी कम देखिएनन्।

तिहारको औंसीदेखि निरन्तर देउसी खेल्दै मारुनी नाचेका उनीहरूको समूह बुधबार पनि व्यस्त थियो। पवित्र माईपोखरी परिसरवरिपरि श्रद्धालुहरूको घुइँचो भएको स्थानमा आफ्नो रैथाने परम्परागत भाका र मारुनी नाच नाच्दै थिए। हरिबोधनी एकादशीका अवसरमा धूमधामका साथ माईपोखरीमा लागेको मेलामा उनीहरूले प्रस्तुत गरेको मारुनी नाचको छुट्टै रौनक देखिन्थ्यो। काठको कालो मकुण्डो, काठकै विभिन्न हतियार, नेपाली पोसाक र मादल, झ्यालीजस्ता वाद्यसामग्रीसहितको झन्डै एक दर्जनको समूहमा रहेकाहरूले सबैको मन तानेका थिए।

लोकप्रिय परम्परागत मारुनी अन्यत्र कतै नदेखिए पनि ठूली एकादशीमा माईपोखरीमा देख्न सकिन्छ। झन्डै दुई दशकदेखि मारुनी नाच्दै आएको यो समूहले परम्परा थाम्दै आएको हो। पूर्वको प्रमुख धार्मिक केन्द्र माईपोखरीमा प्रस्तुत यो मारुनी नाचमा स्थानीय तीर्थस्थलहरूको बयान गरिन्छ।

–विप्लव भट्टराई

## आदिवासीले नाचे नटुवा



दमक– ६२ वर्षीय नारायणप्रसाद ताजपुरिया यसपाली नटुवा नाच्न पाएकोमा कम खुसी छैनन्। गाउँका बूढा र युवा भेला गरेर नटुवा गाउँदै मादल ठोक्दै घरघर चहार्दैछन् उनी। 'म त तन्नेरी भएको छु', ४० वर्षअघि नटुवाको नेतृत्व गरेको स्मरण गर्दै ताजपुरिया भन्छन्- '४० वर्षपछि त्यही २२ वर्षे जोस आएको छ।' झापा र मोरडमा बस्ने आदिवासी समुदाय राजवंशी र ताजपुरियाहरू हराएको संस्कृति खोज्ने अभियानमा लागेका छन्।

नटुवा यो समुदायको लोकप्रिय र प्रचलित नृत्य हो, तर यसको भाका बुझ्ने र चासो राख्ने मान्छे पातलिँदै जाँदा यो संस्कृति नै हरायो। आदिवासी सांस्कृतिक उत्थान समितिका अध्यक्ष राजवंशी भन्छन्- '३५-४० वर्ष भैसक्यो यो नृत्य देखिन छोडेको।'

नारायण र उस जमानाका साथी सरीलाल राजवंशी– यी दुई बूढाले खोज्दै जाँदा नटुवाको टिम मात्र भेला भएन, बैसमा नटुवा नाच्दा लगाइने कपडा पनि फेला पर्‍यो। 'गेरु कमिजमा नम्बर हानेको', सरिलालले थोते दाँत देखाउँदै भने- 'यो त ०२४ सालतिर किसनगन्जबाट ल्याएको कपडाको सेट हो।' नटुवा यो जातिमा प्रचलित धार्मिक नाच हो। यसमा भगवान् कृष्ण र राधिकाको लीला देखाइन्छ। पुरुषहरू नै महिलाको भेष धारण गरेर राधिका बन्छन्। एक जना कृष्ण, अरू उनका सहयोगी र एउटा बतिया (जोकर) हुन्छन्। यो नाचमा १० जनासम्म सहभागी हुन्छन्।

यो नाच लक्ष्मीपूजाको दिनदेखि हरिबोधनी एकादशीसम्म नाच्ने चलन छ। उहिले अरूले देउसी खेल्दा यी दुई आदिवासी नटुवा नचाउँदै हिँड्थे। 'आउने वर्षदेखि पहिलेजस्तै रमझम हुन्छ', खजुरगाछी-६ का पूर्वजनप्रतिनिधि डोमनप्रसाद राजवंशीले भने- 'संगठित भएर सांस्कृतिक जागरणमा लागेपछि वातावरण नै बेग्लै भएको छ।'

नटुवा मात्र होइन, ढुल्की गाउन, हुदुरधुरा, ढोल, सहना, खनियाजस्ता परम्परालाई समितिले एकै ठाउँ जुटाउने प्रयास गरेको छ। 'गाउँ-गाउँमा सबै आदिवासीलाई आफ्नो संस्कृति प्रदर्शन गर्न आग्रह गर्दैछौं', राजवंशीले भने। उनीहरूले गनगाई, माझी, सतार, बातरलगायत मधेसका सबै आदिवासी जनजातिलाई सांस्कृतिक चेत भर्दै हराएका संस्कृति खोज्न र भएका संस्कृति जोगाउन गाउँ-गाउँ चहार्ने योजना बनाएका छन्।

–चेतन अधिकारी

## राईहरूको वाडाङ्मी नाच

**साप्ताहिक समाचार**

धनकुटा- च्याब्रुङ र झ्यालीको तालमा एकसाथ गोलो घेरामा खुट्टा उचालेर गीत गाउँदै रातभरि घर-घर गएर नाचिरहेका छन् धनकुटाका राई समुदायका युवायुवतीहरू। छिटको सारी, मेक्लीका साथमा कर्न फुल, बिजिकिनी, ढुंग्री-बुलाकी (राई युवतीहरूले लगाउने गहना) ले सजिएका युवतीहरू तथा नेपाली पहिरन दौरा-सुरुवाल, ढाकाटोपी, कोट र कम्मरमा पटुकाका साथमा खुकुरी भिरेका राई परिवारका युवाहरू प्रत्येक वर्षझैं यस वर्ष पनि आफ्नो संस्कृति जोगाउन लागिपरेका छन्। किराँत राईहरूको बाहुल्यता रहेको धनकुटा जिल्लाका विभिन्न स्थानमा किराँत राईहरूसँगै आठपहरिया राईहरूको मंसिरे चाड पनि सुरु भएदेखि यसरी नै नाचिरहेका छन्। धनकुटाको खोकु, छिन्ताङ, आँखीसल्लालगायतका अन्य गाविसका राईहरूले मंसिरमा वाडाङ्मी नाच्छन्। सबै किराँत राईहरूले मंसिरे पूर्णीमाको दिन विशेष गरेर मंसिरे पर्व मनाए पनि खोकु छिन्ताङ क्षेत्रका राईहरू र आठपहरिया राईहरू भने कात्तिक पूर्णमादेखि नै यो पर्व मनाउँछन्।

नेपालमै धनकुटा नगरपालिका, बेलहरा गाविस तथा वरपर गाउँमा मात्र स्थायी बसोबास गर्दै आएका आठपहरे राईहरूको संस्कृति अन्य राईहरूको भन्दा अलि फरक छ। वर्षभरिमा परिवारमा कसैको मृत्यु भएको छ भने पनि कात्तिक पूर्णिमाको दिनदेखी जुठो फुकाउने चलन छ।

राईहरूको सांस्कृतिक पर्वहरूमा पहिले पहिले आफ्नै जातीय वेशभूषा लगाएर नाचिने नाचमा अहिले भने केही परिवर्तन आएको छ। संस्कृतिलाई समयअनुसार परिमार्जन गर्दै लानुपर्ने युवाहरूको धारणासँगै सांस्कृतिक वेशभूषामा पनि परिवर्तन हुँदै आएको हो।

–भिषा काफ्ले

## ब्यूँतियो 'न्वागी' नाच

पाल्पा– पाल्पाको दोभान गाविस झ्याङ्लामा छ वर्षपछि न्वागीनाच ब्युँतिएको छ। सशत्र द्वन्द्वले गर्दा केही वर्षदेखि यो नाच नाचिएको थिएन। यस वर्ष फेरि नाच्न थालिएको हो,' झ्याङ्लाका बासिन्दा धनबहादुर गीरीले भने– 'छ वर्षपछिको न्वागी निकै रमाइलो भयो।' लोग्नेमान्छे, महिलाको पहिरन लगाएर रमाइलो गर्दै घर-घरमा पुगेर नाच्छन्, भैली लिएजस्तै रोटी, चामल, न्वागी र पैसा लिन्छन्। गाउँमा गाउने, बजाउने, नाच्ने काम हुँदा गाउँलेहरू पनि एक ठाउँमा जम्मा भएर रमाइलो गर्छन्। कात्तिकको दशमीमा न्वागी खाने र यो नाच नाच्ने चलन छ।

तानसेनबाट करिब ४० किलोमिटर दक्षिणमा पर्ने यो गाउँमा न्वागी नाच प्रख्यात छ। धान स्याहारेर फुर्सद भएका कृषकहरू न्वागी नाच्छन्। यतिबेला दही-चामल खाने, स्थानीय मन्दिरमा पूजा गर्ने चलन छ। ६० घर बसोबास रहेको झ्याङ्ला, बगाहा गाउँमा न्वागी निकै रमाइलो गरि मनाइन्छ।

'पहिले नाच्न पाइएको थिएन, यस वर्ष धीत मारेर नाचियो,' महिला पहिरन लगाएर नाचेका बगाहाका



बोमबहादुर केसीले भने– 'गाउँलेहरूले पनि शान्ति आएको महसुस गरेका छन्।' घर-घरमा खेली, मारुनी तथा भजन गाउँदै हिँड्दा पूरै गाउँ रमाइलो हुन्छ। स्थानीय बासिन्दा चोपलाल गिरीले पनि धेरै वर्षपछि रमाइलो हेर्न पाउँदा निकै खुसी लागेको बताए।

–माधव अर्याल


## चलचित्र

### आजा नाचले



विवाह गरेर अमेरिका बस्दै आएकी माधुरी दीक्षितले पाँच वर्षपछि अभिनय गरेको चलचित्र 'आजा नाचले' आज सार्वजनिक हुँदैछ। पछिल्लो सुपरहिट चलचित्र देवदासमा अभिनय गरेर बलिउड छोडेकी माधुरीले यो चलचित्रको स्क्रिप्ट मन परेकाले अभिनयका लागि परिवारसहित भारत आएको बताएकी छिन्। यशराज फिल्म्सका लागि यश चोपडाको प्रस्तुति तथा आदित्य चोपडाको निर्माणमा तयार भएको चलचित्र आज नाचलेको कथा सांस्कृतिक विषयमा आधारित छ। नृत्य प्रशिक्षणका क्रममा अमेरिका पुगेकी माधुरी भारतको शावली गाउँमा रहेका आफ्ना गुरु मकरंद (दर्शन जरिवाला) जीवनको अन्तिम अवस्थामा पुगेको थाहा पाएपछि भारत फर्कन्छिन्। त्यही गाउँमा हुर्किएकी माधुरीलाई गुरु तथा गाउँको मोहले तानेको हुन्छ, भारत फर्किएपछि उनको गुरुको मृत्यु हुन्छ। गुरुको मृत्युसँगै उनले गुरुको अजन्ता थियटर बन्द गर्ने योजना बनिरहेको चाल पाउँछिन्। स्थानीय राजनीतिज्ञहरूले आँखा गाडेको उक्त थियटरलाई बचाउने उद्देश्यले उनी त्यहीं बसेर सबै किसिमका अप्ठ्यारा सामना गर्न तयार हुन्छिन्। त्यसका लागि उनलाई कुणाल कपुर, कोनकोना सेन, रघुवीर यादव आदिले सहयोग गर्छन्। अनिल मेहताले निर्देशन गरेको यो चलचित्रको कथा आदित्य चोपडा तथा जयदीप साहनीले लेखेका हुन्। यो चलचित्रमा सलीम-सुलेमानको संगीत सुन्न पाइन्छ।

### ब्याडल्याण्ड




हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'ब्याडल्यान्ड' सार्वजनिक हुँदैछ। इराकमा चलिरहेको द्वन्द्वलाई मूल विषय बनाएको यो चलचित्र अफबिट ट्र्याकमा निर्माण भएको छ। चलचित्रमा अमेरिकी सेनामा सैनिकका रूपमा कार्यरत एक युवालाई प्रमुख पात्र बनाइएको छ। इराकमा लड्न गएको उक्त सैनिक इराकको दैनिक जीवनशैलीमा आफूलाई असफल भएको महसुस गरेर घर फर्कने निर्णय गर्छ। विजयप्राप्तिका निम्ति अपनाइएका विभिन्न कहालीलाग्दा घटनाले उसलाई चिन्तित बनाएको हुन्छ। समग्रमा चलचित्रले अहिलेको इराकको जीवनशैली तथा सैनिकका रूपमा कार्यरतहरूको पीडालाइ अभिव्यक्त गरेको छ। जेमी ड्राभेन, चन्द्रा बेस्ट, जोइ मोर्टन, भिनेसा सअ, लुइस क्याम्पबेलले मुख्य पात्रका रूपमा अभिनय गरेको यो चलचित्रलाई फ्रान्सिस्को लुसेन्टले निर्देशन गरेका हुन्। क्यानाडाको अल्बेर्टामा छायांकन गरिएको यो चलचित्रले इराकलाई खराब क्षेत्रका रूपमा परिभाषित गरेको छ।

## पेन्टी बार खुल्यो



तपाईंले पार्टी बारका सम्बन्धमा त पक्कै सुन्नुभएको होला, तर तपाईंलाई कस्ता-कस्ता पार्टी बार हुन्छन्, थाहा छ? यद्यपि जापानमा हालै सञ्चालनमा आएको 'पेन्टी बार' का सम्बन्धमा उति थाहा छैन होला। टोकियोको सीमवासी रेल स्टेसन नजिक सञ्चालनमा आएको पेन्टी बारमा आउने युवा-युवती मदिराको चुस्कीमा नाच्छन्। जति नशा चढ्दै जान्छ त्यति नै उनीहरूको शरीरको पहिरन पनि खुल्दै जान्छ र उनीहरू अश्लील हाउभाउयुक्त नृत्य गर्न थाल्छन्। त्यसपछि उनीहरू शरीरको भित्री पोसाक पनि खोल्छन् र आफ्ना साथीहरूको आग्रहअनुसार पार्टीस्थलमै मूत्रत्याग गरेर कामोत्तेजना जगाउने कार्य गर्छन्।

जापानी शैलीमा स्थापना भएको यो बारमा आउने आगन्तुकले आफूले लगाएको जुत्ता बाहिरै खोल्नुपर्छ। साथै यहाँ अरू बारमा जस्तो मेच-टेबल छैनन्। त्यहाँ अरू बारमा जस्तो सयौं मानिस एकै पटक अटाउन पनि सक्दैनन्। रातको साढे ९ बजेपछि खुल्ने यो बारमा पहिलो पटक जाँदै हुनुहुन्छ भने १ हजार ५ सय यान तिर्नुपर्छ त्यसपछि भने १ हजार तिरे पुग्छ। कस्तो लाग्यो त?

## शाकाहारी आन्दोलनमा मांसहारी प्रदर्शन



पेटाको जन्म भुवादार जनावरको छालाको प्रयोगविरुद्धमा थियो। यो आन्दोलनका कार्यकर्ताहरु निर्वस्त्र प्रदर्शन गर्थे। हाल यो आन्दोलन मासुको सेवनविरुद्ध केन्द्रित हुन थालेको छ। हङकङमा मासुको सेवन बढेपछि पेटाका कार्यकर्ताहरुले निर्वस्त्र भै मासुका विभिन्न परिकारको नाम शरीरमा लेखेर विरोध प्रदर्शन गरेका थिए।

तस्बिर : एपी

## मिस नेवा: २००७ का लागि तयारी प्रारम्भ

नयाँ पुस्ताका नेवार युवतीहरूमा आफ्नो भाषा, कला, संस्कृति, परम्परासम्बन्धी सचेतता जगाउने तथा त्यसको संरक्षण, सम्बर्द्धन एवं प्रबर्द्धनमा उनीहरूको भूमिका उजागर गर्दै प्रतिभाशाली नेवार युवतीको खोजीमा विगत दुई वर्षदेखि सञ्चालन हुँदै आएको मिस नेवा: प्रतियोगिताको तेस्रो संस्करणको तयारी प्रारम्भ भएको छ। आगामी पुस १४ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रस्तुत हुने यो प्रतिस्पर्धामा सहभागिता जनाउन आवेदन दिएका ५७ जना युवतीमध्येबाट ४० जना अन्तिम छनौटमा परेका छन्।

नेपलिज फेसन होमको आयोजनामा सञ्चालित हुने मिस नेवा: प्रतियोगिताको प्रशिक्षणकार्य मंसिर १५ गते आरम्भ हुनेछ। ३० दिन लामो प्रशिक्षण अवधिमा प्रतिस्पर्धीहरूलाई नेवार भाषा, लिपि, संस्कृति, परम्परा आदिका बारेमा जानकारी दिनुका साथै आत्मविश्वास अभिवृद्धि, व्यक्तित्व विकास, क्याटवाक, प्रस्तुतीकरणजस्ता विभिन्न विषयमा प्रशिक्षण दिइनेछ। कार्यक्रमको कोरियोग्राफी गर्ने अभिभारा कोरियोग्राफरद्वय रोजिन शाक्य र राज फैजूलाई सुम्पिएको छ। प्रतिस्पर्धीहरूको पहिरन तयार पार्ने दायित्व कुपन्डोलस्थित फेम फेसन बुटिकलाई प्रदान गरिएको छ।

प्रतिभा, आत्मविश्वास, व्यक्तित्व, सुन्दरता, प्रस्तुतीकरण एवं सांस्कृतिक सचेतताका आधारमा विजेता छनौट गरिने मिस नेवा: प्रतियोगतामा यस पटकदेखि सबैभन्दा राम्रोसँग नेवार भाषा बोल्ने प्रतियोगीलाई मिस बेस्ट नेपाल भाषाको एवार्ड प्रदान गरिनेछ।

## सानो पर्दा



**टेलिभिजन** च्यानलहरूमा 'टक सो'को लहर चलेको छ।राजनीति तथा समसामयिक घटनालाई विषय बनाएर सम्बन्धित क्षेत्रका व्यक्तिहरूसँग लिइने अन्तर्वाता प्रस्तुत गरिने टक सोहरू सबैभन्दा बढी नेपाल टेलिभिजनमा आउँछन्। यसै क्रममा नेपाल टेलिभिजनमा अर्को एउटा टक सो आरम्भ भएको छ। 'विचार मन्थन' शीर्षकको टक सोलाई पत्रकार खिलबहादुर भण्डारीले सञ्चालन गर्छन्। कार्यक्रम हरेक बुधबारराति साढे नौ बजे प्रसारण हुने गरेको छ।

**स्पेनको** बार्सिलोना सहरस्थित पाक्सेलोना एफएमबाट नेपाली कार्यक्रम सञ्चालन हुन थालेको छ। कार्यक्रमका सञ्चालक दीपक सुबेदीले बताएअनुसार उक्त कार्यक्रम हरेक सोमबार दिउँसो साढे एक देखि तीन बजेसम्म प्रसारण हुने गरेको छ। कार्यक्रमलाई बन्दना प्रसाई, विनिता कारञ्जित तथा अनिल गुरुङले पनि सञ्चालन गरिरहेका छन्। युरोपमा पनि एफएमबाट नेपाली कार्यक्रम सुन्न पाउनु खुसीको कुरा भएको तथा पाक्सेलोना एफएमबाट प्रसारण हुने नेपाली कार्यक्रमले छरिएर रहेका नेपालीहरूलाई नजिक बनाएको सञ्चालक दीपक सुवेदीले बताए। यो कार्यक्रमलाई इन्टरनेटको माध्यमबाट संसारका सबै श्रोताले सुन्न सक्नेछन्। www.pakcelona.com बाट कार्यक्रम सुन्न सकिने संचालक सुवेदी बताउँछन्।

**कान्तिपुर** टेलिभिजनमा 'कल कान्तिपुर', इमेज च्यानलमा 'म्युजिक अफ योर च्वाइस' जस्ता प्रत्यक्ष प्रसारणमा आफ्ना विचारहरूराख्दै आफूलाई मन परेको म्युजिक भिडियो अनुरोध गर्न पाइने कार्यक्रमले नेपालमा दर्शकहरूको मन जितिरहेको बेलामा बेलायतको लन्डनबाट प्रसारण भैरहेको नेपाली च्यानल नेपाली टिभीमा पनि स्थानीय समयअनुसार हरेक आइतबार साँझ छ बजेदेखि सात बजेसम्म त्यही प्रकृतिको कार्यक्रम 'अन डिमान्ड' प्रसारण भैरहेको छ। उक्त कार्यक्रममा युरोपमा बसोबास गरिरहेका नेपालीहरूले टेलिफोनमार्फत कार्यक्रमकी सञ्चालिका परमासँग कुराकानी गर्दै म्युजिक भिडियो अनुरोध गर्न पाउँछन्।

# सुरु भयो महोत्सवको मौसम

### लेकसाइडमा महोत्सव

पोखरा- त्यसै त पर्यटक ओइरिने ठाउँ, त्यसमाथि महोत्सव नै आयोजना गरिएपछि अरू के चहियो? प्रत्येक वर्ष पोखरामा रेवानले सडक महोत्सवमार्फत पर्यटकहरूलाई नेपाल आउन निम्तो दिइरहेको हुन्छ। प्रत्येक वर्ष जस्तै यस वर्ष पनि पुस १३ देखी १७ सम्म हुन लागेको सातौं सडक महोत्सवको तयारी सुरु भएको छ।

अंग्रेजी नयाँ वर्षका अवसरमा रेवानले आन्तरिक तथा बाह्य पर्यटकलाई बढवा दिने उद्देश्यले महोत्सवलाई निरन्तरता दिँदै आएको हो। लेकसाइडको खुला सडकमा हुने महोत्सवमा परिकारदेखि विभिन्न खेल तथा विविध सांस्कृतिक कार्यक्रम समावेश हुनेछन्।

खास गरी पोखरा र यसको सेरोफेरोमा पाइने कला-संस्कृति एवं वेशभूषाको पहिचान गराउनु महोत्सवको उद्देश्य हो। महोत्सव अवधिमा होटल तथा रेस्टुराँ व्यवसायीहरूले पनि राहतको महसुस गर्छन्। लेकसाइडको फिस्टेल गेटबाट हल्लनचोकसम्म करिब तीन किलोमिटरको दूरी महोत्सवकै कारण झकीझकाउ हुन्छ। दुई सयभन्दा बढी रेस्टुराँ व्यवसायीले आफ्नो व्यवसायलाई सडकमै उतारेर आगन्तुकहरूका लागि सहज वातावरण तयार गरिदिन्छन्।




अंग्रेजी नयाँ वर्षको गन्तव्य स्थल एवं आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने ध्येयले आयोजना गरिन लागेको महोत्सवमा साढे २ लाख पर्यटक लेकसाइडमा भित्र्याउने लक्ष्य छ। महोत्सवमा चितवनका थारुहरूको लट्ठी नाच, धरानका राई लिम्बूहरूको धान नाच, बन्दीपुरको भुजेल नाच, पोखराको २ सय ५० वर्ष पुरानो भैरव नाच, तायमचा आदि विभिन्न जनजातिका नाचहरू प्रदर्शन हुनेछन् भने वेटर रेस, टुरिस्ट रेस, डुंगा रेसका साथै ससेज, मम इटिङ इत्यादि रमाइला इभेन्टहरू समावेश हुनेछन्। यसै मेसोमा ख्यातिप्राप्त ब्यान्डहरूको प्रस्तुतिसँगै मनोरञ्जनात्मक कार्यक्रम, हात्ती तथा घोडा शयर कार्यक्रम पनि समावेश छ।

**– शिव शर्मा**

### सिन्धुली महोत्सव पुसमा

सिन्धुली- महोत्सव आयोजना गर्ने होडबाजी चलिरहेकै बेला सिन्धुली जिल्लामा आगामी पुस २५ गतेदेखि माघ १ गतेसम्म सिन्धुलीगढी दरबार रसिलो जुनार सिन्धुलीको उपहार भन्ने मूल नाराका साथ सम्पन्न हुन लागेको महोत्सवको आयोजना उद्योग वाणिज्य संघ सिन्धुलीले गर्ने भएको छ। महोत्सवमा सिन्धुली जिल्लाका ऐतिहासिक धार्मिक स्थलहरूको प्रचार-प्रसार, स्थानीय स्तरका सर्वसाधरणहरूद्वारा उत्पादित फलफूलहरू जुनार सुन्तला तथा डोका-डाला मान्द्रा आदि २ सयवटा स्टल राखिने कुरा आयोजक सिन्धुली वाणिज्य संघले बतायो। संघका अनुसार महोत्सवमा एक लाख दर्शकको उपस्थिति रहनुका साथै झन्डै ३ करोड बराबरको व्यापारिक कारोबार हुने अनुमान गरिएको छ।

महोत्सवमा ख्यातिप्राप्त कलाकारहरूबाट दोहोरी गीत प्रस्तुत गरिनुका साथै विश्वका होचा-पुड्काहरूलाई प्रदर्शनीमा राखिनेछ। स्थानीय स्तरका विभिन्न समुदायका वेशभूषा प्रदर्शन गरी विभिन्न प्रतियोगिताको पनि आयोजना गरिने भएको छ। महोत्सवमा पूर्वका १६ वटै जिल्लाका साथै मध्यपश्चिम र अन्य जिल्लाहरूवासीहरूका अतिरिक्त विदेशी पर्यटकहरूको पनि उल्लेख्य सहभागिता रहने अनुमान गरिएको छ।

**–विमल खतिवडा**

### अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव

बुटवल– अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव धरान हुँदै बुटवल आउने भएको छ। इन्डिजिनियस फिल्म अर्काइभ काठमाडौंको आयोजनामा यो महोत्सव हुन लागेको हो। गत असारमा काठमाडौंमा सम्पन्न महोत्सव पूर्वाञ्चलको धरानमा मंसिर २२-२३ गतेपछि मंसिर २८ र २९ गते बुटवलमा हुन लागेको हो।

महोत्सवमा वयस्कहरूका लागि मात्र बनेको द फास्ट रनरसहित ३ विदेशी तथा मगर, गुरुङ, थारू, नेवार, राई, लिम्बू, धिमाल जातिका मातृभाषामा बनेका ७ वटा नेपाली गरी १० वटा आदिवासी चलचित्र प्रदर्शन गरिने इन्डिजिनियस फिल्म अर्काइभ प्रतिनिधि सन्जोक लाफा मगरले जानकारी गराए। आदिवासी चलचित्रकर्मी, कलाकार एवं लगानीकर्तालाई प्रोत्साहन गर्न, नेपाली आदिवासी चलचित्रलाई पनि अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन महोत्सवले योगदान गर्ने अपेक्षा गरिएको छ। सबै चलचित्रको संवाद नेपालीमा पनि उल्था गरिनेछ। महोत्सवमा धेरैभन्दा धेरै दर्शक जुटाउन टिकट दर ३० रुपैयाँ मात्र कायम गरिएको जानकारी आयोजकहरूले गराएका छन्।

## साताको स्वर



### प्रमोद खरेल

**बाँचेको थिएँ तिम्रै लागि ...कस्तो प्रकारको गीत हो ?**
यो सेन्टिमेन्टल गीत हो। पप फ्लेबरको यो गीतको एरेन्ज पनि हाइस्केलमा छ। एरेन्जमेन्टमा बलियो भएकाले गायकी पनि त्यस्तै प्रकारकै छ।

**गीतको भाव कस्तो छ ?**
प्रेमिकाले प्रेमीलाई छाडेर विवाह गरिसकेपछि वियोगमा डुबेर प्रेमीले यो गीत गाइरहेको छ।

**प्रतिक्रिया कस्तो पाउनुभएको छ ?**
एकदमै राम्रो, ट्र्याक चेन्ज गर्न सफल भइस् भनेर धेरैले बधाई दिनुभएको छ। यो गीतकै कारण मैले चलचित्रमा पनि संगीत दिन पाएँ।

**यो गीतका लक्षित श्रोता को हुन् ?**
जो कोही हुन सक्छन्। विशेष गरी सेन्टिमेन्टल गीत सुन्ने सबै हुन सक्छन्।

**म्युजिक भिडियोका बारेमा तपाईंको प्रतिक्रिया ?**
राम्रो बनेको छ, मैले आफैंले अभिनय गरेको छु, म्युजिक भिडियो गीतसँग एकदमै मिल्दो छ, त्यसैले होला गीत लोकप्रिय पनि हुँदै गएको छ।

**२५ वर्षको** लाहुरे जीवनबाट अवकाशपछि आफ्नो सम्पूर्ण जीवन कला-संस्कृतिको उत्थानमा लागेका क्याप्टेन मीनबहादुर गुरुङ अन्ततः यो संसारबाट बिदा भएका छन्। गएको मंगलबार हृदयघातका कारण ७४ वर्षको उमेरमा उनको निधन भएको छ। ०३२ सालदेखि डाँफे कलामन्दिरमार्फत उनले टिकट काटेर नाटक देखाउने परिपाटीको थालनी गरे। उनी सोरठी, घाटु, टहोटे, सालैजोलाई डाँफे कलामन्दिरमार्फत संरक्षण गर्न कस्सिए। उनले सोरठी, घाटु र रोधी शीर्षकका पुस्तकहरू पनि लेखे। उनले न्हास्यो नहोरी (कुहिरो भित्र) नामक गुरुङ भाषाको चलचित्र ०५३ सालमा निर्माण गरे भने रि च्हामी (चेलिबेटी), म्हि सै (मान्छेको मन), धिबै ताँ, नाँस मु न्हेगो आदि गरी आधा दर्जन चलचित्र निर्माण तथा निर्देशन गरेका थिए। गुरुङले निर्माण गरेको नेपाली भाषाको भिडियो चलचित्र 'मालती' हो। उनले गुरुङ भाषामा सयौं म्युजिक भिडियो निर्माण गरेका छन्। पछिल्लो समयमा उनी पर्यटकीय गाउँ घान्द्रुकको डकुमेन्ट्रीको निर्माणमा व्यस्त थिए।

**तामाङ** जातिका गायक रामकुमार गोम्जाले हालै प्रकाशित एल्बम 'क्यारियर'मा आफ्ना फुपूका छोरा-छोरीलाई पनि गायनमा सहभागी गराएका छन्। फुपूका छोरा कमल माम्बा तथा छोरी रमला पाखिनलाई साथमा लिएर उनले हालै बजारमा ल्याएको एल्बमको एउटा सेलो गीत स्पेसल इफेक्ट्स प्रयोग गरिएको म्युजिक भिडियोका कारण लोकप्रिय बन्दै गएको छ। नृत्य निर्देशक, गीतकार तथा संगीतकार सुसन लामाको गीत-संगीत रहेको एल्बममा एकताका निकै चर्चामा रहेको शास्त्रीय संगीत समूह 'प्रस्ताव'का गायक श्रीकृष्ण गुरुङले समेत दुईवटा गीत रचना गरेका छन्।

**पाँच** वर्षदेखि गायनक्षेत्रमा निरन्तर संघर्ष गरिरहेका नेपालगन्जका हेमन्त रानाले यो वर्ष आफ्नो पहिलो एकल गीतिसंग्रह पाप-पुण्य श्रोतामाझ ल्याएका छन्। त्यति मात्र होइन, उनले गाएको शीर्ष गीत 'पाप-पुण्य..' सेमी पप गीत भएकाले पनि सबै खालका श्रोताले उक्त गीत मन पराए। उनको गायन कला देखेर नै सम्झना अडियो भिडियो (स्याब)ले उनीसँग पाँच वर्षका लागि करार गरेको छ। यो वर्ष नै चितवनस्थित कालिका एफएमले आयोजना गरेको सांगीतिक एवार्ड कार्यक्रममा गायक राना तथा गायिका आगन्तुक खरेलले नवगायक तथा नवगायिकाको एवार्ड हासिल गरेका थिए। स्याबसँगको करारअनुसार उनले आगामी वैशाखभित्रै अर्को गीतिसंग्रह श्रोतामाझ ल्याउनेछन्।

**गायक** तथा संगीतकार डेनी निरौला गत आइतबार विवाह-बन्धनमा बाँधिएका छन्। झन्डै एक दशकदेखि नेपाली संगीत क्षेत्रमा निरन्तर सक्रिय निरौलाले झापा चन्द्रगढीकी सविता नेपालसँग विवाह गरेका हुन्।

**तेस्रो** इन्डियन आइडल प्रशान्त तामाङको पहिलो एकल एल्बम 'धन्यवाद'को नेपाली संस्करण गत साता सार्वजनिक भयो। भारतको सोनी बीएमजीले उत्पादन गरेको उक्त एल्बमको नेपाली संस्करणको बजार व्यवस्थापन म्युजिक डटकमले लिएको छ। नेपालको बजार र यहाँ रहेका प्रशान्त तामाङका प्रसंशकहरूका लागि उक्त संस्करणमा थप एउटा नेपाली गीत 'असारै महिनामा' पनि समावेश छ। आवरणमा भादगाउँले टोपी लगाएका प्रशान्तको एल्बमको भारतीय संस्करणमा धेरैजसो हिन्दी गीत नै छन्। एल्बमको नेपाली संस्करणमा भने प्रशान्तले नेपाली गीतहरूमा १९७४ समूहको 'यो मन त मेरो नेपाली हो', छुजङ्ग डुक्पाको 'असारै महिनामा', मन्त्र समूहको 'वीर गोर्खाली', रेनकार्नेसनको 'हिजोसम्म'का साथै हिन्दी र नेपाली मिश्रित 'मुसुमुसु हाँसिदेउ न लैलै' गाएका छन्। चारवटा हिन्दी गीत उनको स्वरमा रि-रेकर्ड गरिए पनि 'जिन्दगी पहले कभी' गीत भने प्रशान्तको स्वरमा उनकै लागि रेकर्ड गरिएको पहिलो गीत हो। नेपालका यो एल्बमको उत्पादक तथा बजार व्यवस्थापक म्युजिक डटकमका सञ्चालक राजेश बंशलले भारतका लागि उत्पादित प्रशान्तको एल्बम 'धन्यवाद' भारतीय बजारबाट खरिद गरी यहाँको बजारमा ल्याउनु अथवा बिक्री-वितरण गर्नु गैरकानुनी भएको हुँदा त्यसो नगर्न सबैसँग अपिल गरेका छन्।

**नेपाल** संवत् ११२८ आरम्भ भएको उपलक्ष्यमा हालै इमेज एफएमको एक कार्यक्रममार्फत बी एन्ड बी स्टुडियोको उत्पादन नेवारी म्युजिक भिडियोहरूको संग्रह 'मतिनाय म'को विमोचन सम्पन्न भयो। समाजसेवी दिलबहादुर मानन्धरबाट विमोचित उक्त भिसिडीमा राजेन्द्र डंगोल, बिजेन श्रेष्ठ, सरस्वती मानन्धर, योगिता मोक्तान, गौतमवीर बज्राचार्य तथा शिलु जोशीले गाएका गीतहरूका म्युजिक भिडियोलाई जितेन्द्र राजोपाध्यायले निर्देशन गरेका हुन्, जसमा दिलीप संगम र राजेन्द्र डंगोलको संगीत तथा विनन्द वैद्य र संगीतकारद्वयको रचना समाविष्ट छ।




गायक नवीन के भट्टराई नायिका अरुणिमा लम्सालका साथमा एक अनौपचारिक समारोहमा।

**नारायणगोपाल** संगीत कोषले गायक प्रेमध्वज प्रधानलाई यो वर्षको 'नारायणगोपाल स्मृति सम्मान'बाट सम्मानित गर्ने निर्णय गरेको छ। १० हजार रुपैयाँ नगद पुरस्कारसहितको उक्त सम्मान गायक प्रधानलाई उनले विगत चार दशकदेखि नेपाली गीतसंगीतको क्षेत्रमा पुर्‍याएको योगदानका आधारमा प्रदान गर्न लागिएको हो।

**चितवनको** सिनर्जी एफएमले आफ्नो छैटौं वार्षिकोत्सवका अवसरमा शनिबार एक समारोहबीच 'सिनर्जी एफएम म्युजिक एवार्ड-२०६४'को वितरण गरेको छ। विविध सांस्कृतिक कार्यक्रमसहित आयोजित एवार्ड वितरण समारोहमा संगीतकार अम्बर गुरुङ, साहित्यकार प्रकाश सायमी, गीतकार प्रेमविनोद नन्दन, कवि गोविन्दराज विनोदी, अभिनेता ऋद्धिचरण श्रेष्ठ आदि सहभागी थिए। समारोहमा विभिन्न छ विधामा छ जना स्रष्टालाई एवार्ड प्रदान गरिएको थियो। यसरी पुरस्कृत हुनेहरूमा लोकगीततर्फ शब्द संकलक कमल सापकोटा, लय संकलक प्रकाशचन्द्र भट्टराई तथा लोकगायक रमेशराज भट्टराई थिए भने पपगीततर्फ रचनाकार श्रीभक्त अच्युत वाग्ले, संगीतकार यादव आले र गायक हरि योञ्जन थिए।

**गीतारवादनका** कारण चर्चामा आएका संगीतकार अनिल शाहीले गत बुधबार होटल सोल्टी क्राउन प्लाजामा आयोजित एक सांगीतिक कार्यक्रममा आफ्ना गीतारका फ्युजन धुन सुनाए। 'एकोस्टिक फ्युजन' शीर्षकको उक्त कार्यक्रमको आयोजना डोल्मा क्याफेले गरेको थियो।

**बेलायतका** लागि नेपाली राजदूतको कार्यभार सम्हाल्न त्यता जानुअघि मुरारीराज शर्माले आफू तथा आफ्नी अर्धाङ्गिनी नीलालाई गीतकारका रूपमा चिनाएका छन्। शर्माले देशप्रेमदेखि मायापिरतीका बारेमा रचेका गीतहरूलाई राहुल प्रधान र महेश खड्काको संगीतमा गायक/गायिकाहरू राजेशपायल राई, प्रतिमा सोनाम, समीर सलामी तथा दीपक लिम्बूले गाएका छन् भने नीलाले रचेका गीत तिनै संगीतकारको संगीतमा रीमा गुरुङ, भरत सिटौला, रामचन्द्र काफ्ले, बुनु रिजाल आदिले गाएका छन्। यसैसाता सार्वजनिक भएको उक्त एल्बमको शीर्षक 'नीलम' राखिएको छ।

## लाइभ सो

**भोलि** शनिबार डिसेम्बर १ तारिखका दिन पर्यटकीय थलो ठमेलमा 'टुबोर्ग-प्रोजेक्ट पिस ठमेल २००७' शीर्षकमा पाँचौं वार्षिक संगीत, नृत्य तथा सडक महोत्सवको आयोजित हुँदैछ। ठमेल टुरिज्म डेभलोपमेन्ट काउन्सिल तथा फन्की बुद्ध बारको आयोजना तथा पार्टी नेपालको व्यवस्थापनमा हुन लागेको उक्त महोत्सवमा दिउँसो २ बजेदेखि दुईवटा डिजे बुथबाट डिजे बिम्यान, डिजे शिशिर, डिजे क्रान्ति, डिजे पायललगायत १४ जना डिजेले ठमेलको सडकलाई डान्स फ्लोर बनाउने तयारी गरेका छन्। साँझ आठ बजेपछि तन्त्र बार र फन्की बुद्ध बारमा डान्स पार्टी मध्यरातसम्म सञ्चालन हुनेछ।

**होटल** याक एन्ड यतिस्थित क्लब प्लाटिनमका व्यवस्थापक निरेश थापा हरेक शुक्रबार थिम पार्टी गर्ने आफ्नो योजनाअनुरूप आज शुक्रबार जासुसी चलचित्रका नायक जेम्स बोन्डको थिममा डान्स पार्टी आयोजित गर्दैछन्। आज साँझ आठ बजेपछि उक्त क्लबमा 'जेम्स बोन्ड ००७'को जासुसी संगीतलाई डिजे मिक्स गर्दै डिजे तेञ्जिङले रातभरि उपस्थित सबैलाई नचाउनेछन्। पार्टीमा आउने पुरुषलाई कालो सुट तथा महिलालाई पार्टी गाउन लगाएर आउन अनुरोध गरिएको छ।

## नजिकबाट — खगेन्द्रसिंह कठायत

| | | |
|---|---|---|
| जन्ममिति | : | भदौ ४ |
| घरको नाम | : | खगेन्द्र |
| परिचय | : | गायक |
| जन्मस्थान | : | कर्णाली अञ्चल, जुम्ला बजार |
| रुचि | : | गीत-संगीत सुन्ने, गाउने, बजाउने |
| प्रकाशित एल्बम | : | X-treme |
| सांगीतिक गुरु | : | विष्णु अधिकारी, गुरुदेव, ईश्वर, भानुभक्त ढकाल |
| नजिकको साथी | : | शंकर पौडेल |
| मनपर्ने परिकार | : | दाल, भात, माछा |
| पकाउने परिकार | : | माछा, कुखुरा |
| मनपर्ने रंग | : | कालो |
| मनपर्ने पहिरन | : | जिन्स, रफ टप |
| मनपर्ने मौसम | : | वसन्त ऋतु |
| मनपर्ने खेल | : | स्वीमिङ, जिम |
| फुर्सदमा | : | टेलिभिजन हेर्छु, साथीहरूसँग घुम्न जान्छु |
| रिस उठेको बेला | : | कराउँछु |
| मनपर्ने बानी | : | सबैका बारेमा राम्रो सोच्छु, सके सहयोग गर्छु |
| पहिलो गीत | : | खुसी देख्ने |
| पहिलो गीत | : | सिन्धुलीगढी |
| बढी माया | : | आमा |
| पहिलो बाजा | : | गीतार |
| पहिलो प्रेम | : | १६ वर्ष हुँदा |
| पहिलो चुम्बन | : | छैन |
| फोटोसेसन | : | सुन्दरीजलमा |
| राम्रो बानी | : | जस्तोसुकै चुनौती पनि सामना गर्ने |
| नराम्रो बानी | : | रिस चाँडो उठ्छ |
| अन्य प्रतिभा | : | शास्त्रीय संगीतमा डिप्लोमा |



## पलैंटीमा संगीता प्रधान

नोभेम्बर महिनाको पलैंटीमा सुमधुर गायिका संगीता प्रधानको गायनकला प्रस्तुत हुने भएको छ। नेपालयले प्रारम्भ गरेको पलैंटी श्रृंखला विगत तीन वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको छ। ७०-७५ वटा टिकट मात्र बिक्री गरिने यो लघुसांगीतिक अभियानमा प्रत्यक्ष कार्यक्रमभित्र थोरै श्रोताहरूको सहभागिता रहे पनि प्रत्यक्ष रेडियो प्रसारण तथा टीभी कार्यक्रममार्फत असंख्य श्रोताको चासो रहँदै आएको छ। यो कार्यक्रम प्रत्येक अंग्रेजी (ग्रेगोरियन) महिनाको अन्तिम शुक्रबार, नेपालयको कालिकास्थानस्थित 'आर' शालामा आयोजना हुँदै आएको छ।

कोलकाताको शान्ति निकेतनबाट प्रशिक्षित संगीता प्रधान (राना)ले पलैंटी श्रृंखलाका सम्बन्धमा प्रतिक्रिया जनाउँदै भनिन्- 'पलैंटी कार्यक्रमको नियमित श्रोता मात्रै बन्न पाए पनि हुन्थ्यो भन्ने सोच्थेँ। खै केले हो चाँजो नै मिलेको थिएन, तर अचानक आफैंलाई प्रस्ताव आउँदा खुसीको सिमानै भएन। मेरा गीतबाट असंख्य श्रोता अनभिज्ञ हुनुहुन्छ। पलैंटीले तिनै श्रोतासितको सम्बन्धलाई प्रगाढ बनाउँला भन्ने आशा लिएकी छु र त्यही अनुभूतिका साथ अभ्यास गरिरहेकी छु।'



संगीताले आधुनिक नेपाली संगीतका निम्ति आ छन्। मानवीरकै अगुवाईमा सन् १९७८ ताका उनले रेडियो खर्साङमा पहिलोपल्ट आफ्नो आवाजमा गीत तथा भजन रेकर्ड गराएकी हुन्। त्यतिबेला रेकर्ड भएका ती गीत अहिलेको स्पष्ट सम्झनामा नरहे पनि उनले गाएका गोपाल योञ्जनको सिर्जना झझल्को आउँछ झझल्को, कालीप्रसाद रिजालको कुन पापीले, मानवीरको किन हो हजुरलाई तथा घुम्टो उठाईजस्ता गीतले श्रोतालाई गहिरो ढंगले आकर्षित गर्ने क्षमता राख्छन्।

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



दाँत दुखेर हैरान भएपछि बिकुरामलाई श्रीमतीले फकाउँदै दाँत उखेल्न क्लिनिक लगिछन्, तर बिकुराम दाँत निकाल्न सार्‍है डराएकाले श्रीमतीको सल्लाहअनुसार डेन्टिस्टले बिकुरामलाई एक पेग हुस्की खान दिँदै सोधेछन् : बिकुराम, अब त आँट आयो होला नि, दाँत उखलौं त ?

बिकुराम : डेन्टिस्ट सा'ब, मलाई त दाँत उखेल्ने भनेपछि सार्‍है डर लाग्छ। बिकुरामको कुरा सुनेर डेन्टिसले डबल पेग हुस्की दिँदै : ल यो खाएपछि चाहिँ तपाईंलाई आँट आउँछ।

डबल पेग खाएको बिकुरामसँग एक छिनपछि डेन्टिस्टले सोधेछ : बिकुराम, अब त आँट आयो होला नि हैन, उखेलौं हैन दाँत ?

दाँत उखेल्न क्लिनिकको मेचमा बसेको बिकुराम डेन्टिस्टको प्रश्न सुन्नेबित्तिकै : के रे ? मेरो दाँत उखेल्ने रे ? मेरो दाँत छोएर त हेर्, म तेरो बाउको बङ्गारा झार्छु।

०००

एक हूल महिला बिदा मनाउन पोखरा पुगेछन्। पोखरा लेकसाइडको एउटा होटलमा 'केबल महिलाका लागि मात्र' लेखिएको रहेछ। आफ्नो प्रेमी र श्रीमानहरू साथमा नभएको मौकामा उनीहरूले रमाइलो गर्ने मनसायले त्यहीं होटलमा बस्ने निधो गरेछन्।

होटलमा पुगेपछि एक जना हेन्डसम पुरुषले उनीहरूलाई स्वागत गर्दै भित्र लगेछन् र होटलका सम्बन्धमा जानकारी दिँदै : यो होटलमा जम्मा पाँच तला छन् र प्रत्येक तलामा त्यहाँ पाइने सेवाहरूका सम्बन्धमा उक्त तलाको भित्तामा पढ्न सकिन्छ। यदि त्यहाँ लेखिएका सेवा-सुविधाहरू तपाईंहरूलाई चित्त बुझेन भने त्योभन्दा माथिको तलामा चढ्नुहोला।

महिलाहरू दङ्ग पर्दै होटलको तला चढ्न थालेछन्। पहिलो तलाको भित्तामा 'यो तलामा होचा र सरल खालका पुरुषहरू उपलब्ध छन्।' लेखिएको थियो। भित्ताको जानकारी पढेर महिलाहरू ठूलै स्वरमा हाँस्दै दोस्रो तला चढ्न थालेछन्। दोस्रो तलाको भित्तामा 'यो तलामा होचा र हेन्डसम पुरुषहरू उपलब्ध छन्' लेखिएको थियो। यो पनि ठीक छैन भन्दै उनीहरू तेस्रो तला चढ्न थालेछन्। तेस्रो तलामा चाहिँ 'यो तलामा अग्ला र सरल खालका पुरुषहरू उपलब्ध छन्' लेखिएको थियो।

उनीहरूलाई त्यो पनि चित्त बुझेन, त्यसैले अर्को दुई तला त अझै बाँकी नै छ भन्दै चौथो तला चढेछन्। चौथो तलामा चाहिँ : 'यहाँ राम्रा, अग्ला र हेन्डसम पुरुषहरू उपलब्ध छन्।' सबै महिलाहरू उत्सुक भएछन्, भित्र जान लाग्दालाग्दै अझै एक तला त बाँकी नै छ नि भन्दै पाँचौं तला चढ्न थालेछन्। पाँचौं तलाको भित्तामा लेखिएको थियो : 'यो तलामा पुरुषहरू उपलब्ध छैनन्, किनभने यो तला महिलाहरूलाई जे-जस्तो सेवा-सुविधा भए पनि पुग्दैन भन्ने कुरा पुष्टि गर्न मात्र बनाइएको हो।'

## कविता

### बुझ्नै सकिनँ



रात बित्यो आँखामा निद्रा परेन
मनभित्रको व्यथाले कहिल्यै छोडेन
खुसियाली सबै ती, तिमीले नै लुट्यौ
रुवाएर यो मनलाई तिमीले के जित्यौ ?
सोचेको जस्तो मैले जिन्दगीमा भएन
भुल भएछ कहाँ मैले बुझ्नै सकिनँ
आँखा चिम्लेरै सोचें मैले तर भित्री मन मान्दैन
चोखो मायाको अर्थलाई निष्ठुरीले बुझेन
संसार एउटै रै'छ माया खै कहाँ छ
खोज्दै हिंड्छु म, सहारा खै कहाँ छ ?

–शरिष्मा आले

### हे मेरी माया



हाँसेर बोलन हे मेरी माया
दिल त्यो खोलन हे मेरी माया
ओइलाएको सुहाउँदैन तिमीलाई
फूल झैं फुलन हे मेरी माया
लजाएर किन पर भाग्छयौ
आकाश झैं खुलन हे मेरी माया।

–रमा अधिकारी

### यहाँको चलन

रुने सधै रोइरन्छन्, हाँस्नेहरू हाँसिराख
दीनदुखी मरिजान्छन्, सुखीहरू बाँचिराख
धेरै सोझो भयो कि सबैले फसाउने
अलि बाठो भयो कि जेलमा सडाउने
यस्तै छ चलन संसारको रीत यहाँ
जित्नेको हार हुन्छ हार्नेको जित जहाँ।

–तिलक लामा

### तिम्रो कुरा

तिम्रो कुरा मानौं कि नमानौं सोच्नै सकिनँ
भित्रभित्रै मनन् गर्छु, निर्णय मैले गर्न सकिनँ
तिमी प्रेम गर्छु भनी हल्ला गर्दारहेछौ नि
तर कर्तव्य गर्ने बेलामा बोल्दिनौ फेरि पनि
अगाडि परेदेखि अभिनय किन बुझ्न सकिनँ
तिम्रा कुरा मानौं कि नमानौं सोच्नै सकिनँ
मलाई दिनुपर्ने भावना सबै अरूलाई दियौ
अरूलाई रस दिएर मलाई बोक्रा दिन खोज्यौ
तिम्रा माया यति महान् हुन्छ किन सोच्नै सकिनँ
तिम्रा कुरा मानौं कि नमानौं सोच्नै सकिनँ।

–निमेष नेवाः

### नयनभरि आँसु बग्यो

नयनभरि आँसु बग्यो, भनभरि पीडा
तिम्रै यादमा तड्पी तड्पी बाँचेको छु आज
थाहै छैन कहाँ पुग्छ, जिन्दगीको साथ
धेरै सम्झिएँ ती अतीतलाई
बाँच्ने चाह नहुँदा नि, बाँचेको छु आज
तिम्रै नाममा लेखिदिएँ, जीन्दगीको राज
सक्छौ भने माफ गरिदेऊ, निष्ठुरीलाई आज

–निष्मा शर्मा

### जून हरायो

अनायासै नसा नसामा खुन हरायो
हेर्दाहेर्दै क्षितिजको जून हरायो
आसेपासे चम्चे, भट्टुरे सबै लाखा पाखा लागे
कुन्नि किन बाँसुरीको धुन हरायो
हेर्दाहेर्दै क्षितिजको जून हरायो
कोपिलामै चुँडे मलाई घाम बिर्से हिंजो
औंसी पर्‍यो आज फेरि जून हरायो
हेर्दाहेर्दै क्षितिजको जून हरायो
ऐस गयो, आराम गयो गए बल र धाक
हुँदाहुँदै आजभोलि सुन हयो
हेर्दाहेर्दै क्षितिजको जून हरायो।

–सुमन गुरुङ

## लघुकथा

### समावेशीकरण



लोकतन्त्र स्थापनापछि जताततै महिला खोजियो। तेत्तीस प्रतिशत हैन, पचास प्रतिशत भाग पाउनुपर्छ भन्दै आधा-आकाशको नारा फुक्न थाले नारीले। पुरुषको थिचोमिचो र हेयको दृष्टिकोण हट्नुपर्छ भनेर दिनरात पुरुषको बदख्वाइँ गर्न थालिएपछि पुरुषहरू चिन्तित बने। कहिल्यै पनि पुरुषअधिकार भनेर दाबी नगरेका बबुरा पुरुषमित्रलाई बित्थामा गाली गर्न थाले– महिला अधिकारकर्मीहरू। समानताको लडाइँमा महिलाको पनि माथिल्लो पद सहर्ष स्वीकार गरेका पुरुषहरूमाथि यतिविघ्न आरोप लागेपछि एउटा विचार जन्मियो, पुरुषपीडित सरोकार संस्था किन नखोल्ने ? संस्थाको काम-कारबाहीका लागि आवश्यकता मागियो। विभिन्न पद र प्रयोजनका लागि पुरुषहरूले नयाँ पुरुष अनुहारहरू भर्ती गरे। बाँकी रह्यो रिसेप्सनिस्ट पद। तलबका रूपमा मोटो रकम दिने प्रलोभनपछि निवेदन दिनेको संख्या बढी नै रह्यो।

अन्तर्वार्ताको लामो पंक्तिबाट एउटी सुन्दर युवती छनौटमा परिन्। जिज्ञासा उठ्यो– पीडित पुरुषको संस्थामा किन महिला कर्मचारी ? ती युवतीले सबैको जिज्ञासाको सामूहिक प्रश्न हाकिमतिर तेर्स्याइन्। जवाफमा हाकिमले मुख खोले- 'यो त कार्यालयको धर्म नै हो नि हजुर !"

हाकिमको जवाफमा युवती बोलिन्- 'अनि मैले के सेवा गर्नुपर्ने ?' युवतीको शरीरको तलदेखि माथिसम्म हेर्दै हाकिम बोले- 'तिमी नै भन न, यो संस्थाका लागि के गर्छ्यौ ?'युवतीले केही लजाएझैं गरी मुस्कुराउँदै भनिन्- 'तपाईं र तपाईंको संस्थाको भलाइका लागि म जस्तोसुकै गर्न पनि तत्पर रहनेछु।'

–विजय उत्सव

# राजनीतिमा महिला सहभागिता

यामु कँडेल

सुर्खेत- ठ्याक्कै १८ वर्ष भयो, वीरेन्द्रनगरकी चन्दा खड्काले राजनीतिमा पाइला हालेको। २०४६ को जनआन्दोलनदेखि राजनीतिमा सक्रिय चन्दाले बितेका १८ वर्षमा ठूलै त्याग एवं सङ्घर्ष गरिन्। त्यही सङ्घर्षको परिणाम हो, हिजोका दिनमा असहयोगी व्यवहार मात्र गरेको समाजले उनलाई सशक्त महिला नेतृका रूपमा पत्याउन थालेको छ, तर दुःख अझै सकिएका छैनन्, समाजले पत्याइसक्दा पनि घरमा त्यो वातावरण अझै मिलेको छैन। उनी राजनीतिमा लागेपछि घर-व्यवहार सम्हालिदिने कोही नहुँदा आर्थिक अवस्था दयनीय भएको छ, घर-व्यवहार पनि लथालिङ्गै छ। चन्दा भन्छिन्– 'घर-व्यवहार चलाउने मानिस राजनीतिमा लाग्दा गार्‍हो हुँदो रहेछ, त्यही भएर पनि यो क्षेत्रमा महिला सहभागिता कम भएको हो।' अब घर-व्यवहारको काम पुरुषले पनि हेर्नुपर्छ, नभए महिलाहरू राजनीतिमा आउन सक्दैनन्।

दाजुको सक्रियता एवं आफ्नै रुचिले उनलाई राजनीतिमा तानेको थियो, तर त्यसबेला राजनीति गर्नु कम चुनौतीपूर्ण थिएन। राज्यको नेतृत्व तहसम्म पुगेर महिलाले केही गर्नुपर्छ भन्ने अठोट भए पनि परिवार सहयोगी थिएन। परिवार उनलाई राजनीतिमा छिर्न रोक लगाउन चाहन्थ्यो, समाजको व्यवहार र हेराइ पनि उस्तै थियो। त्यसमाथि आफ्नै पार्टीमा समेत महिलालाई हेर्ने दृष्टिकोण सकारात्मक थिएन। पार्टीकै नेताहरू महिलाले पार्टी-कार्यालयमा कुचो लगाउने, नेता आउँदा माला उन्ने काम मात्र गर्नुपर्छ भन्ठान्थे, तर उनले हिम्मत हारिनन्, घर-समाजले कुरा काट्दाकाट्दै पनि घरको काम भ्याई-नभ्याई पार्टीको काममा लागिरहिन्। गरेपछि हुँदो रहेछ, लगातारको त्यही त्यागले अहिले उनी सुर्खेत काङ्ग्रेसको महिला नेतृ बनेकी छिन्। 'मेहनत र त्याग गरेपछि हुने रहेछ,' सुर्खेत काङ्ग्रेसकी सदस्य चन्दा भन्छिन्– 'महिला सकभर राजनीतिमा नआऊन् भन्ने सोचाइ अझै हटेको छैन, त्यसलाई चिरेर अघि बढ्ने हिम्मत आफैं गर्नुपर्छ।'

यस्तै अनुभव छ, महिला संघ, सुर्खेतकी जिल्ला अध्यक्ष देवकुमारी रोकायाको। राजनीतिमा लागेर उनले जति मानसम्मान पाएकी छिन्, त्यत्तिकै दुःख-कष्ट भोग्नुपरेको अनुभव पनि छ। पञ्चायतकालमा पार्टी प्रतिबन्धित हुँदा भूमिगत राजनीति गर्नुपर्‍यो। आफूले भोगेको दुःख त छँदैछ, घरपरिवार र समाजले 'पैसा पाएर हिँड्छेस् कि त्यत्तिकै काम नपाएर हिँडेको'सम्म भन्थे। घरपरिवार र समाजबाटै यस्तो व्यवहार भएपछि लुकीछिपी पार्टीकाममा जानुपर्ने बाध्यता थियो। तीन-चार वर्ष त घरबाहिरै बिताउनुपर्ने अवस्था पनि आयो। बालबच्चा छिमेकीको जिम्मा लाएर, कैयौं दिन भोकभोकै रहेर पनि कार्यक्षेत्रमा खट्नुपर्थ्यो। 'बाहिर हिँड्दा कोसँग बस्छे, हिँड्छे भन्दै समाजले कुरा मात्र काट्थ्यो, महिलालाई हतोत्साहित पार्ने काम मात्रै हुन्थ्यो,' रोकाया आफ्नो अनुभव सुनाउँछिन्– 'तर जति नै दुःख पाए पनि म कहिल्यै हतोत्साहित भइनँ, राजनीतिमा पहुँच बढेपछि मात्रै महिला हकहितका काम गर्न सकिन्छ भन्ने लाग्यो।'

त्यही मेहनतको परिणाम हो, अहिले उनले जिल्लामा एउटा सशक्त महिला नेतृको छवि बनाएकी छिन्। घरपरिवार र समाज पनि अब सहयोगी बनेको छ। राजनैतिक कार्यक्रम भए काममा अहिले परिवारले नै सघाउँछन्, अनि उनलाई आफ्नो कार्यक्षेत्र जाने फुर्सद हुन्छ। पहिले चिया पनि पकाउन जाँगर नगर्ने घरका मानिसले अहिले आफैं भात पकाएर खाएको देख्दा खुसी पनि लाग्छ उनलाई। 'अन्यायमा परेका महिलालाई न्याय मिल्दा मैले पनि केही गर्न सकेजस्तो लाग्छ, तर अझै पनि धेरै महिलाको यसरी हिँड्नसक्ने अवस्था छैन, उनीहरूलाई घरपरिवारले सहयोग गर्नुपर्छ,' २५ वर्ष राजनीतिमा बिताइसकेकी देवकुमारी भन्छिन्– 'घरबाट बाहिर ननिस्केसम्म केही गर्न सकिंदैन, महिलाले पनि निस्कने आँट गर्नुपर्‍यो, घरपरिवारले पनि त्यो वातावरण मिलाइदिनुपर्छ।'

यमुना भण्डारी नेकपा माओवादीकी जिल्ला सदस्य हुन्। जिल्लामा उनको जुझारु महिला नेतृको पहिचान बनेको छ, तर उनको राजनीति प्रवेशको कथा भने अलि फरक छ। सङ्कटकालमा सेनाले दाजुलाई पक्राउ गरी बेपत्ता बनाएपछि प्रतिशोधको भावनाले उनी तत्कालीन भूमिगत पार्टी माओवादीमा सामेल हुन पुगिन्। सरकारले 'आतङ्ककारी' घोषणा गरेको पार्टीमा काम गर्नु कम चुनौतीपूर्ण थिएन। समाजले पनि उनलाई हेयका दृष्टिले हेर्थ्यो, भूमिगत राजनीति गर्नुपर्ने भएकाले घरपरिवारसँग भेट्ने मौका पनि नमिल्ने भयो। जनआन्दोलन- २ पछि खुला रूपमा राजनीति गर्ने वातावरण बने पनि सामाजिक चुनौती भने अझै नसकिएको भण्डारीको बुझाइ छ। 'जेजस्तो भए पनि अहिले महिला नेतृ भएर हिँड्न पाउने वातावरण बनेको छ, त्यही खुसीको कुरा हो,' भूमिगत भएपछि पढाइ चौपट भएको गुनासो गर्दै उनी भन्छिन्– 'अब महिलाका लागि धेरै काम गर्नुपर्ने जिम्मेवारी थपिएको छ।'

भण्डारीको कार्यक्षेत्र सुर्खेतको ग्रामीण भेग हो। विगतमा आफ्नो कार्यक्षेत्रमा उनी एक्लो महिला नेतृ थिइन्, दिनरात नभनी काममा खट्नुपर्थ्यो। त्यतिबेला सेनाले घेरा हालेर मार्ने हो कि भन्ने त्रास पनि भैरहन्थ्यो। 'मर्ने-बाँच्ने केही ठेगानै नहुने,' उनी भूमिगत जीवनको अनुभव सुनाउँछिन्– 'त्यतिखेरका दुःख भनेरै साध्य छैन।' अहिले त्यो दुःख छैन, त्यतिखेर भूमिगत राजनीति गरेको आफ्नै पार्टी सरकारमा छ, तर महिला मुक्तिका लागि भने केही हुन नसकेको उनको ठम्याइ छ।


महिला राजनीतिमा अगाडि आउन नचाहने होइन, उनीहरू नेतृत्व तहसम्मै पुग्ने सोच राखेर राजनीतिमा प्रवेश गर्छन्, तर परिवार र समाजले सहयोग नगर्दा धेरैजसो महिला यो क्षेत्रमा टिक्नै सक्दैनन्, टिक्नेहरूको पनि दुःख र सङ्घर्षको कथा लामो छ। त्यस्तै सङ्घर्ष गरेकी छिन् सुर्खेतकी एमाले नेतृ लक्ष्मी शर्माले। झन्डै दुई दशकदेखि राजनीतिमा सक्रिय लक्ष्मीले यहाँसम्म आउँदा थुप्रै बाधा-अवरोध र दुःख-कष्ट सहनुपर्‍यो। परिवार सहयोगी थिएन, समाजको त झन् कुरै बेग्लै।

राजनीतिमा समयसीमा पनि नहुने भएकाले दिनरात नभनी हिँड्नुपर्ने, तर घरबाट बाहिर निस्कने अनुमति थिएन। 'घरबाट बाहिर हिँड्नुपर्‍यो भने कहाँ जान्छे, के गर्छे भन्दै स्पष्टीकरण माग्छन्, सकभर जानै दिँदैनन्,' लक्ष्मी भन्छिन्– 'तर जति नै दुःख भए पनि मैले यही क्षेत्र रोजें।' अहिले उनी एमाले निकट महिला संघको जिल्ला उपाध्यक्ष छिन्। राजनीतिमा लागेर घर-व्यवहार चौपट भए पनि उनले समाजमा छुट्टै पहिचान बनाएकी छिन्। 'अहिले पनि घरमा खाना पकाएर र कपडा धोएर मात्रै बाहिर निस्कन पाइन्छ, यति गरेर पनि मैले भ्याएकी छु,' लक्ष्मी भन्छिन्– 'टिक्न साँच्चै गार्‍हो छ, घर-परिवार र समाजको सहयोग नपाए धेरै कष्ट भोग्नुपर्छ।'

राजनीतिमा महिला सहभागिता बढाउनुपर्ने वकालत गर्दै आएको महिला पैरवी मञ्च सुर्खेतकी अध्यक्ष गीता कोइराला राजनीतिमा महिलाहरूको सहभागिता बढ्नु पितृसत्तात्मक सोचलाई परिवर्तन गर्नु हो भन्छिन्। त्यसका लागि महिला आफैं उठ्नुपर्ने उनको ठम्याइ छ। 'परिवार र समाज त अहिले पनि हाम्रो सहयोगी छैन,' कोइराला भन्छिन्– 'त्यसलाई चिर्दै अघि बढ्ने साहस आफैंले गर्नुपर्छ।' त्यही साहसले होला, सुर्खेतमा मुख्य राजनैतिक दलहरूमा महिलाको सहभागिता बढ्न थालेको देखिन्छ। पार्टीको जिल्ला नेतृत्वमा एमालेमा ४, काङ्ग्रेसमा ५, माओवादीमा ८, जनमोर्चामा ५, राप्रपा तथा नेमकिपामा २-२ जना महिला पुगेका छन्।

आफ्नै सङ्घर्षको बलमा महिलाले राजनैतिक नेतृत्व तहमा स्थान जमाउन थालेका छन् तर महिलालाई नेतृत्वमा पुर्‍याउन सामाजिक वातावरण सहयोगी छैन। त्यो सहयोगी वातावरण बनाउन अब दलको नेतृत्व मात्र होइन, समाजका अगुवाहरूले पनि ध्यान दिनुपर्ने बेला भैसकेको छ। राजनीतिमा महिला अगाडि आउन पहिले त घरको काममा पनि बाँडफाँड हुनुपर्छ। सधैंभरि घरको काम त महिलाको मात्र हो भनेर सोच्ने हो भने फेरि महिलालाई कुनै पनि क्षेत्रमा आउन गार्‍हो हुन्छ, त्यसमा पनि राजनीतिमा महिला आउन झन गार्‍हो छ। अब सबै काममा महिला र पुरुष बराबर हुनैपर्छ, नत्र घरदेखि बाहिरको काम सबै महिलाले गर्न थाले भने उनीहरूको हरेक क्षेत्रमा समान सहभागिता कल्पना गर्न सकिंदैन।

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ।



१ सर्ट, २ पाइन्ट, ३ माछा, ४ औंला, ५ घरको ढोका, ६ घर, ७ रुख, ८ मानिसको मुख,९ बादल, १० मानिसको कपाल

# गुगलमा सबै एजेन्सीका समाचार

इन्टरनेट सर्च इन्जिन गुगलले विश्वका मुख्य समाचार एजेन्सीका समाचार जस्ताको तस्तै आफ्ना पाठकहरूलाई उपलब्ध गराउन थालेको छ। गुगलको यो कदमपछि अब अन्तर्राष्ट्रिय समाचार प्राप्त गर्न कुनै पनि पाठक वा समाचार माध्ययमले एजेन्सीसँग सम्पर्क गर्न नपर्ने भएको छ।

गुगलका ग्राहकले विश्वका प्रमुख समाचार एजेन्सी वा समाचार प्रदायक संस्थाका कुनै पनि समाचार उपभोग गर्न पाउँछन्, गुगलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। हाल विश्वका प्रमुख समाचार एजेन्सीले आफ्ना ग्राहकलाई इन्टरनेट नेटवर्कको माध्यमबाट समाचार उपलब्ध गराउँदै आएका थिए।

उक्त समाचार प्राप्त गर्न ग्राहकले एजेन्सीलाई रकम बुझाउनुपर्छ। गुगलले भने आफ्ना ग्राहकलाई निःशुल्क समाचार सेवा दिँदै आएको छ। एजेन्सीले उपलब्ध गराएको समाचार र सोही समाचार गुगलले उपलब्ध गराउँदा केही फेरबदल गरिएको छ कि छैन भनेर उपभोक्ताले तुलना गर्नसमेत पाउनेछन्। यसका लागि गुगलले एजेन्सीका समाचारको स्रोत पनि उपलब्ध गराउनेछ।

हाल एएफपीले गुगलको प्रयोजनका लागि अंग्रेजी, फ्रेन्च, स्पेनिस, जर्मन, पोर्तुगिज तथा अरबी भाषामा समाचार उपलब्ध गराउनेछ। क्यालिफोर्नियाबाट सञ्चालित गुगल कम्पनीले विश्वका विभिन्न ३५ भाषामा निःशुल्क सर्च सर्भिस उपलब्ध गराउँदै आएको छ।

## जानकारी

### बालबालिकाका लागि

हिजोआजका बालबालिकाले खेल्न-कुद्न नै बिर्सिएका छन्। उनीहरूको मनोरञ्जनको साधन भनेकै टेलिभिजन भएको छ। टेलिभिजनअगाडि बसेपछि बालबालिकाहरूले भोकप्यास र खेलकुद नै बिर्सन्छन्।



यसै कारण लस एन्जल्सको एक टेलिभिजन च्यानलले बालबालिकालाई खेल्न र दौडन प्रोत्साहित गर्ने उद्देश्यले प्रत्येक शनिबार तीन घण्टा प्रसारण नै बन्द गर्ने भएको छ। निकलोडियन केबल नेटवर्कले तीन घण्टा प्रसारण बन्द गरेपछि बालबालिकालाई खेल्न प्रोत्साहित गर्ने कार्यक्रम सुरु गरेको छ।

## जन्मदिनको शुभकामना



स्नेहा तण्डुकार
२०६१ मंसिर १४



प्रसुन खनाल
२०६१ मंसिर १४



आयुष रानामगर
२०५८ मंसिर १५



समीक्षा निरौला
२०५६ मंसिर १६



करुणा गुरुङ
२०५८ मंसिर १६



टुगा सारुमगर
२०६२ मंसिर १७



सुरक्षँ कार्की
२०६० मंसिर १९



सगुन कार्की
२०५७ मंसिर १४

कुपन

### जन्मदिनको शुभकामना

नाम :.................................................

जन्म मिति :.................................................

स्कुल :.........................................

ठेगाना : .........................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।


# मरुभूमीकरण बढ्दैछ

मरुभूमीकरणले विश्वका २० करोड मानिसलाई सताएको छ। संसारका एकतिहाइ मानिस सुक्खा भूमिको मारमा परेको राष्ट्रसंघद्वारा प्रकाशित एक अध्ययनले देखाएको छ। 'समस्या कतिको द्रुत गतिमा बढ्दैछ भन्ने धेरैलाई थाहा छैन', प्रतिवेदनका लेखक तथा राष्ट्रसंघीय विश्वविद्यालयको पानीसम्बन्धी अन्तर्राष्ट्रिय सञ्जालका प्रमुख जफार आदिलले बताएका छन्। अध्ययन विश्वका २५ राष्ट्रका दुई सयभन्दा बढी विज्ञको सहयोगमा गरिएको हो।

मरुभूमीकरणको मारमा एसिया र अफ्रिकी उपसहारा क्षेत्रका मानिस सबैभन्दा बढी सताइएको प्रतिवेदनमा उल्लेख छ। भू-क्षयीकरणका कारण विश्वमा बर्सेनि ६५ अर्ब अमेरिकी डलर क्षति हुँदै आएको उक्त अध्ययनले देखाएको छ। अध्ययनअनुसार कम सुख्खा क्षेत्रमा बसाइँसराइको समस्या बढेको छ। आम बसाइँसराइबाट मरुभूमीकरण बढेको हो।

वनविनाशका कारण अफ्रिकी उपसहारा क्षेत्र, उत्तरी अफ्रिका र युरोपमा बसाइँसराइको समस्या बढेको हो। यो समस्यालाई समयमै नियन्त्रण नगरे आउँदो दशकमा विश्वमा ५ करोड मानिस विस्थापित हुने प्रतिवेदनले चेतावनी दिएको छ। चीनको गोबी मरुभूमिमा चल्ने हुरीले मंगोलियाको दक्षिणी भाग, जापान, दक्षिण कोरिया र उत्तरी अमेरिकाको तटीय क्षेत्रमा वायुको गुणस्तरमा ह्रास आउनेछ।

## साप्ताहिक रंग भर प्रतियोगिता - १५



**प्रतियोगीको नाम :**

**कक्षा :**

**विद्यालयको नाम :**

माथि दिइएको चित्र परेवाको हो। यसलाई अंग्रजीमा पिजन भनिन्छ। परेवाको रंग सिलेटी रंगको हुन्छ। त्यसो त सेतो, खैरो रंगका परेवा पनि पाइन्छन्। परेवालाई शान्तिको प्रतीक मानिन्छ। हुलाक सेवाको प्रारम्भ हुनुभन्दा पहिले मानिसहरू चिठीको आदान-प्रदान गर्न पनि परेवाको प्रयोग गर्थे।

**नियमहरू :**


१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन्।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगीन तस्बिर पनि पठाउनुपर्नेछ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

# प्रदूषणबाट बर्सेनि पचास हजारको मृत्यु


विश्वबैंकको पछिल्लो प्रतिवेदनअनुसार प्रत्येक वर्ष ५० हजारभन्दा बढी पाकिस्तानी नागरिकको मृत्यु प्रदूषणका कारण हुने गरेको छ। यसरी ज्यान गुमाउनेमा अधिकांश गरिब जनता छन्। पाकिस्तानी अर्थतन्त्रमा यसबाट बर्सेनि ३ सय ५६ अर्ब रुपैयाँ बराबरको नोक्सान हुने गरेको छ।

पाकिस्तान स्ट्राटेजिक कन्ट्री इन्भायरोमेन्टल एसेसमेन्ट नाम दिइएको उक्त प्रतिवेदनमा प्रमुख पाकिस्तानी सहरमा विद्यमान प्रदूषणको भयावह परिदृश्य चर्चा गरिएको छ। पाकिस्तानमा कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत हिस्सा बराबरको आर्थिक क्षति प्रदूषणका कारण हुने गरेको पनि प्रतिवेदनले खुलस्त पारेको छ। इस्लामाबादलगायत अन्य चार प्रान्तीय राजधानी तथा अन्य सहरको वायुमण्डलमा प्रदूषक तत्त्वको स्तर सुरक्षित विन्दुभन्दा माथि पुगेको छ।

**तल दिइएको चित्रमा कति सामानहरू लुकेका छन् ?**



## बाटो पत्ता लगाउन सहयोग गरौं



माथि दिइएको चित्रमा एक जना मानिस आफ्नो गाडीसम्म पुग्ने बाटो खोज्न अल्मलिएका छन्। के हामी उनलाई सहयोग गर्न सक्छौं ?



# छोप्यो बजार लगनले

चिसोले कठ्याङ्ग्रिने मौसम सुरु भैसकेको छ। त्यसैले होला कतिका लागि यो मौसम उराठलाग्दो पनि छ, तर यही मौसम जीवनसाथी पाउने आशा राख्नेहरूका लगि उपयुक्त भएकाले कतिका लागि त मंसिर जस्तो रमाइलो कुनै महिना छैन। यसै जमातमा मंसिरमा जाडो छ वैशाखमा गरौंला भन्ने पनि त होलान्। जे भए पनि लगनको मौसम सुरु भएको छ। मंसिर होस् वा वैशाख लगनगाँठो कसिए त भैहाल्यो नि।

अहिले उमेर पुगेका युवायुवतीहरू एकातिर आ-आफ्नो जोडी पाउन हतारिएका छन् भने अर्कातिर यसपालि त लगन उम्काउन हुँदैन है भन्दै कतै आमाबाबु त कतै आफन्तहरू दौडधूपमा छन्। अझ भन्नैपर्दा लमीहरूलाई यसबेला भ्याई नभ्याई नै हुन्छ। वर्षौंदेखि प्रेमी-प्रेमिकाको सम्बन्धमा मात्र सीमित कयौं जोडी आफ्नो प्रेमलाई श्रीमान्-श्रीमतीको नाम दिई दाम्पत्य जीवनमा परिणत गर्न आतुर छन्। त्यसमाथि पनि विगत ९-१० वर्षदेखि द्वन्द्वको चपेटामा परेका गाउँहरूमा रातो टीका लगाएर कामकुरा छिन्न र जन्तीको लावालस्कर स्वात्तै घटेको थियो तर विगतमा हराएको रमझम फर्किन थालेको छ।

लगनको मौसमलाई व्यापारी वर्गले ठूलो महत्त्व दिन्छन्। केही समयअघिसम्म लगनले व्यापार-व्यवसायमा समेत ठूलो प्रभाव पारेको थियो। लगनको दिनलाई क्यालेन्डरमा रातो चिन्ह लगाएर हुन्छ कि बजार आउने उपयुक्त समय पण्डितबाट लिएर हुन्छ एक-दुई साताअघिदेखि उनीहरू आफ्नो कार्ययोजना बनाउँछन्। त्यसैले होला विवाहका निम्ति चाहिने दुना, टपरी, दुवोको मालादेखि लिएर गहना, पहिरन, बाजा, क्याटरिङ, कार्डसम्म पाइने राजधानीका असन, इन्द्रचोक, न्यूरोड, मंगलबजार, पाटनलगायत ठूलादेखि साना व्यापारिक कम्प्लेक्समा क्रेताहरूको भीड बढ्दै गएपछि पसलैपिच्छे दुई-तीन जना घटी व्यापारी भेटिँदैनन्। जीवनमा एकपटक गरिने विवाहमा कुनै पक्षबाट पनि कमजोरी नहोस् भन्ने चाहना सबैको हुन्छ। त्यसैले यो मौसममा सबैको आ-आफ्नै व्यस्तता एवं चटारो हुन्छ।

### लत्ताकपडा

विवाहको पहिरनका निम्ति साडी सधैं सर्वोपरि स्थानमा रहँदै आएको छ। मखन तिरुपति साडी सोरुमका मुकेश महेश्वर विगत १५ वर्षयता विवाहका लागि आवश्यक साडीदेखि घुम्टोसम्म बेच्दै आएका छन्। उनले बिक्री गर्ने सामानहरूमा प्रायः कलकत्ताका रेडिमेड सामग्री नै हुन्छन्। मुकेश भन्छन्- 'अघिल्लो वर्ष हेबी इम्ब्रोइडरी चलेको थियो तर यसपालि दुपट्टामा कम्प्युटर इम्ब्रोइडरी गरिएका साडी बढी बिक्री भैरहेका छन्। यसबाहेक बनारसी, बटरफ्लाई, लेहेंगा स्टाइलका साडी, इटालियन प्रिन्टेड सिल्क, सिफन, टिस्यु सिल्क पनि बिक्री भैरहेका छन्। पहिले जामुन, गुलाफी, आकाशे, रानी, सुन्तला रंग धेरै चले पनि यसपटक कालो रंग बढी चलनचल्तीमा रहेको बताउँदै मुकेश भन्छन्- 'सस्तोमा ५ सयदेखि २ हजार र महँगोमा १५ हजारसम्मका साडी बिक्री भैरहेका छन्।'

न्यूरोड शुक्रपथस्थित सम्झना इम्पोरियमकी दीपा श्रेष्ठका अनुसार प्रत्येक दिन ५० हजारसम्मको व्यापार हुन्छ र यो उनको व्यापारमा सामान्य दिनको तुलनामा ५० प्रतिशत बढी हो। आफूकहाँ १२ हजारसम्म पर्ने साडी भए पनि बढी बिक्री हुने ३ हजारदेखि ४ हजार मूल्य पर्ने साडी नै हुन्, दीपा भन्छिन्- यसपालि त नेट र बनारसीभन्दा पनि जर्जेटमा इम्ब्रोइडरी गरिएका साडी बढी भित्रिएका छन्। हिन्दी टेलिसिरियलको प्रभावले गर्दा आफूकहाँ त्यस्तै माग बढी आउने र त्यसैअनुरूप सिसा, जरी, पोते, सितारा, लेस जडेका साडी उपलब्ध गराइदिने उनी बताउँछिन्। सम्भ्रान्त परिवारले दुलहीका लागि ३९ वटासम्म साडी किन्छन्, घटीमा ५ देखि ११ वा १५ वटासम्म बिक्री हुन्छ। त्यसमा ४-५ वटा इम्ब्रोइडरी गरिएका कुर्ता-सुरुवाल पनि राख्ने गरिएको छ।

### श्रृङ्गार र सौभाग्यका सामान

सौभाग्यका प्रतीक मानिने पोते, सिन्दुर, चुरा, धागोबिना त विवाहको कल्पना पनि गर्न सकिँदैन। नारी सौन्दर्यमा यी वस्तुहरूले महत्त्वपूर्ण स्थान ओगट्दै आएका छन्। काश्मिरी बजारका पोते व्यापारी खालिद उदिनका अनुसार रगतजस्तो रातो रंगको लगन पोतेको चलन बढेको छ। यसअघिका वर्षहरूमा गाढा रातो रंगको लगन पोतेको चलन प्रचलित थिए। त्यसबाहेक हरियो छड्के तिलहरी पोते तथा पहेंलो पोतेको पनि अत्यधिक माग छ। २४ देखि ५३ लुङको पोते बढी बिक्री हुने र अचेल विवाहित महिलाहरूले पोतेलाई फेसनका रूपमा लिने गरेको उनले बताए।

काठमाडौंका नेवार समुदायमा त्यति धेरै प्रचलित नरहेको पोतेको प्रयोग अहिले बढ्दो छ। सामान्य दिनको ४ हजारको खालिदको व्यापार अहिले दैनिक १५ हजारसम्म पुग्छ। ६० वर्षदेखि आफ्नो पुर्ख्यौली पेसालाई निरन्तरता दिँदै आएका खालिद युरोपबाट आयातीत जेको ब्रान्डका पोते सधैं प्रचलनमा रहेको बताउँदै भन्छन्- 'अहिले ७० लुङको पाकिस्तानी पोतेको माग पनि बढ्दो छ।' योखाछें गल्लीकी सौन्दर्य प्रसाधन व्यापारी सुमित्रा महर्जनका अनुसार ६ वटा चुरालाई जोडी बनाइएको लाहाको बाला बढी बिक्री भैरहेको छ। काँचको चुरा विवाहमा अनिवार्य भएको बताउँदै महर्जन भन्छिन्- 'एउटै दुलहीका लागि १ हजारदेखि १५ सयसम्मका चुरा र ५ सयसम्मको धागो खरिद गर्छन्।' सौन्दर्य प्रसाधनमा स्टाइलिस श्री इन वान सबै मिसिएका मेकअप बक्स नै धेरै जान्छ। जसको मूल्य दुई हजारदेखि दस हजारसम्म हुन्छ। महालक्ष्मी इम्पेक्सका सुनील भन्छन्- अन्य सौन्दर्य प्रसाधनमा गाजल, स्याडो, कम्प्याक्ट, पालिस, परफ्युम, बडी स्प्रे अत्यावश्यक सामानहरू हुन्। यस्ता सामानहरू दुलहीको इच्छाअनुरूप राख्नु राम्रो हुने उनको सुझाव छ।

### ब्युटीपार्लर

विवाहमा दुलहीको श्रृंगारले विशेष महत्त्व राख्छ। माइतीकै इज्जतका लागि पनि धेरै युवतीहरू ब्युटिसियनकै हातबाट सिँगारिन चाहन्छन्। त्यसैले अघिपछि सुस्ताएका ब्युटीपार्लरहरूलाई लगनको मौसममा भ्याई-नभ्याई हुन्छ। काठमाडौं उपत्यकामा बिनाज, अन्नपूर्ण, सयाम, पल्स, सिन्ड्रेलाजस्ता बेहुली सिंगार्न पोख्त मानिने पार्लरहरू मंसिरदेखि वैशाखसम्मै व्यस्त रहन्छन्। मध्यम तथा उच्च वर्गका विवाह यी ब्युटिसियनबिना पूरा हुँदैनन्। मेकअप गर्दा धेरैजसो बेहुलीहरू पार्लर नै जान्छन्। विवाहको अघिल्लो दिनदेखि बाहिर निस्कन नहुने परम्परामा बाँधिएका र उच्च वर्गका बेहुलीहरू भने ब्युटिसियनहरूलाई दोब्बर दस्तुर तिरेर घरमै बोलाउँछन्। ब्युटिसियन विना वैद्यले बेहुली सिंगार्न थालेको झण्डै ३२ वर्ष भयो। उनी पहिले नेपालमा बस्ने भारतीय नागरिकबाट यो परम्परा भित्रिएको बताउँछिन्। यो सिजनमा राम्रा ब्युटिसियनहरूले दैनिक १० हजारदेखि २५ हजारसम्म कमाउने उनको दाबी छ।

ब्युटिसियनहरूका अनुसार विवाहको अवसरमा गरिने मेकअप विशेष प्रकारको हुन्छ र साधारण बेहुली सिंगार्न कम्तीमा पाँच सय रुपैयाँ लाग्छ। विवाहका लागि आँसुले नपखाल्ने वा धुँदा नबग्ने किसिमको वाटरप्रुफ मेकअप गर्नुपर्ने हुनाले यस्ता मेकअपको बढी पैसा पर्छ। दुलहीको श्रंगार कमसेकम आठदेखि दस घन्टासम्म टिक्ने हुनुपर्छ। विशेष मेकअप गर्दा फेसियल, ब्लिज, मेनिक्योर, पेडिक्योर पनि गर्नुपर्छ। जुन हरेक शीर्षकमा ५ सयका दरले गराउन सकिन्छ। यसको मूल्य साढे ३ हजारदेखि ५ हजारसम्म पर्ने उनीहरू बताउँछन्। कहिलेकाहीँ पैंतीस वर्षभन्दा माथिका युवतीको पनि विवाह भएको अनुभव ब्युटिसियनहरूसँग छ। उनीहरूले थर्मा फेसियन (अनुहार चाउरी पार्न नदिने विशेष मेकअप) समेत गर्छन्। जसको मूल्य उच्च छ। यस्तो अवस्थामा विवाह हुनुभन्दा केही महिना वा केही साताअघि नै छालाको परीक्षण गरी अनुहारको दाग, डण्डीफोर आदिको उपचार गरी अनुहार सुन्दर र नरम बनाउनुपर्छ, अन्यथा विवाहको दिन जति सिंगार गरे पनि प्रभावहीन हुन्छ।

यस्तै विवाहमा दाइजोका रूपमा कोठादेखि भान्साका सामान तथा अन्य सजावटका सामग्रीहरू दिने प्रचलनका कारण फर्निचर व्यवसायीहरू पनि यो बेला लाभान्वित हुन्छन्। विवाहका निम्ति निमन्त्रणा कार्ड पनि अनिवार्य हुन्छ। भनाइ नै छ 'बाजाबिनाको जन्ती त के जन्ती' त्यसैले दुलहाका साथ बाजा र जन्तीको उत्तिकै महत्त्व हुन्छ। विवाहको आधुनिक शैलीसँगै ब्यान्डबाजा पनि निकै लोकप्रिय बन्दै गएको छ। पञ्चैबाजा गाउँघरमा समेत बज्न छाडिसकेको छ। आधुनिकतासँगै पञ्चेबाजाको ठाउँ पुलिस, आर्मी, ब्रास तथा सिंगर ब्यान्डले लिएका छन्।

**– संगीता कटुवाल**

## गहनाको बजार

विवाहसँग प्रत्यक्ष सम्बन्ध राख्ने महत्त्वपूर्ण वस्तु हो– गहना। केही वर्षअघिसम्म विवाहको गहनामा सुन नै अगाडि आउँथ्यो तर अहिले सुनको अस्थिर मूल्यले गर्दा मानिसहरू हीरा, नीलम, रुवी, पन्नाका साथै अन्य विविध स्टोनहरूमा समेत आकर्षित हुँदै गएको गृहना गृह न्यूरोडका महेश श्रेष्ठ बताउँछन्। श्रेष्ठका अनुसार अहिले गहनाको बजार छरिएको अवस्थामा छ। यता सुनको बजार खस्किएको तथा नयाँ सुन किन्नेभन्दा पुरानो सुन बेच्नेहरूको चाँप बढी भएकाले दैनिक १० तोलासम्म सुन १० प्रतिशतसम्म घटाएर लिइने गरेको जयश्री महालक्ष्मी सुन पसलका सञ्चालक शेखर रिजाल बताउँछन्।

यसपटक विवाहका लागि सुनको वेडिङ सेट, नेक्लेस, चोक, मंगलसूत्र, बलचेन, चेन, ब्रासलेट, चुरा, औंठी, तिलहरी, पोतेमाला, पोते पेन्डेन्टमा विविधता त आएको छ तर पनि सुनको उच्च मूल्यले गर्दा ज्याला नै घटाइने गरेको उनको गुनासो छ। रसायन भएको गहनामा १० प्रतिशत घाटा बेहोर्नुपर्ने हुनाले आजभोलिका उपभोक्ताहरू धेरैजसो रसायन नभएका खँदिला गहना नै किन्न रुचाउँछन्। बजारमा चल्तीको सुन ९९ दशमलव ९९ प्रतिशत अर्थात् २४ क्यारेट नै हो र धेरै नेपाली उपभोक्ताहरू यसैको गहना बनाउन रुचाउँछन्।

यस्तै क्यारेट घट्दै गएपछि सुनको शुद्धता पनि कम हुने भएकाले २२ क्यारेटका गहना नेपालीहरू न्यून मात्रामा चलाउँछन्। २२ क्यारेटका गहना ८ प्रतिशत चाँदी र तामा मिश्रण गरी बनाइन्छ। विदेशतिर कम क्यारेटको सुन



कुनै पनि प्रयोजनका लागि बनाउने चलन भए पनि नेपालमा दैनिक प्रयोगका लागि मात्र यस्तो सुन प्रयोग गरिने रिजालको अनुभव छ।

नेपाल सुनचाँदी व्यवसायी संघका अध्यक्ष तेजरत्न शाक्य यसवर्ष विवाहका लगन कम भएकाले बिक्री खासै बढ्न नसकेको बताउँछन्। १७ हजारकै हाराहारीमा सुनको मूल्य स्थिर रहे व्यापारमा केही वृद्धि आउने अनुमान व्यापारीहरूको छ। सुनको दैनिक खपत १५ किलोग्रामबाट हाल १० किलोग्रामसम्म झरेको छ।

पुरानै गहनामा जलप हाल्ने ग्राहकहरूको संख्या करिव ४० प्रतिशत रहेको उनको अनुभव छ। विवाहका लागि ग्राहकले रुचाउने गहना क्रिस्टल र मंगलसूत्र हुन्। तिलहरीको लोकप्रियता पनि कम छैन तर सानो आकारमा। तीस वर्षअघि भने खँदुवा चुरा, चन्द्रहार, असर्फी माला, नौगेडी चल्तीका गहना थिए जसमध्ये चन्द्रहारको फेसन फेरि चल्न थालेको छ।

## टेन्ट हाउस तथा क्याटरिङ



विवाहको मौसममा चम्कने अर्को व्यवसाय हो क्याटरिङ। अहिले व्रतबन्ध, पिकनिकदेखि पूजासम्मलाई त क्याटरिङको आवश्यकता पर्छ भने विवाहका लागि त यो अनिवार्य नै बनेको छ। न त ठाउँको समस्या, न त किनबेचकै, न त काम गर्ने मान्छेको झन्झट हुने भएकाले बढ्दो आधुनिकता, सुखसुविधा तथा पश्चिमेली जीवनशैलीको प्रभावमा परेका विशेषगरी सहरी क्षेत्रका मानिसहरूलाई यसले फाइदा पुऱ्याएको छ।

५५ वर्षअघि स्थापना भएको अनमोल क्याटरिङलाई नेपालको पहिलो तथा सर्वाधिक व्यवसाय गर्ने क्याटरिङ मानिन्छ। यद्यपि अहिले राजधानीमा कति क्याटरिङ सञ्चालनमा छन् भन्ने यकिन तथ्यांक उपलब्ध छैन। राजधानीका गल्लीपिच्छे एउटा न एउटा क्याटरिङ भएको कथन व्यवसायीको छ। विवाहको मौसममा त फुल क्याटरिङ एक दिन पनि खाली नहुने र हाफ क्याटरिङसम्म गरी दिनमा एक दर्जनसम्म भोज गरेको अनुभव उनीहरूसँग छ। मंसिरका लागि कात्तिकदेखि नै आफ्नो क्याटरिङ रिजर्भ भैरहेको र माघका लागि पनि रिजर्भ हुने क्रम सुरु भैसकेको कृष्ण क्याटरिङका सञ्चालक कृष्णभक्त महर्जन बताउँछन्।


एकपटकमा एक हजारसम्मलाई सेवा प्रदान गर्नसक्ने बताउँदै महर्जन भन्छन्- 'यो मौसममा दैनिक एक लाखको व्यापार गर्नु जुनसुकै क्याटरिङका लागि पनि सामान्य कुरा हो। नेपालमा क्याटरिङ व्यवसाय मौसमी पेसाका रूपमा भित्रिए पनि अहिले यो व्यवसाय दिन-प्रतिदिन फस्टाउँदै गएको छ। फुल तथा हाफ क्याटरिङको सेवा उपलब्ध गराउँदै आएका क्याटरिङहरूले प्रतिव्यक्ति १ सय ५० देखि २ सय ५० रुपैयाँसम्ममा खाना ख्वाउँछन्। कृष्ण भन्छन्- 'दुलही पक्षको क्याटरिङ गर्दा विशेषगरी स्टेज, फुल आदिको पनि सजावट गर्नुपर्ने हुन्छ। यदि जग्गे नै उपलब्ध गराउनु छ भने उनीहरूको संस्कृतिअनुसार तयार पारिदिन्छौं तर यसका लागि छुट्टै पैसा तिर्नुपर्छ।

# विश्वकप छनौटको ड्र, इङ्ल्यान्ड र क्रोसिया फेरि भिड्ने

**मनोज घिमिरे**

विश्वकप फुटबल २०१० को छनौटका लागि गरिएको ड्रमा साविक विजेता इटालीले बुल्गेरियाको सामना गर्नुपर्ने भएको छ। युरोपेली राष्ट्रको उक्त ड्रमा समूह आठमा रहेको इटालीले आयरल्यान्ड, साइप्रस, जर्जिया तथा मन्टेनेग्रोसँग खेल्नेछ। युरोपीयन च्याम्पियनसिपमा छनौट हुन असफल इङ्ल्यान्डले भने फेरि एकपटक क्रोसियाको सामना गर्नुपर्नेछ। अन्तिम छनौट खेलमा ३-२ ले पराजित भएर युरोपेली च्याम्पियनसिपमा छनौट हुन नसकेको इङ्ल्यान्डले समूह-६ मा क्रोसियासँगै युक्रेन, बेलारूस, काजकिस्तान तथा एन्डोरासँग खेल्नेछ।

समूह सातमा साविक विजेता फ्रान्ससँगै रोमानिया र सर्विया छन्। लिथुवानिया, अष्ट्रिया र फारो आयरल्यान्ड पनि सोही समूहमा रहेका छन्। तीन पटकको विश्वविजेता जर्मनीले समूह चारमा रूस, फिनल्यान्ड वेल्स, अजरबैजान तथा लिचेस्टाइनसँग खेल्नेछ। यसै गरी युरोपेली च्याम्पियन ग्रिसले समूह दुईमा इजरायल स्वीजरल्यान्ड, माल्डोभा, लाट्भिया र लक्जेमबर्गको सामना गर्नेछ। कठिन रहेको समूह एकमा पोर्चुगलसँगै स्वीडेन, डेनमार्क, हंगेरी, अल्बानिया र माल्टा छन्। चेक गणतन्त्रले समूह तीनमा पोल्यान्ड, उत्तरी आयरल्यान्ड, स्लोभाकिया, स्लोभानिया र सानमारिनोसँग खेल्नेछ। समूह पाँचमा रहेको स्पेनले टर्की, बेल्जियम, बोस्निया हर्जगोभिना, अल्बानिया तथा इस्टोनियासँग प्रतिस्पर्धा गर्नेछ। समूह नौमा रहेको नेदरल्यान्डले स्कटल्यान्ड, नर्वे, मेसोडोनिया र आयरल्यान्डको सामना गर्नेछ।




प्रत्येक समूहमा शीर्ष स्थान पाउने तथा दोस्रो स्थानमा रहने एक उत्कृष्ट टोलीले विश्वकपमा सोझै प्रवेश पाउनेछन्। यसै गरी दोस्रो स्थानमा रहने बाँकी आठमध्ये प्ले अफका आधारमा चार टिमले अन्तिम चरणमा प्रतिस्पर्धा गर्ने अवसर पाउनेछन्।

एसियाको दोस्रो चरणको ड्रमा भने समूह एकमा अस्ट्रेलिया, चीन र इराक छन्। ग्रुप अफ डेथका रूपमा रहेको यो समूहमा कतार पनि छ। समूह दुईमा जापानले बहराइन, थाइल्यान्ड र ओमानसँग खेल्नेछ। समूह तीनमा दक्षिण कोरिया, उत्तर कोरिया, जोर्डन र तुर्केमिनिस्तान छन्। समूह चारमा साउदी अरेबिया, उज्वेकिस्तान, लेवनान र सिंगापुर छन्। पहिलो चरणमा रहेका ४१ मध्ये छानिएका २० राष्ट्रको यो ड्रको अन्तिम समूहमा इरानसँगै कुवेत, संयुक्त अरब इमिरेट्स र सिरिया छन्। पाँचै समूहमा शीर्ष दुई स्थान पाउने १० समूहले तेस्रो चरणको छनौटमा प्रतिस्पर्धा गर्नेछन्। तेस्रो चरणलाई दुई समूहमा विभाजित गरिनेछ भने दुवै समूहमा शीर्ष स्थानमा रहने दुई टिमले विश्वकपमा प्रवेश पाउनेछन्।

उत्तर तथा मध्यअमेरिकी ड्रको पहिलो चरणमा समूह 'ए' मा अमेरिकाले बारबाडोस, डोमोनिक गणतन्त्र र क्युवासँग खेल्नेछ। यसैगरी समूह दुईमा मेक्सिकोले जमैका, होन्डुरस, क्यानाडा र सेन्ट भिसेन्टसँग खेल्नेछ। समूह तीनमा कोस्टारिकासँगै हाइटी, पानामा र गुयना छन्। तीनै समूहका शीर्ष दुई राष्ट्रले अर्को चरणको चरणको छनौट खेल्नेछन्। जहाँबाट छानिएका तीन टिमले विश्वकपमा सोझै प्रवेश पाउनेछन् भने चौथो स्थानमा रहने टिमले दक्षिण अमेरिकी समूहमा पाँचौं स्थानमा रहने टिमसँग प्ले अफ खेल्नेछ।

अफ्रिकी राष्ट्रको पहिलो चरणको ड्रमा नाइजेरिया र दक्षिण अफ्रिकाले समूह चारमा प्रतिस्पर्धा गर्नेछन्। अफ्रिकी नेसन्स कपको छनौटसमेत यसै छनौटका आधारमा हुने भएकाले अन्तिम चरणमा सोझै स्थान पाइसके पनि दक्षिण अफ्रिकाले पहिलो चरणमा सहभागिता जनाएको हो। समूह चारमा यी दुई टिमसँगै इकोटोरियल गुइनिया र सियरा लियोन छन्। समूह एकमा क्यामरुनले कमजोर प्रतिद्वन्द्वी केप भर्डेका टापु, माउरिसस र तान्जानियासँग खेल्नेछ। समूह दुईमा गुइनिया, जिम्बाबे र नामिबिया छन्। समूह तीनमा अंगोला, बेनिन र उगान्डा छन् भने चारमा घाना, लिबिया, लेसोथो र गावोन छन्। समूह छमा सेनेगलले अल्जेरिया, लाइबेरिया र गाम्बीयासँग खेल्नेछ। समूह सातमा आइभोरी कोस्ट, मोजाम्बिक, माडागास्कर र बोत्स्वाना छन्। समूह आठमा मोरक्को इथोपिया, रुवान्डा र माउरिटिनिया छन् भने समूह नौमा ट्युनिसिया, बुर्कीनाफासो, बुरुन्डी र सीचेलेस छन्। समूह १० मा मालीले सुडान, कंगो र चाडसँग खेल्नेछ। समूह ११ मा टोगो जाम्बिया, स्वाजिल्यान्ड र इरिटिया छन्। समूह १२ मा इजिप्ट कंगो, मलावी र जीवाउटी छन्।

यी १२ समूहका विजेता र आठ उत्कृष्ट उपविजेता दोस्रो चरणमा प्रवेश गर्नेछन्। यी २० टिमलाई पाँच समूहमा विभाजित गर्दै हरेक समूहको विजेतालाई अन्तिम चरणमा मौका दिइनेछ। दक्षिण अमेरिकाका १० राष्ट्रबीच भने राउन्डरोबिनका आधारमा खेल भैरहेछ।

# इङ्ल्यान्डबिनाको मिनी वर्ल्डकप



**राजु घिसिङ**

काठमाडौं- युवा स्ट्राइकर अनिल गुरुङ यो साता निकै निराश देखिए। किन त ? मनाङ-मर्स्याङ्दी छाडेर यसै वर्ष न्युरोड टिममा अनुबन्धित अनिल आफ्नो फेवरेट टिम इङ्ल्यान्ड आगामी मिनी वर्ल्डकप अर्थात् युरो कपमा छनौट हुन नसकेकोमा निराश भएका हुन्। अनिल भन्छन्- 'इङ्ल्यान्डबिनाको युरो कप मेरा लागि नुन नहालेको तरकारीबराबर हो।' पाँचौंपल्ट इङ्ल्यान्ड युरो कप खेल्न चुकेकाले नेपालका सबैभन्दा महँगा खेलाडी अनिललाई सबैभन्दा मनपर्ने खेलाडी वायनी रुनी पनि आगामी जून महिनामा स्वीजरल्यान्ड र अस्ट्रियाका विभिन्न आठ सहरका रंगाशालामा उत्रनेछैनन्।

'सबैभन्दा धेरै व्यावसायिक फुटबल खेलाडी र क्लब रहेको देश मिनी वर्ल्डकपबाट बाहिरिनु असमान्य हो,' -इङ्ल्यान्डका प्रशंसक खेल पत्रकार हिमेशरत्न बज्रचार्यले भने। इङ्ल्यान्डको अनुपस्थितिमा हल्यान्डलाई समर्थन गर्ने सोचमा रहेका हिमेश भन्छन्- 'फुटबलको नशामा लिप्त धनाढ्य इङ्लिसहरू अस्ट्रिया र स्वीजरल्यान्ड जानेछैनन्। उनीहरूले यात्रा नगर्दा आयोजकले करोडौं डलर गुमाउनेछन्।' युरो कपले विश्वकै सर्वाधिक लोकप्रिय इङ्लिस प्रिमियर लिगलाई पनि प्रभावित तुल्याउनेछ। प्रिमियर लिगका क्लबहरूलाई धेरै विदेशी खेलाडी खेलाएको आरोपमा इङ्ल्यान्डको असफलताले साथ दिएको छ।


छनौट चरणको समूह 'इ'को अंकतालिकामा क्रोएसिया र रूसपछि तेस्रो स्थानमा रहेकाले इङ्ल्यान्ड आउँदो युरो कपमा नचुनिएको हो। छनौट हुन इङ्ल्यान्डले क्रोएसियाविरुद्धको अन्तिम खेलमा कम्तीमा बराबरीको नतिजा ल्याउनु आवश्यक थियो, तर वेम्बलीमा क्रोएसिया ३-२ ले विजयी भएपछि रूसले युरो कपको टिकट मात्र पाएन, करोडौं इङ्लिस फ्यान पनि निराश भए। स्टारहरूको भीड र कडा समूहमा पर्नु नै इङ्ल्यान्डको दुर्भाग्य भएको हिमेशको बुझाइ छ। अनिल भने प्रभावशाली खेलाडीलाई समयमै मैदानमा नउतारेकाले असफलताको दोष प्रशिक्षक स्टिभ म्याक्लारेनमाथि थोपर्छन्। हारलगत्तै म्याक्लारेनलाई त्यहाँको फुटबल संघले बर्खास्त गरिसकेको छ।

इङ्ल्यान्डले क्रोएसियासँगको होम एन्ड अवे दुवै म्याच हाऱ्यो भने रसियासँग पनि अवे म्याच गुमायो। मेसेडोनिया र इजरायलसँग बराबरीमै रोकियो। उसले छनौट चरणका कुल १२ मध्ये ७ खेल मात्र जित्यो। सन् २०६० सालदेखि चार-चार वर्षको अन्तरमा नियमित आयोजना गरिँदै आएको युरो कपलाई ब्राजिल र अर्जेन्टिनाबिनाको विश्वकप प्रतियोगिता मानिन्छ। एकपल्ट विश्वकप फुटबल च्याम्पियन भैसकेको इङ्ल्यान्ड युरो कपमा भने फाइनलसम्म पनि पुग्न सकेको छैन। पहिलो संस्करणमा सहभागी नभएको इङ्लिस टिमले सन् १९६८ र १९९६ मा सेमी फाइनलको यात्रा गरेको थियो। इङ्ल्यान्डले सन् १९६४, १९७६, १९८४ र योपल्ट गरी ४ पटक छनौट चरण नै पार गर्न सकेन। पछिल्लो युरो कपसहित सन् १९७२ मा क्वार्टरफाइनलबाटै बाहिरिएको बेलायत बाँकी संस्करणमा लिग चरणभन्दा माथि पुग्न सकेन।

इङ्ल्यान्ड मात्र होइन, पूर्वविजेता डेनमार्क, बुल्गेरिया, आयरल्यान्ड, नर्वे, बेल्जियम, सर्विया, स्कटल्यान्ड र युक्रेन पनि छनौट चरणमै रोकिए। ७ देखि २९ जून, २००८ सम्म चल्ने युरो कपमा दुईपल्टको विजेता फ्रान्स तथा पूर्वविजेताहरू इटली, हल्यान्ड, स्पेन तथा रसियाले कडा सङ्घर्षपछि मात्रै टिकट पाए। टर्की, पोर्तुगल पनि अन्तिम खेलपछि मात्रै चुनिए। अन्तिम ३ खेल बाँकी छँदै पोल्यान्ड युरो कप-२००८ मा छनौट हुने पहिलो टिम बनेको थियो। अस्ट्रिया र स्वीजरल्यान्डले आयोजकका नाताले सोझै प्रवेश पाउनेछन्। सर्वाधिक तीन पटकको च्याम्पियन जर्मनी, चेक रिपब्लिक, साविक विजेता ग्रीस, रोमानिया, स्वीडेन तथा क्रोएसियाले भने सजिलै छनौट चरण पार गरे।

## मैदानबाहिर

### टम क्रुज आर्सनलमा



कुनै चर्चित व्यक्तिसँग नाम मिल्यो भने नदेखुन्जेल रमाइलो हुन्छ देखेपछि ए...ए.... भन्न करै लाग्छ। अहिले आर्सनलका समर्थकहरूलाई त्यस्तै भएको छ, क्लबले पहिलो पटक टमस क्रुजलाई रक्षात्मक पंक्तिबाट खेल्नका लागि आफ्नो क्लबमा अनुबन्ध गरेको थियो, तर उनले आफ्नो प्लेइनिङ नेम भने टम क्रुज राखेका थिए। अनुबन्धपछि पहिलो पटक प्लेयर बक्समा बसेका कारण उनका बारेमा खासै चर्चा भएन, तर जब उनको नाम खेलाडीको सूचीमा टम क्रुज भनेर आयो आर्सनलका समर्थकहरूले हलिउडका नायकलाई क्लबले लिएकोमा दङ्ग परे, तर मैदानमा अभिनेता टम क्रुज नभएर फुटबल खेलाडी टम क्रुज देखा परे तब दर्शकले ए... ए... भने, तर पनि उनीहरूले फुटबल खेलाडी टम क्रुजलाई अभिनेता टम क्रुजजत्तिकै अग्ला पाएपछि उचाइ त त्यस्तै रहेछ भनेर सन्तोष व्यक्त गरे।


### टिमकै जुत्ता चोरी

रूस र रोमानियाबीच युरोपियन नेसन कप रग्वी प्रतियोगिता हुने भएपछि दुवै देशका खेलाडीहरूले आफ्नो देशको प्रतिष्ठा जोगाउने लामो तयारी गरेका थिए। रोमानिया आफ्नो गृहमैदानको फाइदा उठाएर प्रतियोगिता जित्न चाहन्थ्यो भने रूस रोमानियालाई आफ्नै भूमिमा पराजित गर्न चाहन्थ्यो। यस क्रममा रूसका रग्वी खेलाडीहरू रोमानिया गए। उनीहरूले प्रतियोगिताका लागि अभ्यास गरेर होटलमा आई रणनीति पनि बनाए। प्रतियोगिताको अघिल्लो रात रोमानियाको राजधानी बुखारेस्टमा अचानक लोडसेडिङ भयो, तर पछि बिजुली आउँदा ९ जना खेलाडीको बुटलगायत उनीहरूले लगाउने जर्सी गायब भएको पाइयो। रूसी टिमका व्यवस्थापकले आफ्ना खेलाडीहरूको खेल सामग्री चोरी भएको जानकारी आयोजकहरूलाई गराए। यो चोरीले आयोजक संघलाई लज्जित मात्र तुल्याएन, उनीहरूले चोरी भएका सामग्रीहरू किनिदिने वचन रूसी अधिकारीहरूलाई दिएर प्रतियोगितामा फर्काउने प्रयास गरे, तर स्थानीय प्रहरीहरूले प्रतियोगिता सकिने बेलासम्म पनि रूसका खेलाडीहरूको बुट-जर्सी आदि कसले चोऱ्यो भन्ने कुरा पत्ता लगाउन सकेनन्।

# सम्पन्न भयो हात्तीपोलो

**प्रवीण दत्त**

चितवन– व्यक्ति-व्यक्तिबीच हुने कुनै पनि खेलले खेलप्रेमीहरूलाई हौस्याउँछ भने जनावर-जनावरबीचको खेल अझ कति रमाइलो हुँदो हो, हामी कल्पना गर्न सक्छौं। यस्तै एउटा खेल हात्तीपोलो वर्षैपिच्छे आयोजना हुन्छ पश्चिम चितवनको पर्यटकीय नगरी मेघौलीमा। मेघौलीमा सुरु हुने चिसो मौसमसँगै स्वदेशी तथा विदेशी पर्यटकहरूको ओइरो लाग्न थाल्छ। वर्षमा एकपटक भए पनि मेघौलीले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहुँच बनाउँछ। नेपालभरिमै जंगल सफारीका लागि प्रख्यात चितवन, त्यसमा पनि अन्तर्राष्ट्रिय मापदण्डको जंगलको होटल टाइगरटप्स भरिभराउ हुन्छ यो मौसममा।



हात्तीमाथि बसेर खेलाडीले माहुतेको सहयोगमा लामो लट्ठीले बललाई गोलपोस्टको नजिक पुऱ्याउँदा उपस्थित दर्शकको हुटिङले खेलाडी मात्र होइन, हात्ती पनि उत्साहित हुन्छन्। सबै किसिमका हात्ती समावेश भए पनि पोलोमा आफ्नो वर्चस्व कायम राख्न सफल हुन्छ फुच्चे हात्ती नै। यस पटक पनि यस्तै दृश्य देखियो। हङकङको चोपार्ड २६ औं हात्तीपोलोको अन्तर्राष्ट्रिय च्याम्पियन बन्न सफल भएको छ। विगत चार वर्षदेखि उपाधि जित्दै आएको स्कटल्यान्डको सिवाज रिगलले यस पटक आफ्नो उपाधि जोगाउन सकेन। सेमिफाइनलसम्म उत्कृष्ट प्रदर्शन गर्दै आएको सिवाजलाई हङकङको चोपार्डले अन्तिम स्पर्धामा ६-४ को अन्तरले हरायो।

गत शुक्रबार सम्पन्न फाइनलमा उपस्थित सयौं देशी-विदेशी दर्शकको मन जित्दै चोपार्डले उपाधि जिती आफु पनि हात्तीपोलोको कडा दाबेदार भएको स्पष्ट पाऱ्यो। धेरै दर्शकले फाइनलमा भिडिरहेका सिवाज रिगल र चोपार्डबीच पाँचौं पटक पनि उपाधि सिवाज रिगलकै पोल्टामा जाला भन्ने अनुमान गरेका थिए तर चोपार्डको ६ गोलले सिवाज रिगलको इतिहासमै परिवर्तन गरिदियो। सिवाज रिगलले सन् २००३ देखि नै लगातार उपाधि जित्दै आएको थियो।

अन्तर्राष्ट्रिय स्तरमा लोकप्रिय हात्तीपोलो विगत २५ वर्षदेखि चितवनको मेघौलीमा आयोजना हुँदै आएको छ। प्रतियोगिताको उद्देश्य अन्तर्राष्ट्रिय स्तरमा नेपालका बारेमा सकारात्मक प्रचार गरी पर्यटक वृद्धि गर्नु रहेको आयोजक क्रिस्टनबहादुर एडवार्डले बताए। प्रतियोगितामा ३ नेपालीसहित १२ टिमको सहभागिता थियो। गत वर्ष सहभागी टिमको संख्या ८ मात्र थियो। खेलमा बढेको सहभागिताले आयोजकलाई हौस्याएको छ। यस पटकको हात्तीपोलोका लागि टाइगर टप्सका ८ तथा चितवन निकुञ्जका १२ वटा हात्ती प्रयोग गरिएको थियो।

# रमेश र राजेश सर्वोत्कृष्ट



तस्बिर: नेपाल स्पोर्टस फोटो डट कम

**राजु घिसिङ**

काठमाडौं- अखिल नेपाल फुटबल संघ (एन्फा)ले यो वर्षको सर्वोत्कृष्ट फुटबल खेलाडीको पुरस्कार रमेश बुढाथोकी तथा राजेश शाहीलाई संयुक्त रूपमा प्रदान गरेको छ। विमान दुर्घटनामा मृत्यु भएका फिफा रेफ्री तथा पूर्व राष्ट्रिय खेलाडी रूपकराज शर्माको सम्झनामा वि.सं.२०५४ सालदेखि प्रदान गरिँदै आएको 'रुपक स्मृति सर्वोत्कृष्ट फुटबल खेलाडी'को पुरस्कार पहिलोपल्ट दुई खेलाडीलाई दिइएको हो। दुवै खेलाडीले एक-एक लाख रुपैयाँ नगद पुरस्कार तथा एक-एकवटा यामाहा मोटरसाइकल प्राप्त गरे।

सात वर्षयता नेपाली राष्ट्रिय टिममा रहेका रमेश नेपाल पुलिस क्लबका भरपर्दो स्ट्राइकर हुन्। खेलाडी जीवनको उत्तरार्द्धमा रहेका नैकाप, काठमाडौंनिवासी ३० वर्षीय रमेश भन्छन्- 'राष्ट्रिय टिमबाट टाढिने सोचमा छु। स्वास्थ्य र शरीरले सकेसम्म पुलिस टिमबाट खेलिरहने छु।' सामाखुसीका २८ वर्षीय राजेश पनि अन्तर्राष्ट्रिय



फुटबलबाट अलग्गिने योजनामा छन्। राजेशले साप्ताहिकसँग भने- 'नयाँ खेलाडीहरूलाई मौका दिनुपर्छ। उनीहरू प्रतिभावान् छन्।' नबिल थ्रीस्टार क्लबमा आबद्ध राजेश मध्यपंक्तिका राम्रा खेलाडी मानिन्छन्।

पुरस्कृत दुवै खेलाडीले दुई-दुईपल्ट सहिद स्मारक लिग उपाधि तथा २०-२० वटाभन्दा धेरै नकआउट फुटबलको उपाधि जितेका छन्। फ्रेन्ड्स क्लब, संकटा क्लब, थ्रीस्टार क्लब हुँदै ०५५ सालमा रमेश पुलिस टिममा प्रवेश गरेका थिए। थ्रीस्टारले ०५४ सालमा सहिद स्मारक लिग जित्दा उनी लिगकै सर्वोत्कृष्ट खेलाडी भएका थिए। गत वर्ष लिग जित्दा तथा यो वर्ष पाकिस्तानमा सम्पन्न एएफसी प्रेसीडेन्ट कपको उपविजेता रहँदा रमेश पुलिस टिमका प्रमुख खेलाडी थिए। रानी पोखरी कर्नर टिम, फ्रेन्ड्स क्लब हँदै ०५५ सालमा मनाङ-मर्स्याङ्दी क्लबबाट खेलेका राजेश दुई वर्षअघिदेखि नबिल थ्रीस्टार क्लबमा आबद्ध छन्।

शुक्रबार एन्फा कम्प्लेक्समा सम्पन्न कार्यक्रममा पहिलोपल्ट रूपक स्मृति विशेष सम्मानबाट फिफा रेफ्री ज्ञानुराजा श्रेष्ठलाई पनि पुरस्कृत गरिएको थियो। पूर्व राष्ट्रिय खेलाडीसमेत रहेका श्रेष्ठलाई नगद १ लाख रुपैयाँ तथा यमाहा मोटरसाइकल प्रदान गरिएको थियो। फिफा रेफ्री श्रेष्ठले स्वदेश तथा विदेशमा ओलम्पिक छनौट, विश्वकप छनौट, एसियन कप छनौटलगायत दर्जनौं अन्तराष्ट्रिय प्रतियोगितामा कुशल रेफ्रीको भूमिका निर्वाह गरिसकेका छन्।

**रुपक स्मृति सर्वोत्कृष्ट फुटबलरहरू**

| | |
|---|---|
| ०५४ | राजु शाक्य |
| ०५५ | उमेश प्रधान |
| ०५६ | मणि शाह |
| ०५७ | दीपक अमात्य |
| ०६० | उपेन्द्रमान सिंह |
| ०६१ | बालगोपाल महर्जन |
| ०६२ | देवनारायण चौधरी |
| ०६३ | हरि खड्का |
| ०६४ | रमेश बुढाथोकी |
| | राजेश शाही |

## ५ प्रश्न

नबिल थ्रीस्टार क्लबका खेलाडी राजेश शाहीलाई घरेलु फुटबलमा मध्यपंक्तिका राम्रा खेलाडी मानिन्छ। स्ट्राइकरहरूलाई बल निकाल्न र पास दिन उनी माहिर छन्। रानी पोखरी कर्नर टिम, फ्रेन्ड्स, मनाङ-मर्स्याङ्दी र नबिल थ्रीस्टार क्लबमा बिताएको १२ वर्षे खेल जीवनमा उनले २ वटा सहिद स्मारक लिग तथा २० वटाभन्दा धेरै नकआउट फुबटलको उपाधि हात पारिसकेका छन्। सन् २००० मा कुवेतविरुद्ध एसियन कप छनौट खेलमा नेपालका निम्ति डेब्यू गरेका २८ वर्षीय राजेशले गत साता रमेश बुढाथोकीसँगै रूपक स्मृति सर्वोत्कृष्ट फुटबल खेलाडीको पुरस्कार हात पारे।



**रूपक स्मृति सर्वोत्कृष्ट फुबटल खेलाडीको पुरस्कार ग्रहण गरेपछि अन्तर्राष्ट्रिय फुबटलबाट संन्यास लिने परम्परा छ। तपाईं पनि संन्यास लिनुहुन्छ ?**

नयाँ नेपाली खेलाडीहरू प्रतिभावान् छन्। उनीहरूले अन्तर्राष्ट्रिय फुबटलमा सफलताको नयाँ इतिहास कोर्न सक्छन्। युवा खेलाडीहरूलाई अवसर दिनुपर्छ। त्यसैले म अब सायद अन्तर्राष्ट्रिय फुबटल खेल्दिनँ। घरेलु फुटबल भने अझै एक-दुई वर्ष खेल्नेछु।

**जुनियर खेलाडीहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा खस्किएको नेपालको छवि सुधार्लान् ?**

पक्कै सुधार्नेछन्। यु-१९, यु-१७ को उमेर समूहमा प्राप्त सफलताले जुनियर खेलाडीहरू प्रतिभावान् भएको पुष्टि गरिसकेको छ। दक्षिण एसियामा उनीहरूले तहल्का मच्चाउनेछन्। जुनसुकै बेला पनि खेल परिवर्तन गर्न सक्ने क्षमता उनीहरूमा छ। पहिले राम्रा खेलाडी खोज्न वर्षौं कुर्नुपर्थ्यो। अहिले प्रत्येक महिना हरि खड्का, वसन्त थापा र उपेन्द्रमान सिंहजस्ता खेलाडीहरू उत्पादन भैरहेका छन्।

**सानै उमेरमा ठूलो सम्मान पाउनुभयो नि ?**

१२ वर्ष फुटबल खेलेको व्यक्तिले पाएको पुरस्कारलाई चाँडै पाएको सफलता भन्न मिल्दैन। नेपालका निम्ति १७ म्याच खेल्ने क्रममा मैले सात वर्ष अन्तराष्ट्रिय फुटबलमा बिताएको छु। मैलेभन्दा धेरै समय फुटबलमा बिताएका दुई-चार खेलाडीले भन्दा चाँडै नै पुरस्कार पाएँ। मैले पुरस्कार पाउने बेला नभएको भने होइन।

**अब खेल्न छाडेर के गर्नुहुन्छ ?**

खेलाडी जीवनबाट संन्यास लिएपछि प्रशिक्षक बन्ने योजनामा छु। नेपालमा अहिले राम्रा प्रशिक्षक दुई-चार जना मात्र छन्। स्तरीय प्रशिक्षक नभएसम्म खेलाडीको स्तर पनि बढ्दैन। चाँडै नै प्रशिक्षक प्रशिक्षण लिनेछु।

**अखिल नेपाल फुटबल संघ (एन्फा) मा चलिरहेको विवादले खेलाडीहरूमा कस्तो असर पारेको छ ?**

आन्दोलन गरेर गेम नै रोक्ने होइन। हामी खेलाडीले खेल्न पाउनुपर्छ। मैले जस्तै सात वर्षमा १७ म्याच खेलेर खेलाडीको स्तर बढ्दैन। धेरैभन्दा धेरै अन्तर्राष्ट्रिय खेल खेल्न पाउनुपर्छ। अहिलेको विवादले फुटबललाई पछाडि धकेल्छ। यो कुरा मनन गर्दै दुवै पक्षले नेपालको फुटबललाई बचाउनुपर्छ।

# राष्ट्रिय साइक्लिङको उपाधि सुरेन्द्र राईलाई




नेपाल साइक्लिङ संघले सबैभन्दा कठिन रुट छानेर आयोजना गरेको आठौं राष्ट्रिय माउन्टेन बाइक रेस सुरेन्द्र राईले जितेका छन्। ३३ किलोमिटर लामो कठोर ट्र्याक पार गर्न उनले १ घण्टा ३४ मिनेट ३४ सेकेनड लगाए। यो रोमाञ्चकारी रेस १ घण्टा ३७ मिनेटमा पूरा गरेर पदम लिम्बू दोस्रा भए भने १ घण्टा ४० मिनेट २२ सेकेन्डमा निर्धारित दूरी पार गरेका असिल केसीले तेस्रो स्थान प्राप्त गरे। विजयी खेलाडीहरूले क्रमशः २०, १५ र १० हजार रुपैयाँ पुरस्कार पाए। यो रेसको ट्र्याक कठिन भए पनि प्राविधिक रूपमा उत्कृष्ट रहेकाले अनुभवी खेलाडीहरू नै हाबी भए।

प्रतियोगितामा मास्टर्स तर्फको उपाधि चन्द्रबहादुर छेत्रीले जिते। काजी शेर्पा दोस्रो र जोस लेविस तेस्रो स्थानमा आए। यसैगरी, क्लारा ओलुवोसले २२ किलोमिटरको दूरी १ घण्टा २६ मिनेट २३ सेकन्डमा पूरा गरेर महिलातर्फको उपाधि जितीन्। १ घण्टा ४० मिनेट ४६ सेकेन्डमा निर्धारित दूरी पार गरेर सीता रिमाल दोस्रो स्थानमा आइन् भने क्यारोलीन कासोलिनाले १ घण्टा ४७ मिनेट २२ सेकेन्डमा रेस सकेर तेस्रो भइन्। विगत आठ वर्षदेखि नेपालको महिला साइक्लिङमा एकल राज गर्दै आएकी निर्जला ताम्राकारको हकमा भने यो प्रतियोगिता बिर्सन लायक रह्यो। बीच बाटोमा साइकलमा प्राविधिक कठिनाइ उत्पन्न भएका कारण उनले कुनै महत्त्वपूर्ण स्थान प्राप्त गर्न सकिनन्।


तयारी समय छोटो भएकाले व्यवस्थापनमा आयोजक पक्ष आफैं असन्तुष्ट रहेको यो च्याम्पियनसिपमा पर्यटन विकासका लागि विदेशी खेलाडीलाई सहभागी बनाइएको हो। यो उद्देश्यमा सफल हुने विश्वास संघले लिएको छ। 'हामीले थुप्रै अन्तर्राष्ट्रिय स्तरका खेलाडीलाई सहभागी गरायौं। यसको उद्देश्य पर्यटन विकास नै हो।' आयोजक कमिटीका संयोजक छिम्मी उर्केन गुरुङले बताए। गुरुङका अनुसार स्थानीय चोभारवासीको सक्रियता यो प्रतियोगिताको अर्को महत्त्वपूर्ण पाटो हो।

यो प्रतियोगिताको सफलतापछि उत्साहित साइक्लिङ संघले यही वर्ष पोखरामा अन्तर्राष्ट्रिय स्तरको साइक्लिङ रेसको आयोजना गर्ने योजना पनि बनाएको छ। प्रतियोगितामा जुनियरतर्फ राजकुमार श्रेष्ठ, राजकुमार नेपाली र राजेश परियारले क्रमशः प्रथम, दोस्रो र तेस्रो उपाधि जिते। श्रेष्ठले २२ किलोमिटर दूरी १ घण्टा १३ मिनेट ४५ सेकेन्डमा पार गरे भने नेपालीले १ घण्टा १४ मिनेट ११ सेकेन्ड र परियारले १ घण्टा १८ मिनेट ११ सेकेन्डमा रेस पूरा गरेका थिए। चोभारको कठिन रुटमा महिला भेट्रान, जुनियर र विदेशी गरी कुल १ सय २५ खेलाडीले प्रतिस्पर्धा गरेको यो रेस निकै रोमाञ्चकारी रह्यो।

## प्रसंग कतिपय



विक्रम राई



'आई होप, यु वान्ट डिस्टर्व मी एनीमोर, थ्यांक्स' लेखिएको सुषको म्यासेज जीपीको मोबाइलमा आएपछि ऊ अस्तिको घटनाक्रम सम्भन बाध्य भयो। भएको के रहेछ भने सुषका केही साथीहरू मोडलिङ गर्दा रहेछन् र सुषले त्यसको टिकट बेच्ने जमर्को गरिछन्। त्यसो भएपछि कम्तीमा पाँचदेखि दसवटा टिकटको जिम्मेवारी जीपीले पाउने नै भयो, तर छठपछि ह्वात्तै बढेको काठमाडौंको ट्राफिकजामले जीपी सुषले बोलाएको ठाउँमा समयमा पुग्न सकेन। फलस्वरूप सुषले जानीजानी जीपीले उसलाई असहयोग गरेको सोचिन्। त्यसको केही दिनपछि भुलक्कड जीपीले 'यू आर लाइक सुगर, सो स्वीट...' भनी म्यासेज पठाएपछि प्रत्युत्तरमा सुषको त्यो म्यासेज आएपछि उसलाई खल्लो लागेको हो। जसरी मैनाको बोली कागले बोल्दैन, त्यसरी नै जीपीको समस्या सुषले बुझ्दिनन्। सुषलाई फकाउन अहिले जीपीलाई धौंधौ परेको छ।

खल्लो लागे पनि साथीको दाइको विवाहको जन्ती जानुपर्ने हुँदा ऊ बाजागाजाका साथ नाच्दै विवाहघरतिर लाग्यो। केटीपक्षको घरको दैलोमा पुग्दा जन्तीको स्वागत गर्नेहरूको लर्कोमा सुषलाई देखेपछि उनीहरूबीच आश्चर्यको साटासाट भयो। सुषकी मामाकी छोरी अर्थात् उनकी दिदी रै'छन्। एकैछिनपछि देखेर पनि नदेखेजस्तो गरी सुषले नजरअन्दाज गर्न थालेपछि जीपीले 'डु नट इगनोर मी, ट्राई टु लिसन' टाइप गरी सुषको मोबाइल नम्बरमा सेन्ट गर्‍यो। बेहुलीको नजिक बसेको बेला उक्त म्यासेज आएपछि सुषले मोबाइल नै अफ गरिन्। बिचरा जीपी सुषलाई कन्भिन्स गर्न नसकेको आवेगमा विवाहभोजमा सरिक नै नभै फर्कने तरखरमा के लागेको थियो, एक्कासि 'ह्याप्पी बर्थडे जीपी' भनेको आवाज उनको कानमा ठोक्किन पुग्यो। टाउको उठाएर हेर्दा त बर्थडे गिफ्टका साथ उसको साथी टीएन उसलाई उठाउँदै रहेछ।

किन बिहानै आएको, आज मेरो बर्थडे हो भनेर तँलाई कसले भन्यो ? -झोक्किँदै ऊ निन्द्राबाट उठ्यो। फ्रेस भएपछि दुवै जना जीपीको उही 'मेड इन इन्डिया बट मोडिफिकेसन इन नेपाल' बाइकमा चढेर कलेजतिर हुइँकिए।

prasangakatipaya@hotmail.com

## नाचे हिप्पी



काठमाडौं- एकै प्रकारको संगीत वा फेसन प्रस्तुत गरिने 'थिम पार्टी'को अवधारणा यहाँका पार्टीका चराहरूले त्यति बुझेका छैनन्। उपत्यकामा 'थिम पार्टी' आयोजित हुन थालेको धेरै भैसकेको छ। थिमलाई मान्नेहरूभन्दा पनि पार्टीमा नाच्ने मनस्थिति बनाएका पार्टीका चराहरूको भीड नै फ्लोरमा धेरै हुने गरेको छ। गत शुक्रबार होटल याक एन्ड यतिस्थित क्लब प्लाटिनमले 'हिप्पी थिम पार्टी'को आयोजना गरेर सत्तरीको दशकमा चर्चामा रहेको 'हिप्पी फेसन'लाई ब्यूँताउने प्रयत्न गर्‍यो। क्लबका सबै कर्मचारी, डिजे, बार टेन्डरहरू सत्तरीको बेलीबटम पाइन्ट र भिल्के सर्ट लगाएर 'हिप्पी' जस्तै भएका थिए भने पार्टीमा सहभागी हुन पुगेकाहरू भने वर्तमान फेसनमै थिए। पार्टीमा पुगेकी एक युवतीसँग सोधियो- 'थिमअनुसारको फेसन किन नगरेको ?' उनले भनिन्- 'कहाँ पाइन्छ र त्यस्तो ड्रेस ? त्यो त आयोजकले नै उपलब्ध गराउनुपर्ने होइन र ?' क्लब प्लाटिनमका व्यवस्थापक नरेश थापाका समक्ष उनको जिज्ञासा राख्दा उनले भने- 'पूरै ड्रेस त दिन सकिन्न, तर त्यतिबेला हिप्पीहरूले लगाउने हरेराम हरेकृष्ण स्कार्फ, रुद्राक्षका माला बाँडेका थियौं।'

साँझ आठ बजे आरम्भ भएको पार्टीमा डिजे तेन्जिङ तथा डिजे रूपेशले बिहानको तीन बजेसम्म हिप्पीहरूले धेरै रुचाएका 'दम मारो दम', 'हरे रामा हरे कृष्णा', 'जयजय शिव शंकर' जस्ता गीत बाह्र हजार वाटको साउन्ड सिस्टमबाट घन्काएका थिए। नाच्नेहरूले हिप्पी फेसन नगरे पनि उनीहरूको नृत्य भने हिप्पी पाराकै थियो।

प्रशान्त तामाङलाई इन्डियन आइडल बनाउन महत्त्वपूर्ण भूमिका खेलेका पूर्वाञ्चलका दर्शकहरू झापाका तारा लक्सम (लिम्बू) लाई नेपाली तारा-२ बनाउन लागिपरेका छन्। सडक, बजार चोक, गल्ली सबै तारामय बनेको छ। जहाँ गयो ताराकै चर्चा छ। क्लोज-अप नेपाली ताराको टप-४ मा पुगेका झिलझिलेका तारालाई साँच्चिकै नेपाली तारा बनाउन मेचीवासीहरू सक्रिय छन्। उनलाई जिताउन ठाउँ-ठाउँमा कन्सर्ट गरिएको छ। तारालाई एसएमएस भोटिङ गर्न स्थानीय शान्ति समाज युवा क्लब दूधेले दसैंमा सांगीतिक कार्यक्रम गरी लाखौं रुपैयाँ संकलन गरेको थियो।

'तारा नेपाली तारा बन्ने कुरामा दुईमत छैन', प्रशान्त तामाङलाई इन्डियन आइडल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका उद्घोषक राजेश घतानी भन्छन्- 'जसरी प्रशान्तलाई इन्डियन आइडल बनायौं, त्यसरी नै तारालाई नेपाली तारा बनाउँछौं।'

तारा गायकमा हुनुपर्ने सम्पूर्ण गुण भएका प्रतिभावान् युवक हुन्। उनको प्रतिभालाई निर्णायकहरूले पनि बारम्बार मुक्त कण्ठले प्रशंसा गरेको पाइन्छ। निर्णायक राम थापा अन्य प्रतियोगीको तुलनामा ताराको स्वर मीठो र खारिएको बताउँछन्। हालैको एक श्रृंखलामा अर्को निर्णायक दीपक जंगमले ताराको स्वरले नेपाली मन छुन सक्ने दाबी गरे। निर्णायकहरूको हौसला र दर्शकको मायाका कारण आफू नेपाली तारा बन्ने कुरामा तारा विश्वस्त छन्। तारा भन्छन्- 'मलाई दर्शकहरूको माया भए पुग्छ।'



प्रत्येक शुक्रबार साँझ समाचारपछि एनटीभीमा प्रसारण हुने नेपाली ताराका लागि शुक्रबार साँझ ८:४५ बजेदेखि बुधबार बिहान १० बजेसम्म भोटिङ लाइन खुला रहन्छ।

**–पर्वत पोर्तेल**

# हङकङमा प्रशान्तलाई चुम्बन

हङकङवासी संगीतप्रेमीहरूका लागि यो साता निकै आनन्ददायक रह्यो। भारतीय टेलिभिजन च्यानलका रियालिटी सोहरूमध्ये सबैभन्दा बढी चर्चामा रहेको कार्यक्रम सारेगामापा तथा इन्डियन आइडलका कलाकारहरूले यसै साता हङकङमा कार्यक्रम प्रस्तुत गरे। २३ नोभेम्बरका दिन क्विन एलिजावेथ स्टेडियम वानचाईमा यस वर्षका इन्डियन आइडल प्रशान्त तामाङसहित अमित पल, चारु र दीपालीले दर्शकहरूलाई पर्याप्त नचाए भने भोलिपल्ट सारेगामापाका सञ्चालक आदित्यनारायण



झासहित इन्डियन आइडलकै कलाकारहरू अभिषेक, परलिन, च्याङ, सृहृद र पूजाले। पहिलो दिनको कार्यक्रम हेर्न युवायुवतीहरू मात्र नभै बालबालिका एवं बूढाबूढीहरूको पनि उल्लेख्य सहभागिता देखिन्थ्यो।

निर्धारित समयभन्दा करिब १५ मिनेट मात्र ढिलो सुरु गरिएको कार्यक्रमको पहिलो प्रस्तुतिस्वरूप 'जब छाए मेरा जादु' भन्दै स्टेजमा उत्रिन् दीपाली र त्यसपछि इन्डियन आइडलकी सुन्दरी प्रतिस्पर्धी चारु सेनवाल, यी दुवैका गीतमा दर्शकहरूले नाचेर साथ दिए पनि हुटिङ भने लगातार प्रशान्तकै नाममा गरेका थिए। चारुपछि प्रशान्तलाई स्टेजमा बोलाइने अनुमान गरिएको भए पनि तेस्रो प्रस्तोताका रूपमा आए अमित पल, उनले हालै नेपाली चलचित्रका लागि रेकर्ड गरेको गीत 'किन तिमीले मलाई यति धेरै माया गर्‍यौ' सहित करिब आधा दर्जन गीत प्रस्तुत गरे। त्यसपछि प्रशान्तलाई स्टेजमा बोलाइयो। सबैले तालीको गडगडाहटसँगै स्टेजमा आँखा लगाइरहेको समयमा दर्शकदीर्घाबाटै गाउँदै उठे प्रशान्त।

तालीको गडगहाट र कोलाहलले पूरै हल गुञ्जायमान हुन पुग्यो, प्रशान्तलाई छुन आतुर सयौं दर्शकबाट स्वयंसेवकहरूले जोगाउँदै उनलाई स्टेजसम्म पुर्‍याए, यसै क्रममा एक अधबैंसे युवतीले भने स्वयंसेवकहरूलाई छलेरै प्रशान्तलाई चुम्बन गर्न भ्याइन्। प्रशान्तले आफ्नो प्रस्तुतिको पहिलो गीतस्वरुप आफ्नै एल्बमको गीत 'जिन्दगी पहले कभी इतनी हसी कहाँ' गाए, त्यसपछि असारै महिनामा, जे भन जसो गर गरी करिब एक दर्जन गीत प्रस्तुत गरे। इन्डियन आइडलको फाइनलदेखि प्रत्येक कार्यक्रममा नेपाली टोपी लगाइएका प्रशान्तलाई हङकङमा पनि दर्शकहरूले टोपी पहिर्‍याइदिए। अमितसँगै गाउने क्रममा सोही टोपी प्रशान्तले उनलाई पनि लगाइदिएका थिए।

कार्यक्रम हुने दिन शुक्रबार हङकङमा नेपाली बस्तीहरू रहेको स्थानका ब्युटिपार्लर र सैलुनहरू निकै व्यस्त रहे, जोर्डनमा नेपलिज हेयर सैलुन सञ्चालन गरिरहेकी टीका गुरुङ बिहान आठ बजेदेखि नै व्यस्त रहिन्। उनको व्यस्तता साँझ साढे छ बजेसम्म कायम रह्यो। त्यस दिन उनले मात्र साठी जना नेपाली युवायुवतीको सिंगारपटार गरिन्, जसमध्ये अधिकांश प्रशान्तकै कार्यक्रमका दर्शक थिए भने अर्कातर्फ त्यसदिन साँझ प्रायः नेपाली रेस्टुराँहरूमा ग्राहकहरू निकै कम आए। जोर्डनमै नाचघर रेस्टुराँ सञ्चालन गरेकी हरिमाया गुरुङले पनि अन्य दिनको तुलनामा त्यस दिन ग्राहक कम रहेको बताइन्।

प्रशान्तको कार्यक्रम भएको भोलिपल्ट सोही स्टेडियममा कार्यक्रम प्रस्तुत गरे आदित्यनारायण झासहित मयाङ च्याङ, अभिषेक, पर्लिन, पुजा चटर्जी र सुहृद गोसाईंले। कार्यक्रमको पहिलो प्रस्तोताका रूपमा स्टेजमा आइन् पूजा चटर्जी, दर्शकहरू खासै तताउन नसकेकी पूजापछि आएका पर्लिन, च्याङ, अभिषेक र सुहृदले भने



दर्शकहरूलाई खुब नचाए। गाउने क्रममा यी गायकहरू पटक-पटक दर्शकसामु पुगी सँगै नाचेका थिए। इन्डियन आइडलका प्रतिस्पर्धीहरूको प्रस्तुतिपछि कार्यक्रम प्रस्तोताले आदित्यनारायणको नाम लिनासाथ हल तालीले गुञ्जायमान भयो। छ जना डान्सरसहित मञ्चमा आएका आदित्यले या अली, मेरे मितवा, हरे राम हरे कृष्ण, ओ पार्टनर आदि चर्चित हिन्दी गीत गाए। अंग्रेजी र हिन्दीमा संवाद गरिरहेका आदित्यलाई दर्शकहरूले नेपालीमै बोल्न र नेपाली गीत गाउन आग्रह गरेका थिए। ठट्टाकै शैलीमा आदित्यले भने– 'मैले नेपाली गीत गाएँ भने पापाले के गाउनुहन्छ ?' तर दर्शकहरूको लगातार आग्रहपछि भने उनले हालै उनकै स्वरमा पुनः रेकर्ड गरिएको चर्चित गीत 'कुसुमे रुमाल' गाएका थिए। आदित्यले अर्को दिन यङ लुङ थिएटरमा पनि कार्यक्रम प्रस्तुत गरे। कार्यक्रम समाप्तिको घोषणासँगै सयौं दर्शक उनको अटोग्राफ लिन र सँगै फोटो खिच्न मञ्चमा पुगेका थिए, तर केही दर्शकले बाहेक अरूले भने आफ्नो इच्छा पूरा गर्न पाएनन्।

**–निर्मल श्रेष्ठ, हङकङ**

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।